# मन्त्रालयगत प्रगति विवरण

प्रदेश सरकार

गण्डकी प्रदेश

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

असार १, २०७७

# प्राक्कथन

प्रदेश सरकार स्थापना भएको दुई आर्थिक वर्ष बितिसकेको छ। अहिले हामी तेस्रो अर्थात चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अन्तिम चरणमा छौं। चालु आर्थिक वर्षको दोस्रो अर्धवार्षिक अवधिको सुरुबाट सुरू भएको विश्वव्यापी कोरोना महामारी र चैत्र महिनाको सुरुबाट लागू गरिएको लकडाउनका कारण मुलुकको सामाजिक-आर्थिक क्षेत्रका साथै सार्वजनिक तथा व्यक्तिगत जनजीवनले असामान्य अवस्थाको सामना गरिरहेको छ। यसबाट सामाजिक जीवन, सार्वजनिक वित्त र राजस्व परिचालनको क्षेत्रमा सोंच्दै नसोंचिएको प्रतिकुल असर पर्न गएको छ। यसका साथै चालु आर्थिक वर्षका विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन तथा सञ्चालनमा ठूलो अवरोध सृजना हुन गएको छ।

विश्वव्यापी कोरोना भाइरसको महामारीले उत्पन्न संकटग्रस्त अर्थतन्त्र तथा असामान्य सामाजिक-आर्थिक अवस्थाका बीच आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम पेश हुँदैछ। नेपालको संविधानको धारा २०७ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्टाइएको खर्चको रकम र खर्च अनुसार लक्ष्य प्राप्ति भए नभएको विवरण पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम गत आर्थिक वर्ष २०७५/७६ को पुरा अवधि र चालु आर्थिक वर्ष २०७६/७७ को वैशाख मसान्तसम्मको विनियोजन र खर्चको अवस्थासमेत समावेश गरी यो प्रगति विवरण तयार गरिएको छ।

विगत वर्षमा प्रदेश सरकारको संरचना, जनशक्ति र अत्यावश्यक कानूनको अभावमा बजेटले लक्ष्य अनुसारको प्रगति हासिल गर्न सकेको थिएन। चालु आर्थिक वर्षमा यी अवरोधहरू सामान्यीकरण हुँदै गर्दा र प्रदेश सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास निर्माणको कार्यले गति लिंदै गर्दा अचानक अकल्पनीय विश्वव्यापी कोरोना महामारीको चपेटामा परेका छौं। यस्तो संकटपूर्ण अवस्थामा एकातिर कोरोना महामारीलाई रोकथाम, नियन्त्रण र संक्रमितहरूको उपचारको प्रभावकारी व्यवस्थापन गर्नु परेको छ भने अर्कोतिर राष्ट्रिय अर्थतन्त्रमा यसले पारेको असर र प्रभाव न्यूनीकरण गर्दै शिथिल भएको अर्थतन्त्र, विकास निर्माण, सेवा प्रवाह र सामाजिक जनजीवनलाई बचाउँने, टिकाउने र पुनः गतिशिल बनाउनुपर्ने दोहोरो प्राथमिक जिम्मेवारी थपिएको छ।

यस प्रगति विवरणमा विषयगत मन्त्रालयहरूको वित्तीय विवरण, सम्पादन भएका कार्य, प्रगति र उपलब्धीहरूको सामान्य विवरण उल्लेख गरिएको छ। प्रदेशको विकास, सुशासन र समृद्धिको लक्ष्य पूरा गरी संघीयताप्रतिको जनताको अपेक्षा पूरा गर्न प्रदेश सरकारका निकायहरूको भूमिका थप गतिशिल र प्रभावकारी हुनुपर्ने देखिन्छ। वार्षिक बजेटमा समावेश आयोजना तथा कार्यक्रमलाई लक्ष्य अनुरुप समयमै सम्पन्न गर्न प्रदेश सरकारको समग्र कार्यप्रणालीमा आवश्यक सुधार गर्नुपर्ने देखिएको छ। कार्यक्रमै पिच्छेका झन्झटिला कार्यविधिहरूलाई एकीकृत कार्यविधि निर्माण गरी कार्यप्रणालीमा सुधार गरेर छिटो छरितो रुपमा नतिजामूलक कार्यसम्पादनमा जोड दिनुपर्ने देखिन्छ। कर्मचारीतन्त्रमा रहेको कार्यगत ढिलासुस्ती, गैरजिम्मेवारीपन, कार्यक्षमता र दक्षताको अभाव तथा कामप्रतिको लगाव र दायित्वबोधको अभाव जस्ता कमीकमजोरी र समस्याहरूलाई कठोरतापूर्वक सुधार गरी अगाडि बढनुपर्ने देखिन्छ।

अन्तमा, यो प्रगति विवरणका लागि आवश्यक विवरण तथा तथ्याङ्क उपलब्ध गराउने विषयगत मन्त्रालय तथा निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**(किरण गुरुङ)**
**मन्त्री**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**

असार १, २०७७

# प्रगति विवरणको सम्बन्धमा

१. प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालय तथा निकायहरूको संक्षिप्त परिचय, गत आर्थिक वर्ष २०७५/७६ को विनियोजन, यथार्थ खर्च र प्रगति, आर्थिक वर्ष २०७६/७७ को विनियोजन ऐनद्वारा मन्त्रालय तथा निकायहरूलाई विनियोजित बजेटको २०७७ वैशाख मसान्तसम्मको खर्चको विवरण र सम्पादन भएका महत्वपूर्ण कार्यहरूको प्रगति विवरण संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

२. प्रस्तुत विवरणमा सम्बन्धित सचिवालय, मन्त्रालय र निकायले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवं सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चका सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्कसमेत प्रस्तुत गरिएको छ।

- आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषयसूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११ |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १९ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४२ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५६ |
| ८. | सामाजिक विकास मन्त्रालय | ८४ |
| ९. | प्रदेश नीति तथा योजना आयोग | १०५ |
| १०. | अनुसूची-१ (आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण) | १११ |
| ११. | अनुसूची-२ (आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण) | ११३ |

# परिच्छेद एक

# प्रदेश सभा सचिवालय

## १.१ पृष्ठभूमि

प्रदेश सभालाई व्यवस्थित तथा प्रभावकारीरूपमा सञ्चालन गर्न सघाउ पुऱ्याउने उद्देश्यले प्रदेश सभा सचिवालय स्थापना भएको हो। सचिवालयले सभाबाट कानून पारित गराउने, प्रमाणीकरणका लागि प्रदेश प्रमुखकोमा पठाउने, प्रदेश सभा र सभाका समितिहरूको सञ्चालनमा सहयोग पुऱ्याई संसदीय अभ्यासलाई मर्यादित एवं व्यवस्थित बनाउने जिम्मेवारी निर्वाह गर्दै आएको छ।

### १.१.१ दूरदृष्टि

विधिको शासन स्थापित गर्न आधार प्रदान गर्ने सक्षम प्रदेश सभा।

### १.१.२ लक्ष्य

छिटो छरितो र गुणस्तरीय कानून निर्माण गर्न प्रदेश सभाको सुदृढीकरण गर्ने।

### १.१.३ उद्देश्य

१. संविधान प्रदत्त प्रदेशको अधिकार क्षेत्रभित्रका विषयसँग सम्बन्धित सम्पूर्ण कानून निर्माण कार्यलाई छिटो, छरितो र गुणस्तरीय बनाउनु,

२. प्रदेश सभालाई सबल, सक्षम र सुदृढ पार्न आवश्यक पूर्वाधार निर्माण गर्नु।

### १.१.४ रणनीति

१. प्रदेश सभा सचिवालयको काम व्यवस्थित तथा मर्यादित बनाउन आवश्यक ऐन कानून तर्जुमा गरी लागू गर्ने,

२. कानून निर्माण कार्यलाई प्रभावकारी पार्न सदन तथा संसदीय समितिहरूमा व्यापक छलफल सहित कानून पारित गर्ने व्यवस्था गर्ने,

३. कर्मचारीको स्थायित्वको लागि क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

## १.२ कार्य जिम्मेवारी

नेपालको संविधान बमोजिम प्रदेश सभालाई तोकिएका काम, कर्तव्य र अधिकार प्रयोग गरी प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थित गर्नु प्रदेश सभा सचिवालयको प्रमुख कार्य हो। प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमका अन्य कार्य समेत सचिवालयले सम्पादन गर्ने गर्दछ।

## १.३ दरबन्दी र पदपूर्ति

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिवालय सचिव | रा.प. प्रथम | प्रदेश सभा | | १ | - | १ |
| २ | उप-सचिव | राप.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | - | २ |
| ३ | उप-सचिव | राप.द्वितीय | कानून | | १ | १ | - |
| ४ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ४ | ३ | १ |
| ५ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | १ | - |
| ६ | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | १ | - |
| ७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | | १ | १ | - |
| ८ | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | ७ | ७ | - |
| ९ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | १ | १ | - |
| १० | माइक संचालक | रा.प.अनं. प्रथम | विविध | | २ | १ | १ |
| ११ | इलेक्ट्रिसियन | रा.प.अनं. प्रथम | इन्जि | इले. | १ | १ | - |
| १२ | सह-लेखापाल | रा.प.अनं. द्वि. | प्रशासन | लेखा | १ | १ | - |
| १३ | मर्यादपालक | प्र.नि | प्रहरी | | १ | १ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | मर्यादपालक | | | | ६ | - | ६ |
| १५ | हसचा | तहविहिन | | | ३ | ३ | - |
| १६ | कास | तहविहिन | | | ३ | ३ | - |
| | | | | जम्मा | ३६ | २५ | ११ |

## १.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

(रु. हजारमा)

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १५०५५६ | ७९०९१ | ५२.५३ |
| २ | पुँजीगत | ४२२७० | ३८२७० | ९०.५४ |
| | **जम्मा** | १९२८२६ | ११७३६१ | ६०.८६ |

## १.५ सम्पादित मुख्य कार्य

यस प्रदेश सभा तथा प्रदेश सभा सचिवालयले हालसम्म सम्पादन गरेका मुख्य कार्य देहाय बमोजिम छन्:

१. हालसम्म ५ वटा प्रदेश सभा अधिवेशन सम्पन्न भएको,

२. हालसम्म ३ वटा नीति तथा कार्यक्रम र ३ वटा बजेट पारित गरेको,

३. हालसम्म ३६ वटा विधेयक पारित गरेको (संशोधन विधेयक समेत) ,

४. प्रदेश राजधानी तोकिएको,

५. प्रदेशको नामकरण गरिएको,

६. मुल गेटदेखि प्रदेश सभा हल सम्मको बाटो कालोपत्रे,

७. प्रदेश सभा सचिवालयको लागि नगर विकास प्रशिक्षणको भवन मर्मत,

८. विभिन्न समितिका सभापति र सचिवालयको लागि आवश्यक सवारी साधन खरिद,

९. प्रदेश सभाहल, समिति, विभिन्न संसदीय दल र सचिवालयका लागि आवश्यक फर्निचर खरिद,

## १.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

(रु. हजारमा)

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १२१४०१ | ८४१३५ | ६९.३० |
| २ | पुँजीगत | ३६६२० | २२४३३ | ६७.४४ |
| | जम्मा | १५८०२१ | १०६५६८ | ६७.४४ |

## १.७ सम्पादित मुख्य कार्य

१. प्रदेश सभाका संसदीय दल र समितिका लागि प्रिफ्याव भवन निर्माण सम्पन्न,

२. पदाधिकारीलाई नियम वमोजिम सवारी सुविधाका लागि सवारी साधन खरिद,

३. प्रदेश सभा सचिवालय परिसरमा क्यान्टिन तथा डाइनिङ्ग हल निर्माण,

४. सभामुख, उप-सभामुख निवासमा सवारी साधन पार्किङ्ग स्थल निर्माण,

५. यूएनडिपीको सहयोगमा भिडियो कन्फेरेन्स हल निर्माण गरी ११ वटा जिल्ला समन्वय समितिसँग सम्पर्क स्थापना।

***

# परिच्छेद दुई

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## २.१ पृष्ठभूमि

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेशको मुख्य प्रशासनिक निकाय हो। प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनका लागि प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीबाट सम्पादन हुने काम कारवाहीको व्यवस्थापन गर्नु, प्रदेशका मन्त्रालय एवं अन्य निकायहरूका बीच आवश्यक समन्वय गर्नु, विधिको शासन र सुशासनलाई संस्थागत गर्न प्रदेशको समग्र शासकीय प्रणालीलाई परिचालन गर्नु यस कार्यालयको मुख्य जिम्मेवारी रही आएको छ। अन्तर प्रदेश परिषद् तथा प्रदेश समन्वय परिषद् जस्ता संस्थागत व्यवस्थाका माध्यमबाट नेपाल सरकार र स्थानीय तहका बीच आवश्यक समन्वय गर्नु पनि यस कार्यालयको महत्वपूर्ण जिम्मेवारी हो।

### २.१.१ दूरदृष्टि

प्रदेशमा नागरिकमैत्री सुशासन कायम गर्ने।

### २.१.२ लक्ष्य

सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई जनताप्रति उत्तरदायी र सुशासनमैत्री बनाउने।

### २.१.३ उद्देश्य

१. प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई विकास र समृद्धि हासिल गर्नु,
२. सदाचार पद्धतिलाई प्रोत्साहन गरी भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्वन गर्नु।

### २.१.४ रणनीति

१. अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेशमा सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने,
२. मन्त्रालय तथा कार्यालयको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र सुदृढीकरण गर्ने,

३. मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने,
४. मानव संशाधन विकासको अवस्था र आवश्यकताको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयन गर्ने,
५. प्रदेशस्तरमा सार्वजनिक सेवा प्रवाहको मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने,
६. विद्युतीय शासन प्रणालीको विकास एवं विस्तार गर्ने।

## २.२ कार्य जिम्मेवारीः

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य,
२. प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
३. प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
४. प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
६. प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण,
७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
८. प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
९. प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक, जानकारी र सम्बोधन,
१०. मानव अधिकारको संरक्षण र प्रवर्द्धन,
११. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
१२. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,
१३. संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,
१४. प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

१५. अन्तर प्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तर-सम्बन्ध, प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

१६. निर्वाचन कार्यमा सहयोग र समन्वय,

१७. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१८. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,

१९. प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

२०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,

२१. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,

२२. गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

## २.३ दरबन्दी र पदपूर्तिः

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख सचिव | प्रशासन | | रा.प.विशिष्ट | १ | १ | - |
| २. | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | २ | १ | १ |
| ३. | प्रदेश सचिव | न्याय | कानून | रा.प.प्रथम | १ | १ | - |
| ४. | अधिकृत | प्रशासन | सा.प्र. | नवौं/दशौं | ७ | - | ७ |
| ५. | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | - | १ |
| ६. | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ८ | ८ | - |
| ७. | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | - |
| ८. | कम्प्युटर अधिकृत | विविध | | सातौं/आठौं | १ | १ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाचौं/छैटौं | १२ | १२ | - |
| १०. | कम्प्युटर अपरेटर/अधिकृत | विविध | | पाचौं/छैटौं | ४ | ४ | - |
| ११. | सह लेखापाल | प्रशासन | लेखा | चौथो | १ | १ | - |
| १२. | हसचा | | | तहविहिन | ६ | ६ | - |
| १३. | कार्यालय सहयोगी | | | तहविहिन | ७ | ७ | - |
| | | | | जम्मा | ५२ | ४३ | ९ |

## २.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

(रु. हजारमा)

| सि.नं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १७३८२३ | ९५८०३ | ५५.१२ |
| २ | पुंजीगत | ८९०५० | ५६३०१ | ६३.२२ |
| | **जम्मा** | **२६२८७३** | **१५२१०४** | **५७.८६** |

## २.५ सम्पादित मुख्य कार्यः

१. प्रदेशमा समायोजन भई आएका कर्मचारीलाई पदस्थापना गरी वेवसाइटमा समेत सार्वजनिक,
२. व्यवस्थापन परीक्षण निर्देशिका तर्जुमा,
३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यको सम्झौता,
४. एक्सन रुम निर्माण,
५. प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना सम्बन्धी ऐन पारित, जग्गाप्राप्तिको प्रक्रिया अगाडि बढेको,
६. प्रदेश लोक सेवा आयोग गठन सम्बन्धी ऐनको मस्यौदा तयार भएको र प्रदेश नीति तथा योजना आयोग गठन भई कार्यसञ्चालनमा रहेको,

७. प्रशासनिक केन्द्र, प्रदेश सभा र सचिवालय, सरकारी आवासका लागि भवन निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराइदिन नेपाल सरकारमा अनुरोध गरिएको,
८. प्रदेश समन्वय परिषद्को बैठकमा प्रदेश विकास मार्गचित्रका सम्बन्धमा छलफल,
९. सूचकाङ्कमा आधारित नियमित र आकस्मिक अनुगमन तथा मूल्याङ्कन,
१०. नियमित र आवश्यकताअनुसार सचिवस्तरीय बैठक सञ्चालन,
११. प्रदेश सरकारले सञ्चालन गरेका आयोजना तथा सेवा प्रवाहका सम्बन्धमा नागरिकको गुनासो सुन्न हेलो मुख्यमन्त्री कक्ष स्थापना र सञ्चालन,
१२. प्रदेशस्तरका कार्यक्रम सञ्चालनका लागि आवश्यक कानून, नियम, नीति, कार्यविधि, मापदण्ड आदि तर्जुमा,
१३. स्याङ्जा, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, बाग्लुङ, पर्वत, म्याग्दी, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)मा स्थानीय तहहरूबीच अन्तर्क्रिया गोष्ठी सम्पन्न।

## २.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरणः

(रु. हजारमा)

| सि.नं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ५३४०४६ | १५३४०६ | २८.७३ |
| २ | पुँजीगत | ८७१२५० | १४२१४ | १.६३ |
| | **जम्मा** | **१३२७७७३** | **१६७६२०** | ११.९३ |

१. संघीय सरकारको सशर्त रकम रु.१ करोड ५८ लाख ८७ हजार नगर विकास प्रशिक्षण केन्द्रबाट कार्यान्वयन भएको,
२. निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमतर्फको रु.७२ करोड भौतिक पूर्वाधार विकास मन्त्रालयलाई अख्तियार दिइएको,
३. ११ वटा जिल्ला समन्वय समितिलाई रु.५ लाखका दरले रु.५५ लाख रकम अख्तियारी प्रदान गरिएको,
४. कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणका लागि भएको लकडाउनबाट प्रभावित व्यक्तिलाई राहत वितरण गर्न प्रति गाउँपालिका रु.५ लाख, प्रति नगरपालिका रु.१० लाख र महानगरलाई रु.१ करोड गरी जम्मा रु.६ करोड ५० लाख अख्तियारी दिइएको।

## २.७ सम्पादित मुख्य कार्यः

१. आधुनिक प्रविधियुक्त विशेष कक्ष (एक्सन रुम) को स्तरोन्नति र सञ्चालन,
२. जनतासँग मुख्यमन्त्री कार्यक्रम नियमित रुपमा सञ्चालन,
३. आन्तरिक पर्यटन प्रर्वद्धन गर्न बिदा पर्यटनको रुपमा कर्मचारीलाई प्रोत्साहन,
४. नेपाल सरकारको आह्वान तथा प्रदेश सरकारको आयोजनामा विभिन्न दिवस तथा समारोह सम्पन्न,
५. प्रदेश समन्वय परिषदको बैठक सञ्चालन,
६. प्रदेश प्रशासन सुधार संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन प्राप्त,
७. नमूना कार्यालय मापदण्ड, २०७६ स्वीकृत भई नमूना कार्यालय छनौट गर्ने काम अन्तिम चरणमा रहेको,
८. विद्युतीय अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको,
९. प्रदेश लोक सेवा आयोग, २०७६ स्वीकृत र कार्यालय स्थापना,
१०. प्रदेश सुशासन ऐन, २०७६ जारी,
११. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्ति गरिएको।

***

# परिच्छेद तीन
# आर्थिक मामिला तथा योजना मन्त्रालय

## ३.१ पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, नीति आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। प्रदेश सञ्चित कोषको सञ्चालन र प्रदेश सरकारको वार्षिक आयव्ययको प्रक्षेपण तथा व्यवस्थापन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्य जिम्मेवारी रही आएको छ। आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय व्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तर सरकारी वित्तीय हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ।

### ३.१.१ दृष्टिकोण

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण।

### ३.१.२ लक्ष्य

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

### ३.१.३ उद्देश्य

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि हासिल गर्नु।

### ३.१.४ रणनीति

१. राजस्वका स्रोतहरूको क्षेत्र पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,

२. आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने,
३. लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रीत गर्दै व्यापक रोजगारीका अवसर सिर्जना गर्ने,
४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,
५. सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उपयोग गर्ने।

## ३.२ कार्य जिम्मेवारीः

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङकन,
७. राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
८. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
९. प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१०. संघीय नीति अनुरूप सहवित्तीयकरण,

११. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
१२. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१३. प्रदेश सञ्चितकोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
१४. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१५. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१६. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१७. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,
१८. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१९. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२०. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
२१. प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
२२. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२३. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
२४. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।

## ३.३ दरबन्दी र पदपूर्ति

### ३.३.१ मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | | रा.प.प्रथम | १ | १ | - |
| २ | उप-सचिव | नेपाल प्रशासन | सा.प्र. | नवौ/दशौं | २ | – | २ |
| ३ | उप-सचिव | नेपाल प्रशासन | राजस्व | नवौ/दशौं | २ | २ | - |
| ४ | अधिकृत | नेपाल प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | ३ | ३ |
| ५ | अधिकृत | नेपाल प्रशासन | राजस्व | सातौं/आठौं | ६ | ३ | ३ |
| ६ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | – |
| ७ | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | १ | १ | – |
| ८ | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा.त. | | सातौं/आठौं | १ | १ | – |
| ९ | कम्प्युटर अधिकृत | नेपाल विविध | | सातौं/आठौं | १ | १ | – |
| १० | कम्प्युटर इन्जिनियर | नेपाल विविध | | सातौं/आठौं | १ | - | १ |
| ११ | अर्थशास्त्री | नेपाल विविध | | सातौं/आठौं | १ | | १ |
| १२ | सहायक/अधिकृत | नेपाल प्रशासन | सा.प्र. | पाँचौं/ छैटौं | ५ | ५ | – |
| १३ | सहायक/अधिकृत | नेपाल प्रशासन | राजस्व | पाँचौं/ छैटौं | ६ | १ | ५ |
| १४ | कम्प्युटर अधिकृत/अपरेटर | नेपाल विविध | | पाँचौं/ छैटौं | ३ | १ | २ |
| १५ | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | चौंथो | १ | १ | – |
| १६ | ह.स.चा. | | | तह विहीन | ४ | ४ | – |
| १७ | कार्यालय सहयोगी | | | तह विहीन | ५ | ५ | – |
| | | | | जम्मा | ४७ | ३० | १७ |

### ३.३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपाल प्रशासन | लेखा | नवौ/दशौं | १ | १ | - | काजबाट पूर्ति |
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | ४ | - | |
| ३ | लेखा | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ३ | १ | |
| ४ | कम्प्युटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | १ | १ | - | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौंथो | ४ | ३ | १ | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | १ | १ | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | - | |
| | | | | जम्मा | २० | १७ | ३ | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत ११ वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। उक्त लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ।

## ३.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

(रू.हजारमा)

| क.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ११३७१४ | ३९८३७ | ३५.०३ |
| २ | पुंजीगत | ४६०२३ | ३३१७८ | ७२.०९ |
| | **जम्मा** | **१५९७३७** | **७३०१५** | **४५.७१** |
| ३ | वित्तीय हस्तान्तरण | १२००००० | १२००००० | १००.०० |
| | **कूल जम्मा** | **१३५९७३७** | **१२७३०१५** | **९३.६२** |

## ३.५ सम्पादित मुख्य कार्यः

१. स्थानीय तहसँग राजस्व बाँडफाँट गर्न विभाज्यकोष खाता सञ्चालन,
२. आर्थिक ऐन र बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेशभित्रका ११ जिल्लाका स्थानीय तहसँग छलफल, अन्तरक्रिया सम्पन्न,
३. स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान र समपूरक अनुदान हस्तान्तरण,
४. स्थानीय तहमा राजस्व बाँडफाँट,
५. कार्यक्रम कार्यान्वयनका लागि विषयगत मन्त्रालयबाट तर्जुमा गरिएका कार्यविधिहरूलाई सुझाव/राय सहित सहमति प्रदान,
६. खर्चको मापदण्ड, २०७५, प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५, प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५, प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७५, कर तथा गैरकर राजस्व परिचालन सम्बन्धी निर्देशिका, २०७५, प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ र बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७५ जारी,
७. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) लागू,
८. रु. २ अर्ब ३७ करोड ९८ लाख २५ हजार आन्तरिक राजस्व संकलन गरिएको।

## ३.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २०९३३१ | ३८९५६ | १८.६१ |
| २ | पुँजीगत | २३३५० | २८८८ | १२.३७ |
| | **जम्मा** | **२३२६८१** | **४१८४४** | **१७.९८** |
| ३ | वित्तीय हस्तान्तरण | २५२६३०१ | ११२५६६३ | ४४.५६ |
| | **कूल जम्मा** | **२७५८९८२** | **११६७५०७** | ४२.३२ |

## ३.७ सम्पादित मुख्य कार्यः

१. समपूरक अनुदान सम्बन्धी कार्यविधि र विशेष अनुदान सम्बन्धी कार्यविधिमा पहिलो संशोधन,

२. आयोजना बैंक स्थापना तथा सञ्चालनका लागि आयोजना बैंक व्यवस्थापन कार्यविधिको मस्यौदा तर्जुमा,

३. उद्यमी, व्यवसायी, पेशाविद् लगायतका जनशक्तिलाई बैंकिङ, बिमा, पुँजीबजार, वित्तीय क्षेत्र, सार्वजनिक वित्त सम्बन्धी आधारभूत तथा विशिष्ट प्रकारका तालिम कार्यक्रमको लागि स्रोत पुस्तिका तयारी,

४. स्याङ्जा, नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी र पोखरामा ८५ वटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी र प्रदेश भित्रका मालपोत कार्यालयका प्रमुख तथा लेखा प्रमुखको उपस्थितिमा राजस्व परिचालन सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न,

५. राजस्वका सम्भावित स्रोतको पहिचान तथा क्षेत्र विस्तार गरी राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व परिचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

६. गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अर्धवार्षिक बजेट समीक्षा गरी प्रकाशित प्रतिवदेन प्रदेश सभामा पेश,

७. युवालक्षित चुनौती कोषको कार्यविधिको मस्यौदा तयार,

८. आन्तरिक राजस्वतर्फ रु.१ अर्ब ६७ करोड ८४ लाख ८३ हजार (लक्ष्यको तुलनामा ५१.२१ प्रतिशत) राजस्व संकलन,

९. अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गतः

   क. सबै स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानवापत विनियोजित रु.१ अर्व ५ करोड हस्तान्तरण,

   ख. समपूरक अनुदानतर्फ २५ वटा स्थानीय तहलाई रु.२३ करोड ४८ लाख विनियोजन गरिएकोमा रु.१० करोड ७४ लाख हस्तान्तरण,

   ग. विशेष अनुदानतर्फ ९ वटा स्थानीय तहलाई रु. ८ करोड ५० लाख विनियोजन भएकोमा रु.४ करोड २५ लाख हस्तान्तरण,

घ. सशर्त अनुदानतर्फ ५१ वटा स्थानीय तहलाई रु.४५ करोड ८० लाख विनियोजन भएकोमा ४६ वटा स्थानीय तहलाई रु.२१ करोड ९९ लाख हस्तान्तरण,

ङ. प्रशासकीय भवन निर्माणका लागि रु. ५० करोड विनियोजन भएकोमा २६ स्थानीय तहलाई रु.१४ करोड ५० लाख अनुदान हस्तान्तरण,

च. समपूरक अनुदानतर्फ ११ स्थानीय तहका क्रमागत आयोजनामा रु. ८ करोड विनियोजन भएकोमा ६ वटा स्थानीय तहले कार्य सम्पन्न गरी रु. १ करोड ९३ लाख हस्तान्तरण,

छ. विशेष अनुदानतर्फ ८ वटा स्थानीय तहका क्रमागत आयोजनामा रु. ५ करोड बजेट विनियोजन भएकोमा ५ वटा स्थानीय तहले कार्य सम्पन्न गरी रु.२ करोड ५० लाख हस्तान्तरण।

## ३.८ अर्थ विविधबाट विभिन्न मन्त्रालय र निकायहरूमा भएको रकमान्तर विवरण

| क्र.सं. | मन्त्रालय/निकाय | रकम |
|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १५१२१९९२ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७७५२३००० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३२४०००० |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १९०००००० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६०४७४८२ |
| ६. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ११५५५३८५० |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८५८१५२९२ |
| ८. | सामाजिक विकास मन्त्रालय | २४९७२७००० |
| ९. | प्रदेश नीति तथा योजना आयोग | ७०००००० |
| १०. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ६४०००० |
| ११. | स्थानीय तहहरू | ६८४९९००० |
| | **जम्मा** | **२१५८१६७६१६** |

***

# परिच्छेद चार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ४.१ पृष्ठभूमि

प्रदेशभित्र शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानून एवं न्याय, प्रदेश सभा मामिला, सूचना तथा सञ्चार जस्ता क्षेत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयको मुख्य कार्य जिम्मेवारी रहेको छ। प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ ले तोकेका कार्यक्षेत्रका विषयमा नीति, कानून तथा मापदण्ड बनाउने, कार्यान्वयन गर्ने र नियमन गर्ने कार्य यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

### ४.१.१ दूरदृष्टि

सुरक्षित प्रदेशको निर्माण।

### ४.१.२ लक्ष्य

प्रदेशमा शान्ति सुरक्षा, अमनचयन र सुशासनको व्यवस्था गर्ने।

### ४.१.३ उद्देश्य

शान्ति सुरक्षा, विधिको शासन, मानव अधिकार र सूचना सञ्चारको विकास गर्नु।

## ४.२ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. प्रदेश सभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी,

७. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धन मा सहयोग।

१०. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरुको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

११. सामुदायिक प्रहरी,

१२. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१३. प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

१५. गुनासो र विपद् व्यवस्थापन,

१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

२०. अन्तरप्रदेश सम्बन्ध,

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

२२. स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय,

२३. पारिवारिक मामला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२४. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र

अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना,

२५. उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

२६. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२७. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापन सम्बन्धी,

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

२९. प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

३२. प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन,

३३. साइवर सुरक्षा अनुगमन,

३४. छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,

३५. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

३६. श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३७. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३८. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

३९. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

४०. चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन।

## ४.३ स्वीकृत दरबन्दी र पदपूर्ति

| क्र.सं | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | | रा.प. प्रथम | १ | १ | - |
| २ | अधिकृत | नेपाल प्रशासन | सामान्य प्रशासन | नवौं/दशौं | २ | १ | १ |
| ३ | उप-सचिव | नेपाल न्याय | कानून | रा.प.द्वितीय | १ | १ | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | अधिकृत | नेपाल प्रशासन | सामान्य प्रशासन | सातौं/आठौं | ६ | ६ | - |
| ५ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | - |
| ६ | कानून अधिकृत | नेपाल न्याय | कानून | रा.प.तृतीय | २ | २ | - |
| ७ | सहायक/ अधिकृत | नेपाल प्रशासन | सामान्य प्रशासन | पाँचौं/छैठौं | ९ | ८ | १ |
| ८ | कम्प्यूटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाँचौं/छैठौं | ४ | १ | ३ |
| ९ | सहायक | नेपाल प्रशासन | सामान्य प्रशासन | चौथो/पाँचौं | १ | १ | - |
| १० | सहायक लेखापाल | नेपाल प्रशासन | लेखा | चौथो/पाँचौं | १ | १ | - |
| ११ | हसचा | नेपाल इन्जिनियरिङ | मेकानिकल | तह विहीन | ४ | ४ | - |
| १२ | कार्यालय सहयोगी | नेपाल प्रशासन | सामान्य प्रशासन | तह विहीन | ६ | ६ | - |
| | | | | जम्मा | ३८ | ३३ | ५ |

## ४.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १६०२५५ | ३७४०४ | २३.३४ |
| २ | पुंजीगत | १७१२५० | २६३९८ | १५.४१ |
| | **जम्मा** | **३३१५०५** | **६३८०२** | **१९.२५** |

## ४.५ सम्पादित मुख्य कार्य

१. प्रदेशको विपद् जोखिमको सम्भावित प्रकोप आँकलन तथा नक्सांकन (Hazard Mapping) गर्ने कार्यको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको,

२. बाग्लुङ्ग, तनहुँ र नवलपुर जिल्लाका विपद् प्रभावित परिवारको लागि राहत स्वरुप रु.१७ लाख ८५ हजार उपलब्ध गराइएको,

३. प्रहरी चौकीका लागि ३५ थान मोटरसाइकल खरिद गरी गण्डकी प्रदेश प्रहरी कार्यालयलाई उपलब्ध गराइएको,

४. मिति २०७५/६/१९ गते पोखरामा सुरक्षा निकायका प्रदेशस्तरीय कार्यालयका प्रमुख, ११ जिल्लाका जिल्ला सुरक्षा समितिका सदस्यको सहभागितामा "शान्ति सुरक्षा र मानव अधिकार" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न,

५. लागू औषध दूर्व्यसन, कानून तर्जुमा, मुलुकी देवानी तथा फौजदारी कार्यविधि, ट्राफिक व्यवस्थापन, विपद् उद्दार तथा व्यवस्थापन विषयमा विभिन्न सचेतना मूलक कार्यक्रम/अन्तर्क्रिया/गोष्ठी सम्पन्न,

६. प्रदेशका सबै कारागार कार्यालयमा भौतिक संरचना सुधार तथा मनोरञ्जन र खेलकुदका सामग्री प्रदान,

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय परिसरको मुख्य प्रवेशद्वारमा वाक-थ्रु गेट जडान,

८. विभिन्न ऐन, नियमावली, गठन आदेश र कार्यविधिमा सैद्धान्तिक राय सहमती उपलब्ध।

## ४.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ३९८२३६ | ५०३४७ | १२.६४ |
| २ | पुँजीगत | २१४७०० | ३१६१७ | १४.७३ |
| | **जम्मा** | **६१२९३६** | **८१९६४** | **१३.३७** |

## ४.७ सम्पादित मुख्य कार्य

### क. विपद् व्यवस्थापन :

१. विपद् सप्ताह अभियान अन्तर्गत देहाय बमोजिमका विपद् व्यवस्थापन सम्बन्धी अभ्यास सम्पन्न,

| क.सं. | अभ्यास | संयोजन | स्थान/मिति | क्रियाकलाप |
|---|---|---|---|---|
| १ | खोचबाट उद्दार | नेपाल प्रहरी | ड्यामसाइड/०७६/०६/२९ | खोचमा फसेको मान्छेको उद्दार |
| २ | अग्नि नियन्त्रण | नेपाली सेना | पृथ्वीचोक/ ०७६/०६/२९ | आगो निभाउन सिकाउने |
| ३ | पनडुब्बी | सशस्त्र प्रहरी | फेवाताल/ ०७६/०६/२९ | पानीमा डुवेको व्यक्तिको उद्दार |
| ४ | सडक दुर्घटना | सबै सुरक्षा निकाय | पृथ्वीचोक/ ०७६/०७/०२ | सडक दुर्घटनाको व्यवस्थापन |

२. विपद् व्यवस्थापन कोषमा रु.१ करोड जम्मा गरिएको। सो कोषबाट रु. १६ लाख १५ हजार विपद् पिडितलाई राहत उपलब्ध गराईएको,

३. खोज तथा उद्दारका लागि आवश्यक पर्ने सामग्री खरिद गरी भण्डारण गरिएको,

४. आर्थिक वर्ष २०७५/७६ को विपद्का घटना विवरणको वार्षिक प्रतिवेदन तयार,

५. शान्ति सुरक्षाको अवस्था, विपद्का घटना र कोभिड-१९ को समन्वय सम्बन्धी दैनिक प्रतिवेदन,

६. क्वारेन्टाइन व्यवस्थापनका लागि प्रदेश गोदाम घरमा रहेको मौज्दातबाट जिल्ला विपद् व्यवस्थापन केन्द्र (CCMC) लाई र प्रदेश स्तरका मन्त्रालयलाई जम्मा ८१ थान पाल उपलब्ध।

### ख . शान्ति सुरक्षाः

१. प्रदेश सुरक्षा समन्वय समितिको ७ वटा बैठक सञ्चालन र निर्णय कार्यान्वयनका लागि समन्वय,

२. सुरक्षा निकायका लागि ४ वटा पिकअप गाडी खरिदका लागि सम्झौता,

३. २०७६ साल फागुन १६ र १७ गते गृह मन्त्रालय र यस मन्त्रालयको संयुक्त आयोजनमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न,

४. भौतिक पूर्वाधार तथा विकास मन्त्रालय मार्फत ३ वटा र गण्डकी प्रदेश प्रहरी कार्यालयमार्फत १२ वटा गरी जम्मा १५ वटा प्रहरी चौकी निर्माण कार्य भईरहेको,

५. गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको प्रिफेव भवन निर्माण कार्य भईरहेको,

६. गण्डकी प्रदेश दंगा नियन्त्रण गण तनहुँको पफ भवन निर्माण कार्य भईरहेको।

## ग. सूचना समन्वय

१. नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशको संचार गतिविधि सम्बन्धमा अन्तर्क्रिया सम्पन्न,

२. मिति २०७६ साउन २८ मा सूचना तथा प्रविधि प्रवर्द्धन गोष्ठी आयोजना,

३. रेडियो नेपालबाट हरेक शनिवार साँझ ५:२५ बजे "गण्डकी सरोकार" नामक कार्यक्रम सञ्चालन भईरहेको,

४. विभिन्न सूचनामूलक सन्देशको जिङ्गल निर्माण,

५. आमसञ्चार विधेयकको मस्यौदा तयार।

## घ . विभिन्न समारोह तथा सचेतना

१. राष्ट्रिय तथा प्रदेशस्तरीय दिवस तथा समारोहको व्यवस्थापन र सञ्चालन,

२. लागू औषध दुर्व्यसनी न्यूनीकरणका लागि सचेतना कार्यक्रम सम्पन्न,

३. सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक व्यवस्थापन सचेतना कार्यक्रम सम्पन्न,

४. स्थानीय विपद् व्यवस्थापन समिति र विपद् उद्धारकर्मीलाई तालिम प्रदान।

## ङ. अख्तियारी प्रदान गरिएका कार्यक्रमको विवरण

**(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रमको नाम | अख्तियारी रकम | अख्तियारी प्रदान गरिएको निकाय |
|---|---|---|---|
| १ | स्थानीय तहमा ईलाका प्रहरी/प्रहरी चौकी निर्माण | ६३१९१ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २ | ईलाका प्रहरी कार्यालयको भवन निर्माण | १६१८०९ | |

| | | | |
|---|---|---|---|
| ३ | प्रदेश प्रहरी तालिम केन्द्रको प्रिफेव भवन निर्माण | ३०००० | गण्डकी प्रदेश प्रहरी कार्यालय |
| ४ | गण्डकी प्रदेश दंगा नियन्त्रण प्रहरी गण, तनहुँको पफ भवन निर्माण | २३७०० | |
| ५ | गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालय, गगनगौंडा, कास्कीको अस्थायी टहरा(फलामे ट्रस निर्माण) | ७०० | |
| ६ | ईलाका प्रहरी कार्यालय, आँबुखैरेनीको थुनुवा कक्ष निर्माण | ५०० | |
| ७ | जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीमा सार्वजनिक निर्माण | ५०० | |
| ८ | सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि सिसिटिभी खरिद तथा जडान, कास्की | ५००० | |
| ९ | तनहुँ जिल्लाभित्र सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि सिसिटिभी खरिद तथा जडान | २५०० | |
| १० | कारागारको भौतिक सुधार तथा स्तरोन्नति, कास्की | १५०० | कारागार कार्यालय, कास्की |
| ११ | कारागारको भौतिक सुधार तथा स्तरोन्नति, तनहुँ | २०० | कारागार कार्यालय, तनहुँ |
| १२ | कारागारको भौतिक सुधार तथा स्तरोन्नति, लमजुङ्ग | ५०० | कारागार कार्यालय, लमजुङ्ग |
| १३ | कारागारको भौतिक सुधार तथा स्तरोन्नति, गोरखा | ३०० | कारागार कार्यालय, गोरखा |
| १४ | कारागारको भौतिक सुधार तथा स्तरोन्नति, पर्वत | १००० | कारागार कार्यालय, पर्वत |

| | | | |
|---|---|---|---|
| १५ | जिल्ला प्रशासन कार्यालय, पर्वत स्थित सुरक्षागार्डको आवास प्रयोजनको लागि कार्यालय परिसरभित्र रहेको ग्यारेज भवनको छतमा ट्रस निर्माण | १४०० | जिल्ला प्रशासन कार्यालय, पर्वत |
| १६ | राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालय, पोखराको भवनको माथिल्लो तल्लामा रहेको ट्रस(छाना) र कार्यालय परिसरमा रहेको प्रतिक्षालय मर्मतसम्भार | १५०० | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १७ | ट्राफिक प्रहरीका लागि उपकरण खरिद (ब्रेथलाईजर) | ४४० | जिल्ला प्रहरी कार्यालय, कास्की |
| १८ | ट्राफिक प्रहरीका लागि उपकरण खरिद (ब्रेथलाईजर) | ११० | जिल्ला प्रहरी कार्यालय, तनहुँ |
| १९ | ट्राफिक प्रहरीका लागि उपकरण खरिद (ब्रेथलाईजर) | ११० | जिल्ला प्रहरी कार्यालय, लमजुङ्ग |
| २० | ट्राफिक प्रहरीका लागि उपकरण खरिद (ब्रेथलाईजर) | २२० | जिल्ला प्रहरी कार्यालय, नवलपुर |
| २१ | सुरक्षा निकायलाई विपद् उद्दार सामग्री खरिद | १००० | सशस्त्र प्रहरी बल ४ नं बाहिनी, पोखरा |
| २२ | सुरक्षा निकायलाई विपद् उद्दार सामग्री खरिद | ५०० | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा |
| २३ | विपद् पूर्व सूचना प्रणाली जडान | १०००० | जल तथा मौसम विज्ञान कार्यालय, पोखरा |
| २४ | सुरक्षा निकायलाई स्वास्थ्य तथा औषधिजन्य सामग्री खरिद | १५०० | पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखरा |
| २५ | सुरक्षा निकायलाई स्वास्थ्य तथा औषधिजन्य सामग्री खरिद | १५०० | सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी, पोखरा |
| २६ | सुरक्षा निकायलाई स्वास्थ्य तथा | १५०० | गण्डकी प्रदेश प्रहरी |

| | | | |
|---|---|---|---|
| | औषधिजन्य सामग्री खरिद | | कार्यालय, पोखरा |
| २७ | बालसुधार गृह स्तरोन्नति कार्यक्रम, कास्की | १००० | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, पोखरा |

जिल्ला प्रशासन कार्यालय एवं सम्पूर्ण सुरक्षा संयन्त्रको परिचालन तथा व्यवस्थापनको सामूहिक प्रयासमा कोरोना भाइरस संक्रमणको प्रभावित जोखिम न्यूनीकरण कार्यका लागि जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराइएको बजेट।

**(रु. हजारमा)**

| सि.न. | कार्यक्रम | कास्की | तनहुँ | स्याङ्जा | पर्वत | बागलुङ | म्याग्दी | लमजुङ | गोरखा | नवलपुर | मनाङ | मुस्ताङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संचार महशुल | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| २ | इन्धन कार्यालय प्रयोजन | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | १०० | १०० |
| ३ | सवारी साधन मर्मत | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १०० | १०० |
| ४ | कार्यालय सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ५ | अनुगमन तथा मुल्याङ्कन | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | १५० | १५० |
| ६ | विविध खर्च | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ५० | ५० |
| | जम्मा | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ५०० | ५०० |

***

# परिच्छेद पाँच

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## ५.१ पृष्ठभूमि

गण्डकी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, सम्वर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना मिति २०७४।१०।२२ मा भएको हो। संविधानको अनुसूचीमा व्यवस्था भएका संघ र प्रदेशको साझा अधिकार, संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार र प्रदेशको एकल अधिकार क्षेत्रका उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य, विज्ञान प्रविधि, वन तथा वातावरणसँग सम्बन्धित विषयमा नीति निर्माण गर्नु, नेपाल सरकार र स्थानीय तह बीच समन्वय र सहकार्य गर्दै प्रदेश समृद्धिका लागि औद्योगिकीरणमा जोड दिनु, पर्यटन क्षेत्रको विकास र विस्तार गरी नयाँ रोजगारीको अवसर सृजना गर्नु, वनको दीगो व्यवस्थापन गरी वातावरण संरक्षणमा जोड दिनुका साथै दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति व्यवस्थापन गर्नु यस मन्त्रालयको प्रमुख कार्य रहेको छ।

### ५.१.१ दूरदृष्टि

प्रदेशको समृद्धिमा उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन, विज्ञान तथा वातावरणका क्षेत्रबाट योगदान पुऱ्याउने।

### ५.१.२ लक्ष्य

उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन, विज्ञान तथा वातावरणका क्षेत्रबाट आर्थिक, समाजिक तथा वातावरणीय विकास गर्ने।

### ५.१.३ उद्देश्य

१. स्थानीय स्रोत र साधनको परिचालन मार्फत उद्योग व्यवसाय प्रवर्द्धन गर्नु,
२. पर्यटकीय पूर्वाधार तथा वस्तु विविधिकरण गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नु,
३. वनको दीगो व्यवस्थापनद्वारा वन पैदावर र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम गर्नु,

४. बजार अनुगमन मार्फत आपूर्ती व्यवस्थालाई सहज र सुलभ बनाउनु,

५. आर्थिक र सामाजिक विकासमा विज्ञान प्रविधिको उपयोग गर्नु।

## ५.२ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. व्यापार, वाणिज्य र बजार प्रतिष्पर्धा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,

३. ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा गर्ने तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय,

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,

८. प्रदेशका कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानून , मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन,

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन,

१५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

१६. उपभोक्ता अदालत गठन र सञ्चालन,

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय,

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,

२१. दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

२४. संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी,

२५. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,

२७. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,

२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता,

२९. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन,

३०. पर्यटक प्रहरी व्यवस्थापन,

३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

३२. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण,

३४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङग्रहालय व्यवस्थापन,

३५. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

३६. जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,

३७. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन,

३८. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग,

४०. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन,

४१. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड,

४२. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन,

४३. प्रदेशभित्र भूस्खलन नियन्त्रण,

४४. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

४५. प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४६. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,

४७. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

४८. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

४९. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,

५०. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

५१. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,
५२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
५३. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,
५४. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,
५५. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,
५६. वृक्षारोपणको लागि दीगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन
५७. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
५८. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,
५९. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
६०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,
६१. वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,
६२. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन।

## ५.३ दरबन्दी र पदपूर्ति

### ५.३.१ मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समुह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | वन | | १ | १ | |
| २ | अधिकृत | नवौ/दशौं | प्रशासन | सा.प्र. | ३ | ३ | |
| ३ | अधिकृत | नवौ/दशौं | वन | | २ | २ | |
| ४ | अधिकृत | सातौं/आठौं | प्रशासन | सा.प्र. | ६ | ६ | |
| ५ | लेखा अधिकृत | सातौं/आठौं | प्रशासन | लेखा | १ | १ | |
| ६ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | कम्प्युटर ईन्जिनियर | सातौं/आठौं | विविध | | १ | - | १ |
| ८ | सहायक वन अधिकृत | सातौं/आठौं | वन | ज.फ. | ३ | ३ | |
| ९ | सहायक भू संरक्षण अधिकृत | सातौं/आठौं | वन | भू संरक्षण | १ | १ | |
| १० | सहायक वनस्पती अधिकृत | सातौं/आठौं | वन | बोटानी | १ | | १ |
| ११ | वातावरण निरीक्षक | सातौं/आठौं | विविध | | १ | - | १ |
| १२ | सहायक/अधिकृत | पाँचौं / छैटौं | प्रशासन | सा.प्र. | ५ | २ | ३ |
| १३ | कम्प्युटर अपरेटर/अधिकृत | पाँचौं / छैटौं | विविध | | १ | - | १ |
| १४ | प्राविधिक सहायक | पाँचौं / छैटौं | वन | ज.फ. | ४ | ३ | १ |
| १५ | प्राविधिक सहायक | पाँचौं / छैटौं | वन | भू संरक्षण | १ | १ | |
| १६ | प्राविधिक सहायक | पाँचौं / छैटौं | वन | बोटानी | १ | | १ |
| १७ | सहायक | चौथो / पाँचौं | प्रशासन | सा.प्र. | २ | २ | |
| १८ | सहायक लेखापाल | चौथो / पाँचौं | प्रशासन | लेखा | १ | १ | |
| १९ | हलुका सवारी चालक | तहविहिन | ईन्जि. | मे.ई. | ४ | ४ | |
| २० | कार्यालय सहयोगी | तहविहिन | प्रशासन | सा.प्र. | ५ | ५ | |
| | | | | **जम्मा** | ४५ | ३६ | ९ |

## ५.३.२ मन्त्रालय र अन्तर्गतका निकायको दरबन्दी र पदपूर्ति विवरण

| क.सं. | कार्यालय | दरबन्दी | पदपूर्ति | जम्मा रिक्त |
|---|---|---|---|---|
| १. | मन्त्रालय | ४५ | ३६ | ९ |
| २. | वन निर्देशनालय | २८ | १९ | ९ |
| ३. | उपभोक्ता हित संरक्षण निर्देशनालय | १४ | ९ | ५ |
| ४. | वन अनुसन्धान केन्द्र | १० | ६ | ४ |

| | | | | |
|---|---|---|---|---|
| ५. | डिभिजन वन कार्यालय मुस्ताङ | १७ | १० | ७ |
| ६. | डिभिजन वन कार्यालय म्याग्दी | ४४ | ३० | १४ |
| ७. | डिभिजन वन कार्यालय वाग्लुङ | ५५ | ३३ | २२ |
| ८. | डिभिजन वन कार्यालय पर्वत | ४५ | ३३ | १२ |
| ९. | डिभिजन वन कार्यालय कास्की | ५० | ४९ | १ |
| १०. | डिभिजन वन कार्यालय स्याङजा | ५५ | ४० | १५ |
| ११. | डिभिजन वन कार्यालय तनहूँ | ६० | ५५ | ५ |
| १२. | डिभिजन वन कार्यालय नवलपुर | ११० | ७० | ४० |
| १३. | डिभिजन वन कार्यालय गोरखा | ५० | ३५ | १५ |
| १४. | डिभिजन वन कार्यालय लमजुङ | ४५ | २५ | २० |
| १५. | डिभिजन वन कार्यालय मनाङ | १७ | १६ | १ |
| १६. | भू तथा जलाधार व्यवस्था तनहूं | १७ | १६ | १ |
| १७. | भू तथा जलाधार व्यवस्था पर्वत | १७ | १२ | ५ |
| १८. | घरेलु तथा साना उद्योग कार्यालय मुस्ताङ | ७ | १ | ६ |
| १९. | घरेलु तथा साना उद्योग कार्यालय म्याग्दी | ७ | १ | ६ |
| २०. | घरेलु तथा साना उद्योग कार्यालय वाग्लुङ | ७ | २ | ५ |
| २१. | घरेलु तथा साना उद्योग कार्यालय पर्वत | ७ | ३ | ४ |
| २२. | घरेलु तथा साना उद्योग कार्यालय कास्की | १७ | ९ | ८ |
| २३. | घरेलु तथा साना उद्योग कार्यालय स्याङजा | ७ | २ | ५ |
| २४. | घरेलु तथा साना उद्योग कार्यालय तनहुँ | ७ | १ | ६ |
| २५. | घरेलु तथा साना उद्योग कार्यालय नवलपुर | ७ | १ | ६ |
| २६. | घरेलु तथा साना उद्योग कार्यालय गोरखा | ७ | १ | ६ |
| २७. | घरेलु तथा साना उद्योग कार्यालय लमजुङ | ७ | १ | ६ |
| २८. | घरेलु तथा साना उद्योग कार्यालय मनाङ | ७ | २ | ५ |
| २९. | पर्यटन कार्यालय पोखरा | १४ | ५ | ९ |
| | **जम्मा** | **७८०** | **५२३** | **२५७** |

## ५.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | ११७७८७० | ११४४३१५ | ९७.१५ |
| २ | पुँजीगत | १३४९६९७ | ५९०५६६ | ४३.७६ |
| | **जम्मा** | **२५२७५६७** | **१७३४८८१** | **६८.६४** |

## ५.५ सम्पादित मुख्य कार्य

१. मन्त्रालय र अन्तर्गतका निर्देशनालय, केन्द्र, प्रतिष्ठान र कार्यालय गरी कुल ३० वटा कार्यालय स्थापना,

२. १ वटा नीति, ३ वटा ऐन, १ वटा निर्देशिका, २ वटा मार्गदर्शन र १० वटा कार्यविधि निर्माण साथै ३ वटा नीति, ७ वटा विधेयक र ३ वटा नियमावलीको मस्यौदा तयार,

३. राजस्व बापत रु.३० करोड ३६ लाख ३३ हजार संकलन तथा समुदायमा आधारित वनको व्यवस्थापनबाट निस्किएका वन पैदावारको बिक्री वितरणबाट समूहलाई रु.४० करोड ५५ लाख २५ हजार आम्दानी,

४. वन पैदावार संकलन र कार्यक्रम कार्यान्वयबाट ६,९१,९९१ श्रम दिन अर्थात २,४७१ जना र वनजन्य उद्यमबाट ५,१९५ जना बराबरको पूर्ण रोजगारी सिर्जना,

५. ३ जिल्लाका उच्च प्रविधियुक्त नर्सरी समेत १३ वटा नर्सरीबाट १३,२३,७५६ विरुवा उत्पादन, ३० वटा नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन, २ हेक्टर अतिक्रमण नियन्त्रण, ३७ वटा उद्यान निर्माण र ६१ वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्य सञ्चालन,

६. निजी र सरकारी वनबाट गरी कुल ११,८१,५९५.९ क्युफिट काठ, १,३२०.४ चट्टा दाउरा र ७९,०९० के.जि. जडीबुटी उत्पादन,

७. मानव–वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि ४,३१३ मिटर ढलानसहितको मेस वायर फेन्सिङ निर्माण, घाइते र समस्याग्रस्त ५८ वटा वन्यजन्तुको उद्धार र रु. ७२ लाख २ हजार रकम राहत स्वरुप वितरण,

८. ५,३४० वटा उद्योग दर्ता, २,७४८ वाणिज्य दर्ता, ४,३१४ वटा उद्योग नवीकरण, ३,६९९ वटा वाणिज्य नवीकरण र १,९७६ वटा उद्योग तथा वाणिज्यको नामसारी ठाँउसारी,
९. सम्भाव्यता अध्ययन अनुसार ४४ वटा स्थानीय तहमा उद्योगग्राम स्थापना गर्न तथा पोखरा महानगरपालिका वडा नं. ३३ पुँडीटार प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाका लागि सम्भावना अध्ययन,
१०. ३० वटा पर्यटकीय होटल, ५२ वटा ट्राभल एजेन्सी, १९ वटा ट्रेकिङ एजेन्सी दर्ता एवं ४० वटा पोर्टर गाइड लाइसेन्स र २४३ वटा ट्रेकिङ गाइड लाइसेन्स वितरण,
११. २७४ वटा होमस्टेहरुलाई पुँजीगत अनुदान वितरण, २ वटा डिपिआर तयारी, ८ वटा गुरुयोजना निर्माण, ५०.३ कि.मि. पदमार्गको निर्माण, मर्मत सम्भार र सौन्दर्यकरण तथा ७३ वटा धार्मिक पर्यटकीय स्थलको मर्मत,
१२. प्रदेशको प्रमुख पर्यटकीय ब्राण्ड “गर्विलो गण्डकी (Glorious Gandaki)” तयार, ११० वटा प्रमुख पर्यटकीय गन्तव्यको सचित्र पुस्तिका प्रकाशन, आन्तरिक पर्यटन वर्ष २०१९ को कार्ययोजना, लोगो तथा नारा अंकित प्रचार सामग्रीको प्रकाशन र वितरण तथा ३११ जना होमस्टे सञ्चालकलाई तालिम प्रदान,
१३. पृथ्वीनारायण क्याम्पसको हाताभित्र रहेको भवनलाई मर्मत गरी विज्ञान तथा प्रविधिको प्रयोगशाला स्थापना कार्य प्रारम्भ।

## ५.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | १३१२९५० | ३७९१२२ | २८.८८ |
| २ | पुँजीगत | ७३४५०४ | ५०४५५ | ६.८७ |
| | जम्मा | २०४७४५४ | ४२९५७ | २०.९८ |

## ५.७ सम्पादित मुख्य कार्यः

### क) संगठन निर्माण तथा कर्मचारी व्यवस्थापन

९ वटा घरेलु तथा साना उद्योग कार्यालय र १ वटा पर्यटन कार्यालय स्थापना भई सञ्चालनमा रहेको।

### ख) नीति तथा कानून निर्माण

१. विज्ञान तथा प्रविधि नीति, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत र वातावरण तथा जलवायु परिवर्तन नीति, २०७६ र पर्यटन नीति, २०७६ को मस्यौदा तयार,

२. वातावरण संरक्षण विधेयक, २०७६ र गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना विधेयक, २०७६ प्रदेशसभामा पेश,

३. ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६ र प्रदेश बजार अनुगमन नियमावली, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत तथा वर, पीपल, समी, चौतारो संरक्षण नियमावलीको मस्यौदा तयार,

४. प्राईभेट फर्म नवीकरण सम्बन्धी मार्गदर्शन, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत,

५. पर्यटन वर्ष २०१९–२०२२ कार्यक्रम सञ्चालन कार्यविधि २०७६, कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६, पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास कार्यविधि, २०७६, होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ र होमस्टे क्षमता अभिवृद्धि सशक्तिकरण तथा पूर्वाधार विकास कार्य सञ्चालन कार्यविधि, २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत।

### ग) उद्योग, वाणिज्य तथा आपूर्ति

१. ५,३११ उद्योग दर्ता, २,०५६ उद्योग नवीकरण, ७,६८९ वाणिज्य दर्ता र ३,०१६ वाणिज्य नवीकरण,

२. बाग्लुङ, म्याग्दी, मुस्ताङ, पर्वत, कास्की, तनहुँ, लम्जुङ, मनाङ, गोरखा र नवलपुरमा मेडपा अन्तर्गतका कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक संस्था छनौट भई सम्झौता,

३. कालो बजारी, मूल्य नियन्त्रण, कृत्रिम अभाव, मिसावट लगायतका कार्यलाई निरुत्साहित गर्न १०० पटक भन्दा बढी बजार अनुगमन तथा निरीक्षण,

४. सम्भाव्यता देखिएका ५१ वटा स्थानीय तहमध्ये २८ वटा स्थानीय तहबाट आवश्यक कागजात प्राप्त गरी औद्योगिक ग्राम घोषणाका लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारिस गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार १५ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा भएको र बाँकी १६ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा हुने प्रक्रियामा रहेका,

५. लोकाहा खोला नवलपुरमा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१०/२९ को निर्णय अनुसार प्रदेश स्तरीय औद्योगिक क्षेत्र स्थापनाको लागि जग्गा उपलब्ध गराईदिन नेपाल सरकार समक्ष अुनरोध गरी पठाइएको,

६. पोखरा महानगरपालिका वडा नं. ३३ पुँडिटारमा निर्माण हुने प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माणका लागि सर्भे नापीको काम भैरहेको,

७. प्रदेश व्यवसाय मञ्चको सञ्चालक समितिको प्रथम बैठक सम्पन्न भई बजेट तथा कार्यक्रम स्वीकृत भएको। मञ्चको सुचारु र सञ्चालनका लागि आवश्यक कोष तथा जनशक्ति व्यवस्थापन कार्यविधिको मस्यौदा तयार।

## घ) पर्यटन प्रवर्द्धन र पूर्वाधार विकास

१. परामर्श सेवा मार्फत पर्यटन गुरुयोजना तयारीको कार्य भईरहेको,

२. होमस्टेको प्रस्ताव माग भई छनौट सम्पन्न,

३. ४४ पर्यटकीय गन्तव्य छनौट भई भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट पूर्वाधार निर्माणको कार्य जारी,

४. ११० प्रमुख पर्यटकीय गन्तव्यको अंग्रेजी भाषामा सचित्र पुस्तीका प्रकाशन,

५. भ्रमण वर्ष २०२० को भव्यतापूर्वक शुभारम्भ,

६. भू तथा जलाधार व्यवस्थापन कार्यालय र पर्यटन कार्यालयबाट प्रदेशका विभिन्न पदमार्गको निर्माण र सौन्दर्यकरण कार्य जारी,

७. प्रदेश नं. १, २, बागमती, गण्डकी र ५ नं. प्रदेशमा ८ दिने पर्यटन सेल्स मिसन सम्पन्न,

८. प्रदेशका सामुदायिक होमस्टेको प्रचारप्रसारका लागि सचित्र र सम्पर्कसहितको होमस्टे दर्पण तयार गरी वितरण,

९. प्रदेश संग्रहालयबाट संग्रहालयसँग सम्बन्धित कार्यक्रमको कार्यान्वयन भइरहेको।

## ङ) वन तथा वातावरण

१. सामुदायिक वनबाट ४३,५९१ क्युफिट र निजी वनबाट ५३,१९३ क्युफिट काठ र ७६ चट्टा दाउरा संकलन,

२. वन क्षेत्र अन्तर्गत वन पैदावार बिक्री वितरणबाट रु. ९ करोड १२ लाख २७ हजार र अन्यबाट रु. २० लाख ८६ हजार गरी जम्मा रु. ९ करोड ३३ लाख १३ हजार राजस्व संकलन,

३. २,०२९.४३ हेक्टर वनमा वैज्ञानिक वन व्यवस्थापनको कार्य जारी रहेको,

४. ५ वटा सःमिल, १०४ वटा फर्निचर र १ वटा जडिबुटी प्रशोधन उद्योग दर्ता गरिएको,

५. ताल प्राधिकरणको कार्यकारी प्रमुख छनौट गरिएको,

६. रामसारमा सूचीकृत तालहरुको संरक्षण र पूर्वाधार विकास कार्य जारी रहेको,

७. वैज्ञानिक वन व्यवस्थापन तालिम, गुगल अर्थ र जिआइएस सम्बन्धी तालिम सम्पन्न,

८. वन डढेलो नियन्त्रण, वन्यजन्तु उद्दार, वन अतिक्रमण नियन्त्रण सम्बन्धी कार्य जारी,

९. एकीकृत जलाधार व्यवस्थापन, सिमसार संरक्षण, गल्छी, पहिरो नियन्त्रण कार्य जारी,

१०. डिभिजन वन कार्यालयहरुमा उच्च प्रविधियुक्त नर्सरी स्थापना, विभिन्न १३ वटा नर्सरी निर्माण तथा मर्मत गरी बिरुवा उत्पादन १६,५०,००० कार्य जारी,

११. जिल्लाहरुमा सडक किनार र शहरी हरियाली प्रवर्द्धन कार्य जारी रहेको,

१२. १ वटा सामुदायिक वन उपभोक्ता समिति गठन गरी समूहमा हस्तान्तरण तथा २८ वटा सामुदायिक वनको कार्ययोजना नवीकरण भएका,

१३. नेपाल सरकारको “स्वच्छ वातावरण महाअभियान” र प्रदेश सरकारको “स्वच्छ वातावरण, स्वस्थ जीवन” अभियानलाई ११ वटै जिल्लामा घनिभूत रुपमा कार्यान्वयन गरिएको,

१४. म्याग्दी, मुस्ताङ, लम्जुङ, मनाङ, पर्वत, बाग्लुङमा जडिबुटी संरक्षण र विकास कार्य जारी रहेको

१५. जिल्लाहरुमा निजी र कृषिवन कार्य जारी रहेको,

१६. प्रदेशभरी नरभक्षी चितुवा नियन्त्रणको प्रयास जारी,

१७. संघीय सरकार तथा प्रदेश सरकारको संयुक्त लगानीका समपूरक अनुदानमा आधारित आयोजना तथा कार्यक्रम र संघीय सरकारको मात्र एकल लगानीमा आधारित विशेष अनुदानमा आधारित आयोजना तथा कार्यक्रमको प्रगति विवरणः

क. १५ वटा स्थानीय तहमा संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको संयुक्त लगानीमा उद्योग ग्राम निर्माण र स्थापनाको कार्य जारी,

ख. फेवा तालको जलाधार संरक्षणका लागि उपल्लो तटीय खोलाहरूमा पोखरा महानगरपालिकासँगको साझेदारीमा सिल्टेसन ड्याम र चेक ड्याम निर्माण कार्य जारी।

***

# परिच्छेद छ
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## ६.१ पृष्ठभूमि

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना २०७४ साल माघ २८ गते भएको हो। प्रदेशको आर्थिक संवृद्धिको लागि भूमिको प्रकृतिको आधारमा उपयोग गर्ने नीति अवलम्वन गरी सहकारी क्षेत्रको परिचालन मार्फत कृषि एवं पशुपन्छीजन्य उत्पादन एवं व्यवसायमा यान्त्रिकीकरण, व्यवसायिकीकरण, बजारीकरणको माध्यमबाट कृषि क्षेत्रको आधुनिकीकरण गर्दै रोजगारीको अवसर तथा पहुँच अभिबृद्धि गरी गरिबी न्यूनीकरणको क्षेत्रमा योगदान पुऱ्याउनु मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ।

### ६.१.१ दूरदृष्टि

वैज्ञानिक भूउपयोग, दीगो कृषि र सहकारीको माध्यमबाट समाजवाद उन्मुख अर्थ व्यवस्था निर्माण।

### ६.१.२ लक्ष्य

खाद्य एवं पोषण सुरक्षाको प्रत्याभूति गर्दै गरिबी न्यूनीकरण एवं प्रदेशको अर्थतन्त्रमा योगदान गर्नु।

### ६.१.३ उद्देश्य

१. भूमिको वैज्ञानिक व्यवस्थापन एवं सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एव पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउनु,

२. सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दीगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउनु,

३. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिस्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्नु,

४. पशुपन्छीपालनमा उन्नत आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एव स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको क्षेत्रका रूपमा विकास गर्नु,

५. समावेशी सिद्धान्तको आधारमा लक्षित वर्गको सशक्तिकरण गरी गरिबी न्यूनीकरण गर्नु।

## ६.२ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

२. कृषि तथा पशुपन्छीजन्य, रोग किरा एवं महामारी नियन्त्रण,

३. कृषि औद्योगिकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,

४. कृषि तथा पशु क्षेत्रमा यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,

५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

६. कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीऊबिजन एवं नश्ल सम्बन्धी र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन,

७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

८. कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्द्धन, विशेषज्ञ सेवा, तथ्याङ्क प्रणालीको व्यस्थापन र स्रोत संरक्षण,

९. कृषि मल, बीऊ र विषादी आपूर्ति व्यवस्था र नियमन,

१०. कृषि, पशु प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,

११. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

१२. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

१३. कृषि बजार, पूर्वाधार र कृषि फार्म र केन्द्रको विकास, विस्तार तथा सञ्चालन,

१४. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

१५. सामूहिक खेती, सहकारी खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,

१६. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१७. कृषिजन्य र पशुपन्छी औषधि, विषादी र सूक्ष्म पोषणयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,

१८. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग वर्गीकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन नियमन,

१९. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,

२०. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२१. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेख व्यवस्थापन,

२२. नाप नक्सा नियन्त्रण र विन्दुको सञ्जाल स्थापना,

२३. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

२४. भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२५. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२६. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,

२७. गुठी तथा जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय,

२८. गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिबी घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,

२९. सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

३०. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड र निर्धारण र नियमन,

३१. सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका तहका संघ संस्थासँग समन्वय र सहकार्य,

३२. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन।

## ६.३ दरबन्दी र पदपूर्ति

### ६.३.१ मन्त्रालयको दरबन्दी र पदपूर्ति

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल कृषि | | १ | १ | ० |
| २ | अधिकृत | नवौं/दशौं | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | १ |
| ३ | वरिष्ठ कृषि विकास अधिकृत | नवौं/दशौं | नेपाल कृषि | एगृ.इको. एण्ड मार्केटिङ्ग | १ | ० | १ |
| ४ | वरिष्ठ कृषि विकास अधिकृत | नवौं/दशौं | नेपाल कृषि | कृषि प्रसार | १ | ० | १ |
| ५ | प्रमुख नापी अधिकृत | नवौं/दशौं | नेपाल इन्जिनियरिङ्ग | सर्भे | १ | १ | ० |
| ६ | वरिष्ठ पशु | नवौं/दशौं | नेपाल कृषि | ला.पो. एण्ड | १ | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास अधिकृत | | | डे.डे. | | | |
| ७ | कृषि अर्थ विज्ञ | सातौं/आठौं | नेपाल कृषि | एगृ.इको. एण्ड मार्केटिङ्ग | ३ | ३ | ० |
| ८ | खाद्य अनुसन्धान अधिकृत | सातौं/आठौं | नेपाल कृषि | खा.पो.गु .नि. | २ | ० | २ |
| ९ | कृषि प्रसार अधिकृत | सातौं/आठौं | नेपाल कृषि | कृषि प्रसार | २ | २ | ० |
| १० | बाली विकास अधिकृत | सातौं/आठौं | नेपाल कृषि | वाली विकास | २ | २ | ० |
| ११ | कम्प्युटर इन्जिनियर | सातौं/आठौं | विविध | | १ | ० | १ |
| १२ | नापी अधिकृत | सातौं/आठौं | नेपाल इन्जिनियरिङ्ग | सर्भे | २ | ० | २ |
| १३ | शाखा अधिकृत | सातौं/आठौं | नेपाल प्रशासन | सामान्य प्रशासन | ८ | ४ | ४ |
| १४ | लेखा अधिकृत | सातौं/आठौं | नेपाल प्रशासन | लेखा | १ | १ | ० |
| १५ | पशु विकास अधिकृत | सातौं/आठौं | नेपाल कृषि | ला.पो .एण्ड डे.डे. | ५ | ३ | २ |
| १६ | पशु चिकित्सक | सातौं/आठौं | नेपाल कृषि | भेटेरीनरी | ४ | २ | २ |
| १७ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | १ | ० |
| १८ | सहायक/अधिकृत | पाँचौं/छैठौं | नेपाल प्रशासन | सामान्य प्रशासन | ७ | ५ | २ |
| १९ | कम्प्युटर अपरेटर/ अधिकृत | पाँचौं/छैठौं | नेपाल विविध | | २ | २ | ० |
| २० | तथ्यांक सहायक | पाँचौं/छैठौं | ने .आ.यो. तथा त. | तथ्यांक | १ | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | प्राविधिक सहायक | पाँचौं/छैठौं | नेपाल कृषि | एग्री .इको. एण्ड मार्केटिङ्ग | २ | १ | १ |
| २२ | प्राविधिक सहायक | पाँचौं/छैठौं | नेपाल कृषि | कृषि प्रसार | २ | २ | ० |
| २३ | प्राविधिक सहायक | पाँचौं/छैठौं | नेपाल कृषि | बागवानी | १ | ० | १ |
| २४ | पशुसेवा प्राविधिक | पाँचौं/छैठौं | नेपाल कृषि | ला.पो. एण्ड डे.डे. | ३ | ३ | ० |
| २५ | पशुस्वास्थ्य प्राविधिक | पाँचौं/छैठौं | नेपाल कृषि | भेटेरीनरी | १ | १ | ० |
| २६ | प्राविधिक सहायक | पाँचौं/छैठौं | नेपाल कृषि | खा.पो.गु .नि. | १ | ० | १ |
| २७ | सर्भेयर | पाँचौं/छैठौं | नेपाल इन्जिनियरिङ्ग | सर्भे | १ | १ | ० |
| २८ | सहायक | चौथो/पाँचौं | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| २९ | सहायक लेखापाल | चौथो/पाँचौं | नेपाल प्रशासन | लेखा | १ | १ | ० |
| ३० | हलुका सवारी चालक | तहविहीन | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल | ६ | ० | ६ |
| ३१ | कार्यालय सहयोगी | तहविहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ | ३ | ३ |
| | | | | **जम्मा** | ७३ | ४३ | ३० |

## ६.३.२ मन्त्रालय अन्तर्गतका निकायको दरवन्दी र पदपूर्ति विवरण

| क्र.सं. | निकायको नाम र ठेगाना | दरवन्दी | पदपुर्ति | रिक्त |
|---|---|---|---|---|
| १. | मन्त्रालय | ७३ | ४३ | ३० |
| २. | कृषि विकास निर्देशनालय, पोखरा, कास्की | ३८ | २५ | १३ |
| ३. | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा, कास्की | १६ | १० | ६ |

| | | | | |
|---|---|---|---|---|
| ४. | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरा | २४ | १५ | ९ |
| ५. | पशु सेवा तालिम केन्द्र, पोखरा, कास्की | १२ | ८ | ४ |
| ६. | माटो तथा मल परीक्षण प्रयोगशाला, पोखरा, कास्की | १२ | १० | २ |
| ७. | बिउ बिजन प्रयोगशाला, पोखरा, कास्की | १० | ६ | ४ |
| ८. | बाली संरक्षण प्रयोगशाला, पोखरा, कास्की | ८ | ५ | ३ |
| ९. | कृषि ज्ञान केन्द्र, गोरखा | १४ | ६ | ८ |
| १०. | कृषि ज्ञान केन्द्र, तनहुँ | १६ | १० | ६ |
| ११. | कृषि ज्ञान केन्द्र, लमजुङ | १६ | ९ | ७ |
| १२. | कृषि ज्ञान केन्द्र, म्याग्दी | १६ | ९ | ७ |
| १३. | कृषि ज्ञान केन्द्र, स्याङ्जा | १७ | १२ | ५ |
| १४. | कृषि ज्ञान केन्द्र, पर्वत | १६ | ११ | ५ |
| १५. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ | १२ | १२ | ० |
| १६. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी | १० | ८ | २ |
| १७. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की | १४ | ११ | ३ |
| १८. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ | १४ | ९ | ५ |
| १९. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा | १० | ८ | २ |
| २०. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा | १० | ७ | ३ |
| २१. | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ | १२ | ६ | ६ |
| २२. | मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा | १० | २ | ८ |
| २३. | प्रजनन् पिंढी बिज कोया स्रोत केन्द्र, बन्दीपुर, तनहुँ | १२ | ६ | ६ |
| २४. | रेशम विकास कार्यक्रम, मालेपाटन, पोखरा | १२ | ६ | ६ |

| | | | | |
|---|---|---|---|---|
| २५. | रेशम विकास कार्यक्रम, वालिङ, स्याङ्जा | १३ | ५ | ८ |
| २६. | सहकारी रजिस्ट्रारको कार्यालय ,पोखरा | १५ (अस्थायी) | - | १५ |
| | जम्मा | ४३२ | २५९ | १७३ |

## ६.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | कार्यालय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ९,५४,४२२ | ५,६५,३०२ | ५९.२३ |
| २ | कृषि विकास निर्देशनालय र मातहतका कार्यालय | १०,०६,२११ | ५,२७,४१४ | ५२.४२ |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालय | ४,२९,८११ | ३,५१,७४६ | ८१.८४ |
| | जम्मा | २३,९०,४४४ | १४,४४,४६२ | ६०.४३ |

## ६.५ सम्पादित मुख्य कार्यः

१. मन्त्रालयको कार्यक्रम सञ्चालन गर्न कृषि, पशुपन्छी तथा मत्स्य विकास र सहकारी सम्बन्धी ५७ वटा कार्यविधि तयार गरी कार्यविधिको सङ्गालो २०७५ प्रकाशन,

२. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषि, पशपुन्छी तथा मत्स्य नमूना (मोडेल) फार्म कार्यमक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत भई माछापालनतर्फ २४ मोडेल फार्म स्थापना गरी २.५ हे. क्षेत्रफलमा माछापालन विस्तार भएको, तरकारी, च्याउ, मौरीपालन, मसलाबाली चिया तथा कफी र फलफूल खेतीमा २८६ वटा मोडेल फार्म विस्तार भएका र पशुपन्छीतर्फ ४२६ वटा मोडेल फार्म विस्तार,

३. चक्लावन्दी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ स्वीकृत भई १२ हे. जमिन चक्लाबन्दी गरी सामूहिक खेती प्रविधि अवलम्वन,

४. सहकारी संस्थाबाट कृषि क्षेत्रमा लगानी बढाउनका लागि चक्लाबन्दीमा आधारित सहकारी/सामूहिक खेती प्रर्वद्धन सहयोग कार्यक्रम ४ वटा क्षेत्रमा (मत्स्यपालन-१, बदाम खेती-१, बाख्रापालन-१ र दूध उत्पादन-१) सञ्चालन,

५. कृषि क्षेत्रमा आधुनिकीकरण गरी लागत न्यूनीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर कार्यक्रम सञ्चालन गर्नुका साथै ५२ वटा कृषक समूह/सहकारीमा कृषि यान्त्रिकीकरण तथा ग्रिन हाउस स्थापनामा सहयोग,

६. प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको भण्डारण गरी उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण तथा बजारीकरणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप पोखरा महानगरपालिकामा २ वटा कोल्ड स्टोर र प्रदेशभरीमा २४ वटा कोल्ड रुम स्थापना। दुग्ध पदार्थ भण्डारण तथा बिक्री वितरणमा सहजताका लागि १७ वटा दुग्ध चिस्यान केन्द्र स्थापना,

७. कृषि तथा पशुपन्छीजन्य उपजको गुणस्तर कायम गर्नका लागि तनहुँको आँबुखैरेनी र स्याङ्जाको राम्दीमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरी विषादी अवशेष मापन कार्य सुरु,

८. कृषि क्षेत्रमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न जलवायु तथा वातावरणमैत्री कृषि प्रविधिको अवलम्बन गर्दै ग्रामीण कृषक समुदायको दीगो खाद्य सुरक्षा सुनिश्चितता गर्ने उदेश्यले ३६ वटा गाउँमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन,

९. प्रदेशस्तरमा पशुजन्य रोग पहिचान, निदान, उपचार र रोकथामका लागि सहज र सरल ढंगबाट सेवा सञ्चालन गर्न ७ वटा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरी प्राविधिक सेवा प्रवाह,

१०. कृषिजन्य रोग तथा किरा पहिचान, निदान र व्यवस्थापनका लागि बाली संरक्षण प्रयोगशाला मार्फत बाली उपचार शिविर सञ्चालन गरी १२४१ कृषक परिवारमा सेवा प्रवाह गरिएको। त्यस्तै माटो तथा मल परीक्षण प्रयोगशाला मार्फत १० स्थानमा माटो परिक्षण शिविर सञ्चालन गरिएको। बीउ विजन प्रयोगशाला मार्फत ३८ हे. मकै बालीको बीउ निरीक्षण गरी २.५ मे. टन मकैको मूल बीउ प्रमाणीकरण तथा १४० वटा बीउ नमूनाको गुणस्तर परीक्षण,

११. प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको बिक्री वितरणमा सहजता ल्याउन, उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्नका लागि कृषितर्फ १४ वटा बिक्री केन्द्र र पशुपन्छीतर्फ ४ वटा सुदृढ बजार केन्द्र स्थापना,

१२. पर्वत जिल्लाको फलेवास नगरपालिकामा कफी प्रशोधन र महाशिला गाउँपालिकामा अलैंची प्रशोधन, बाग्लुङ्ग जिल्लाको काठेखोला गाउँपालिकामा कफी प्रशोधन, कास्की जिल्लाको पोखरा महानगरपालिकामा कफी प्रशोधन र गोरखा जिल्लाको सिरानचोक गाउँपालिकामा टिस्युकल्चर ल्याव स्थापना,

१३. प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप प्राङ्गारिक मल कारखाना स्थापना गर्न दुईवटा मल उत्पादक व्यवसायलाई अनुदान उपलब्ध गराई मल कारखाना सञ्चालनमा ल्याइएको।

१४. स्वस्थ मासु बिक्री वितरण गर्नका लागि पर्वत जिल्लामा १ र कास्की जिल्लामा १ गरी दुईवटा वधशाला निर्माण गरी सञ्चालनमा ल्याइएको साथै ४९ वटा फ्रेसहाउसको स्तरोन्नति,कास्की जिल्लाको स्थानीय तहको सिमाना अध्यावधिक गर्ने कार्य सम्पन्न गरिएको।

१५. मूल्य श्रृंखलामा आधारित कार्यक्रम अन्तर्गत कृषितर्फ विभिन्न बालीमा १६ वटा र पशुपन्छी क्षेत्रतर्फ दूध तथा मासुमा ६ वटा उद्योग सञ्चालन,

१६. विभिन्न विषयका तालिम मार्फत ३६९५ जना कृषक र ९२ जना कृषि प्राविधिकको प्राविधिक ज्ञान, सीप र क्षमता अभिवृद्धि,

१७. संघ तथा प्रदेशबाट प्राप्त कुल बजेट रु. २ अर्ब ३९ करोड ४ लाख ७१ हजार मध्ये रु. १ अर्ब ४६ करोड ७३ लाख २३ हजार खर्च भई ६१.४ प्रतिशत वित्तीय प्रगति र ६६ प्रतिशत भारित प्रगति हासिल।

## ६.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

| **१. बजेट उप शीर्षक नं. प्रदेश सशर्त अनुदान ३१२०१०११ (रु. हजारमा)** | | | | |
|---|---|---|---|---|
| क.सं. | कार्यालयको नाम | विनियोजित वजेट | खर्च | खर्च प्रतिशत |
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ५,८६,९५८ | ६१,९८७ | १०.५६ |

| | | | | |
|---|---|---|---|---|
| २ | कृषि विकास निर्देशनालय र मातहतको जम्मा | ६,५९,१२१ | २,५०,१११ | ५६.६२ |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतको जम्मा | ४,३९,६५७ | १,३६,८९० | ३१.०० |
| | प्रदेशतर्फ कुल जम्मा | १६,८५,७३६ | ४,४८,९८७ | २६.६३ |
| २. बजेट उप शीर्षक नं. ३१२०१०१२ (संघ सशर्त अनुदान) | | | | |
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३,१६४ | १,५२७ | ४८.२७ |
| २ | कृषि विकास निर्देशनालय र मातहतको जम्मा | ७,४१,८८९ | ५४५१० | ७.३० |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतको जम्मा | १०,८३७ | २०१ | १.९० |
| | संघ सशर्ततर्फ कुल जम्मा | ७,५५,९०० | ५२,४५५ | ६.९० |
| | **कुल जम्मा** | **२४,३५,७३६** | **५,०१,४४३** | **२०.५९** |

## ६.७ सम्पादित मुख्य कार्यः

१. गण्डकी प्रदेशको "सहकारी नियमावली, २०७६" जारी,

२. मन्त्रालयको स्वीकृत कार्यक्रम सञ्चालन गर्न यस आर्थिक वर्षमा थप ११ वटा कार्यविधि तर्जुमा,

३. प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयको स्थापना भई सञ्चालनमा आएको,

४. विकासोन्मुख देशका लागि दीगो पशुपालन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (SAADC) को सफलतापूर्वक सहआयोजना गरिएको। ४ दिन सम्म संचालित उक्त सम्मेलनमा २४ देशका २०९ जना अन्तर्राष्ट्रिय सहभागी गरी कुल ४५० सहभागीको सहभागितामा १८६ वटा वैज्ञानिक कार्यपत्र प्रस्तुत भई प्रविधि तथा अनुसन्धानका उपलब्धीको आदान प्रदान भएको,

५. कृषि तथा पशुपन्छी मोडल फार्म सञ्चालन कार्यक्रम अन्तर्गत छनौट भएका ५२० जना अनुदानग्राहीसँग सम्झौता भई मोडल फार्म निर्माणका लागि प्रक्रिया अगाडि बढेको,

६. स्याउ विशेष कार्यक्रम अन्तर्गत उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचा स्थापना गर्न ४१,१३० बिरुवा खरिदका लागि आपूर्तिकर्तासँग सम्झौता गरी बिरुवा आयातको क्रममा रहेको,

७. मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाँउ सञ्चालन कार्यक्रम अन्तर्गत ७२ वटा गाँउको लागि कार्ययोजना स्वीकृति भई सम्झौता बमोजिम कार्य भैरहेको,

८. स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापनका लागि २० वटा स्थानीय तहसँग सम्झौता सम्पन्न भई कार्य प्रक्रिया अगाडि बढेको,

९. पशु नश्ल सुधारका लागि ५७,२३० वटा पशुमा कृत्रिम गर्भाधान गरिएको। उन्नत नश्लको ५५ वटा शुद्ध बोयर बोका खरिदका लागि सम्झौता भई आयातको क्रममा रहेको,

१०. १० वटा दुग्ध चिस्यान केन्द्र स्थापनाका लागि सम्झौता भई कार्य अगाडि बढेको,

११. साना सिंचाई कार्यक्रमका लागि छनौट भएका २८७ कृषकसँग सम्झौता भई सिंचाई प्रणालीको निर्माण तथा मर्मत कार्य जारी रहेको,

१२. प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम अन्तर्गत ४ वटा आवेदन स्वीकृत भई सम्झौता सम्पन्न भएको,

१३. जग्गा चक्लाबन्दी कार्यक्रम अन्तर्गत २,१०० रोपनीका लागि सम्झौता सम्पन्न गरी जग्गा चक्लाबन्दी कार्य अगाडि बढेको,

१४. कृषि तथा पशु सेवा सम्बन्धी तालिम मार्फत २५३ जना कर्मचारी र ४१० जना कृषकलाई तालिम प्रदान गरिएको,

१५. यसै आर्थिक वर्षबाट सञ्चालनमा ल्याइएको द्रुत विषादी परीक्षण प्रयोगशालाबाट तरकारीको १,२२३ वटा नमूना परीक्षण गरिएको,

१६. एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत सम्झौता भएका १० वटा सहकारी संस्थामा कार्यक्रम सञ्चालन भैरहेको,

१७. प्राकृतिक प्रकोप, महामारीजन्य रोग र किराबाट कृषि र पशुपन्छीमा भएको क्षतिका लगि राहत र आकस्मिक माग सम्बोधन कार्यक्रम मार्फत म्याग्दी जिल्लाका असिना पिडित ८५४ कृषकका लागि रु.१ करोड १ लाख ९२ हजार पुनःस्थापना सहयोग स्वीकृत हुनुका साथै कृषि तथा पशुपन्छी क्षेत्रमा प्राकृतिक विपद्बाट पीडित कृषकलाई विभिन्न विधामा पुनःस्थापना सहयोग उपलब्ध गराइएको।

## ६.८. बजेट विनियोजन गरिएका मुख्य मुख्य क्षेत्र/उपक्षेत्र

| क्र सं | बजेट विनियोजनका मुख्य मुख्य क्षेत्र / उपक्षेत्र | आयोजना/कार्यक्रम विवरण |
|---|---|---|
| १ | कृषि | स्याउ विशेष कार्यक्रम |
| | | प्राकृतिक प्रकोप र महामारीजन्य रोग र किराबाट कृषि र पशुपन्छीमा भएको क्षतिका लागि राहत र आकस्मिक माग सम्बोधन कार्यक्रम |
| | | मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना कार्यक्रम |
| | | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि ऋणको व्याजमा अनुदान कार्यक्रम |
| | | साना सिंचाई कार्यक्रम सञ्चालन |
| | | मोडल फर्म सञ्चालन कार्यक्रम |
| | | प्रशोधन केन्द्र तथा टिस्यु कल्चर ल्याव स्थापना सहयोग कार्यक्रम |
| | | स्थानीय तहको साझेदारीमा कोल्ड रुम स्थापना कार्यक्रम |
| | | स्थानीय तहसँगको साझेदारीमा कृषि वजार केन्द्र स्थापना |
| | | प्रयोगशाला सेवा सञ्चालन |
| २ | पशुपन्छी तथा मत्स्य | उन्नत नश्लका बोयर बोका आयात |
| | | वोयर र खरी बाख्रा नश्ल सुधार कार्यक्रम |

| | | |
|---|---|---|
| | | पशुपन्छी तथा मत्स्य पकेट विकास कार्यक्रम |
| | | पशुपन्छी उपज बजार प्रवर्द्धन कार्यक्रम |
| | | पशुपन्छी तथा मत्स्य मोडल फर्म स्थापना तथा सञ्चालन |
| | | उपचार तथा प्रयोगशाला सेवा सञ्चालन |
| ३ | भूमि व्यवस्थापन | जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न अनुदान सहयोग |
| | | स्थानीय तहसँगको सहकार्यमा जग्गा एकीकृत गरी बस्ती विकास कार्यक्रमका लागि अनुदान सहयोग |
| ४ | सहकारी | एक सहकारी एक उत्पादन सहयोग कार्यक्रम |

## ६.९ संघीय सशर्त अनुदानमा संचालित कार्यक्रम

यस आर्थिक वर्षमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि सम्बन्धि पकेट (३२४ वटा) र ब्लक (६१ वटा) विकास कार्यक्रम र प्राङगारिक मिसन कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदानमा रु. ७५ करोड ५९ लाख रुपैंया प्राप्त भएकोमा हालसम्म रु. ५ करोड २४ लाख ५५ हजार खर्च भई ६.९ प्रतिशत वित्तीय प्रगति हासिल भएको।

***

# परिच्छेद सात

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१ पृष्ठभूमि

भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेशस्तरका सडक, पुल, झोलुंगे पुल, खानेपानी, सिंचाई, जलविद्युत, ऊर्जा, भवन, शहरी विकास जस्ता भौतिक पूर्वाधार निर्माणका लागि महत्वपूर्ण मन्त्रालयको रूपमा रहेको छ। प्रदेश र स्थानीय तह बीचको आर्थिक तथा सामाजिक अन्तर सम्बन्धलाई मजबुत बनाउन एक आपसमा सम्पर्क सञ्जाल स्थापना, पहुँच अभिवृद्धि तथा साधन-स्रोत र कार्यसंस्कृतिको आदान प्रदान, सहलगानी र साझेदारीको माध्यमबाट आवद्ध गर्नुपर्ने हुन्छ। यसका लागि प्रदेश भित्रका पूर्वाधारमा ठूलो मात्रामा लगानी गरी योजनाबद्ध ढङ्गले कार्य गर्नु आवश्यक छ।

लगानीको उचित व्यवस्थापन गरी उच्चतम उपलब्धीको सुनिश्चितता गर्दै स्थानीय तहको केन्द्रलाई आर्थिक सामाजिक क्रियाकलापमा अभिबृद्धि गर्न प्रदेश राजधानीसँग जोडने सडक सञ्जाल निर्माण र स्तरोन्नति गर्नु यस मन्त्रालयको पहिलो कार्य रहेको छ। आधारभूत खानेपानी सेवा सबैलाई पुर्याई गुणस्तरीय खानेपानी र सरसफाई सुविधा अभिवृद्धि गर्ने र प्रदेशभर विद्युत सुविधा उपलब्ध गराउने, कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुर्‍याउने, बाढी र पहिरोजन्य प्रकोपबाट जोखिमयुक्त स्थान पहिचान गरी तटबन्ध र संरक्षण संरचना बनाई प्रकोप रोकथाम गर्ने, खेल मैदान र सम्मेलन केन्द्रको निर्माण गर्ने, अत्याधुनिक अस्पतालको निर्माण गर्ने, स्याटलाइट सिटी तथा शहरी विकास जस्ता क्षेत्रमा केन्द्रित हुँदै आर्थिक-सामाजिक गतिबिधि र रोजगारी वृद्धि गर्ने क्षेत्रमा मन्त्रालयले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ।

पूर्वाधार विकास आयोजना लागत किफायती, गुणस्तर युक्त र पारदर्शी रुपमा निर्धारित समयमै निर्माण सम्पन्न गरी प्रक्षेपित प्रतिफल दीगो रुपमा सुनिश्चित गर्न माग र आवश्यकतामा आधारित तथा कार्यान्वयन योग्य आयोजना छनौट गर्दै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको थालनी गर्नु तथा तिनको आवधिक मर्मत-सम्भार तथा दीगो व्यवस्थापन गर्न आवश्यक देखिन्छ।

### ७.१.१ दूरदृष्टि

सबल भौतिक पूर्वाधार, आर्थिक-सामाजिक समृद्धिको आधार।

### ७.१.२ लक्ष्य

१. प्रादेशिक सडक सञ्जाल निर्माण,
२. सडक-पुल, झोलुंगे-पुल निर्माण,
३. प्रदेशभरि विद्युतीकरण गर्ने र काठे पोल प्रतिस्थापन,
४. सिंचाई पूर्वाधारको विकास र विस्तार,
५. जल उत्पन्न प्रकोप व्यवस्थापन,
६. आधारभूत खानेपानीको व्यवस्था र आधारभूत खानेपानी उपलब्ध भएको स्थानमा गुणस्तर सुधार,
७. सुरक्षित वसोवास र व्यवस्थित शहरीकरणका लागि पूर्वाधारको विकास,
८. बिभिन्न भौतिक पूर्वाधारको विकास गरी आर्थिक तथा सामाजिक अवसरमा नागरिकको पहुँच अभिबृद्धि गर्ने,
९. सुरक्षित, भरपर्दो र प्रतिस्पर्धी यातायात प्रणालीको विकास र विस्तार।

### ७.१.३ उद्देश्य

१. प्रभावकारी, दीगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा प्रवाहको प्रभावकारिता वढाउनु तथा सडक संजालको उचित संरक्षण, मर्मत-सम्भार र व्यवस्थापन मिलाउनु,
२. एक निर्वाचन क्षेत्र एक सडक, प्रादेशिक सडक "क" वर्ग, स्थानीय तहको केन्द्र जोड्ने सडक र अन्य स्थानीय स्तरका सडक निर्माण गर्नु,
३. सडक पुल र झोलुंगे पुल निर्माण गर्नु,
४. विद्युत सेवाको विस्तार गरी "गण्डकी प्रदेशः उज्यालो प्रदेश" घोषणा गर्नु, नवीकरणीय ऊर्जाको विकास र प्रयोग बढाउनु, काठे पोल प्रतिस्थापन गर्नु,
५. सिञ्चित क्षेत्र बृद्धि गर्नु, भूमिगत जलस्रोतको विकास गर्नु र भैरहेका सिंचाई योजनाको, नवीकरण, सुदृढीकरण, पुनर्स्थापना, मर्मत-सम्भार र दीगो व्यवस्थापनबाट प्रभावकारिता वृद्धि गर्दै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु,
६. जल उत्पन्न प्रकोपको जोखिम न्यूनीकरण गर्नु,

७. एक घर एक धारा जडान गर्नु, शतप्रतिशत घरधुरीमा आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवा पुर्याउनु र गुणस्तर सुधार गर्दै जानु,
८. प्रादेशिक सरकारी भवन निर्माण गर्नु, स्याटेलाइट सिटी निर्माण गर्नु, व्यवस्थित शहरीकरण गर्नु र जनता आवास कार्यक्रण सञ्चालन गर्नु।

### ७.१.४ रणनीति

१. कृषि, उद्योग, व्यापार, जलविद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा सरल पहुँच बढाउने गरी रणनैतिक सडक संजाल निर्माण गरी आर्थिक बृद्धिलाई योगदान पुर्‍याउदै सार्वजनिक यातायातलाई सरल, सुरक्षित, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने,
२. यातायात सम्बन्धी अभिलेखलाई सूचना प्रविधि-मैत्री बनाई अनलाइन भुक्तानी तथा सेवा प्रवाहको व्यवस्था मिलाउने,
३. जलविद्युतमा सार्वजनिक–निजी र साझेदारीमा लगानी बृद्धि गरी विद्युत उत्पादन बढाउदै प्रसारण लाईन बिस्तारमा जोड दिने। नवीकरणीय ऊर्जालाई व्यवसायिक उत्पादनसँग जोड्ने,
४. प्रदेशमा ऊर्जा सम्बन्धी संस्थागत संरचनाको स्थापना गर्ने,
५. भैरहेका सिंचाई योजना र परम्परागत कृषक कुलोको स्तरोन्नति गर्दै बाह्रै महिना प्रभावकारी रुपमा सिंचाई सेवा उपलब्ध गराउने र प्राविधिक एवं आर्थिक दृष्टिकोणले उपयुक्त स्थानमा नयाँ प्रविधिमा आधारित, लिफ्ट र भूमिगत सिंचाईको विकास गर्दै सिंचित क्षेत्र बिस्तार गर्ने,
६. प्रकोप नियन्त्रणको लागि आवश्यक प्रविधिको पहिचान, विकास र विस्तार गर्ने,
७. सबै घरमा निजी धारा जडान गर्ने, शत प्रतिशत घरधुरीलाई आधारभूतस्तरको खानेपानी तथा सरसफाईको सेवा उपलब्ध गराई सेवास्तर अभिवृद्धि गराउने। खानेपानी योजनाको दीगो व्यवस्थापन र मर्मत सम्भारमा जोड दिने,
८. जोखिम रहित आवास निर्माण एवम् व्यवस्थित बस्ती र शहर विकास गरी सबैका लागि सहज, सुरक्षित र वातावरण मैत्री आवासको प्रवर्द्धन गर्ने,
९. क्षतिग्रस्त संरचनाको दीगो, सुरक्षित र योजनावद्ध पुनर्निर्माण तथा पुनर्स्थापना कार्य गरी पीडित व्यक्ति तथा समुदायको जनजीवनलाई सहज बनाउनु,

१०. बिपन्न, सिमान्तकृत र जोखिमयुक्त परिवारको लागि सुरक्षित र किफायती आवासको बन्दोबस्त गर्नु,

११. भौतिक पूर्वाधार विकाससंग सम्बन्धित बिषयगत आयोजनाको आवधिक योजना, गुरुयोजना तर्जुमा, कार्यन्वयन र अनुगमन-मूल्याङ्कन गर्ने,

१२. भौतिक पूर्वाधार विकास मन्त्रालयको नयाँ संगठन तथा जनशक्ति सर्वेक्षण-अध्ययन प्रतिवेदन पारित गर्ने,

१३. पूर्वाधार विकास सम्बन्धी बिषयगत कार्यालय सम्बन्धित जिल्लामै स्थापना गर्नमा प्रयास गर्ने,

१४. कर्मचारीको क्षमता विकास र नयाँ प्रविधि सम्बन्धी तालिम र अध्ययनका कार्यक्रम सञ्चालन गर्ने,

## ७.२ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरूयोजना, योजना तथा आयोजना निर्माण, कार्यन्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,

२. प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधारमा निर्माण र नियमन,

३. ऊर्जा, विद्युत, सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा, नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,

५. प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन,

६. प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

७. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन प्रविधि विकास र व्यवस्थापन,

८. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

९. जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

१०. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

११. प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,

१२. प्रदेशभित्र सार्वजनिक यातायातको रूट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

१३. वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

१४. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

१५. रज्जुमार्ग, जलमार्ग, लगायतका बैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

१६. प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण स्तरोन्नति, मर्मत संभार तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सूरक्षा, कार्यान्वयन र नियमन,

१७. प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति कानून मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन,

१८. प्रदेशभित्रको शहरी विकास योजना तर्जुमा सहरी पूर्वाधार निर्माण सञ्चालन मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाको कार्यान्वयन र मार्ग निर्देशन,

१९. प्रदेशभित्र उपर्युक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

२०. प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,

२१. प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास योजना तर्जुमा कार्यान्वयन संयोजन र पूर्वाधार निर्माण,

२२. सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन,

२३. प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति कानून र मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण योजना आयोजना कार्यान्यन तथा सञ्चालन संभार र नियमन,

२४. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सेवा प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन,

२५. सर्वसाधारणलाइ स्वच्छ खानेपानी को उपलब्धता र खानेपानी सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

२६. खानेपानी गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन।

## ७.३ दरबन्दी र पदपूर्ति तेरिज

### ७.३.१ मन्त्रालयको दरबन्दी र पदपूर्ति तेरिज

| क्र.स. | पद | सेवा | समूह | उप समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ईन्जिनियरिङ |  |  | रा.प.प्रथम | १ | १ | ० |
| २ | उप-सचिव | प्रशासन | सामान्य प्रशासन | - | नवौं/दशौं | १ | १ | ० |
| ३ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | हा.पा./ इरिगेसन | नवौं/दशौं | १ | १ | ० |
| ४ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | नवौं/दशौं | १ | ० | १ |
| ५ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | जनरल | नवौं/दशौं | १ | ० | १ |
| ६ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | हाईवे | नवौं/दशौं | १ | ० | १ |
| ७ | सि.डि.ई. | ईन्जिनियरिङ | सिभिल | स्यानेटरी | नवौं/दशौं | १ | १ | ० |
| ८ | शाखा अधिकृत | प्रशासन | प्रशासन | - | सातौं/आठौं | ४ | ३ | १ |
| ९ | लेखा अधिकृत | प्रशासन (लेखा) | प्रशासन (लेखा) | - | सातौं/आठौं | १ | १ | ० |
| १० | कानून अधिकृत | न्याय | कानून | - | सातौं/आठौं | १ | १ | ० |
| ११ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | हा.पा. | सातौं/आठौं | ३ | १ | २ |
| १२ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | सातौं/आठौं | ५ | ० | ५ |
| १३ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | इरिगेसन | सातौं/आठौं | ३ | ३ | ० |
| १४ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | जनरल | सातौं/आठौं | ३ | १ | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | हाईवे | सातौं/आठौं | ६ | ० | ६ |
| १६ | इन्जिनियर | ईन्जिनियरिङ | सिभिल | स्यानेटरी | सातौं/आठौं | ६ | ४ | २ |
| १७ | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | - | पाँचौं/छैटौं | ४ | ३ | १ |
| १८ | कम्प्युटर अपरेटर/अधिकृत | विविध | - | - | पाँचौं/छैटौं | १ | १ | ० |
| १९ | सहायक | प्रशासन | सामान्य प्रशासन | - | चौथो/पाँचौं | १ | १ | ० |
| २० | सह-लेखापाल | प्रशासन | लेखा | - | चौथो/पाँचौं | १ | १ | ० |
| २१ | ह.स.चा. | - | - | - | तहविहिन | ४ | १ | ३ |
| २२ | का.स. | - | सामान्य प्रशासन | - | तहविहिन | ५ | १ | ४ |
| | जम्मा | | | | | ५५ | २६ | २९ |

## ७.३.२ मन्त्रालय र मातहत कार्यालयहरूको दरबन्दी तेरिज

| क्र.स. | कार्यालयको नाम र ठेगाना | दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५५ | २६ | २९ |
| २ | यातायात पूर्वाधार निर्देशनालय | २३ | ९ | १४ |
| ३ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कास्की | ११ | ९ | २ |
| ४ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, स्याङ्गजा | ११ | ११ | ० |
| ५ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, तनहुँ | ११ | ९ | २ |
| ६ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, लमजुङ्ग | ११ | ९ | २ |
| ७ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गोरखा | ११ | ९ | ११ |
| ८ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी(वर्दघाट सुस्ता पूर्व) | ११ | ९ | २ |
| ९ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पर्वत | ११ | १० | १ |
| १० | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बाग्लुङ्ग | ११ | ११ | ० |
| ११ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, म्याग्दी | ११ | ९ | ११ |
| १२ | जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, | ७ | ६ | १ |

| | | | | |
|---|---|---|---|---|
| | मुस्ताङ्ग | | | |
| १३ | जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, मनाङ्ग | ७ | ६ | १ |
| १४ | पूर्वाधार विकास कार्यलय, म्याग्दी | १८ | १२ | ६ |
| १५ | पूर्वाधार विकास कार्यलय, लमजुङ्ग | १८ | ११ | ७ |
| १६ | पूर्वाधार विकास कार्यलय, नवलपरासी(वर्दघाट सुस्ता पूर्व) | १८ | १२ | ६ |
| १७ | पूर्वाधार विकास कार्यलय, कास्की | १८ | १३ | ५ |
| १८ | पूर्वाधार विकास कार्यलय, पर्वत | १८ | १४ | ४ |
| १९ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाग्लुङ्ग | २१ | १४ | ७ |
| २० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जा | २१ | १७ | ४ |
| २१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा | २१ | १४ | ७ |
| २२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ | २१ | १७ | ४ |
| २३ | सहरी विकास तथा भवन डिभिजन कार्यालय, गोरखा | १४ | ६ | ८ |
| २४ | सहरी विकास तथा भवन डिभिजन कार्यालय, कास्की | १४ | ७ | ७ |
| २५ | सहरी विकास तथा भवन डिभिजन कार्यालय, बाग्लुङ्ग | १४ | ६ | ८ |
| २६ | यातायात व्यवस्था कार्यलय, सवारी चालक अनुमती पत्र, कास्की | २६ | २२ | ४ |
| २७ | यातायात व्यवस्था कार्यलय, सवारी, कास्की | २७ | २६ | १ |
| २८ | यातायात व्यवस्था कार्यलय, बाग्लुङ्ग | १४ | १० | ४ |
| २९ | यातायात व्यवस्था सेवा कार्यालय, नवलपरासी(वर्दघाट सुस्ता पूर्व) | १५ | ८ | ७ |
| ३० | यातायात व्यवस्था सेवा कार्यलय, डुम्रे | ८ | ६ | २ |
| ३१ | सडक डिभिजन कार्यालय, बाग्लुङ्ग | ३७ | ८ | २९ |
| ३२ | सडक डिभिजन कार्यालय, दमौली | ३७ | ५ | ३२ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय | १५ | ५ | १० |
| | जम्मा | ५८६ | ३६६ | २३८ |

## ७.४ आर्थिक वर्ष २०७५/७६ को प्रगति विवरण

**क्षेत्रः ऊर्जा**

**(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रमको नाम | वार्षिक बजेट | बजेट खर्च | प्रगति | | सम्पन्न योजना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | बितीय | | |
| **प्रदेशतर्फ** | | | | | | | |
| १ | **ऊर्जा विस्तार** | | | | | | |
| १.१ | ऊर्जा विस्तार कार्यक्रम | २७०००० | २५२३०८ | | ९३ | | नेपाल विद्युत प्राधिकरणलाइ पेश्की दिईएको |
| १.२ | काठेपोल प्रतिस्थापन कार्य | १५०००० | १०००३३ | ७१.५६ | ६८.९१ | ६ | जिल्ला |
| १.३ | विस्तृत सर्वेक्षण अध्ययन कार्य | १३००० | | | | | कार्यक्रम सञ्चालन नभएको |
| २ | **नवीकरणीय ऊर्जा** | | | | | | |
| २.१ | सौर्य ऊर्जा प्रविधि जडान | ५०००० | | | | | टेण्डर प्रकाशित |
| २.२ | वायु ऊर्जा | ४००० | | | | | कार्यक्रम सञ्चालन नभएको |
| २.३ | लघु जलविद्युत मर्मत तथा निर्माण | ३०००० | ९७७५ | ५० | ३२.५८ | १५ | |
| २.४ | विद्युतीय चार्जिंग स्टेसन | ४००० | | | | | कार्यक्रम सञ्चालन नभएको |
| | **जम्मा/औसत** | ५२१००० | ३६२११६ | २३.४८ | ६९.५० | १५ | |
| **संघ सशर्त** | | | | | | | |
| १ | सौर्य ऊर्जा प्रविधि जडान | १०००० | | | | | टेण्डर प्रकाशित |
| २ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत | ५००० | | | | | खर्च नभएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन | | | | | | |
| ३ | बायोग्यास जडान | २००० | | | | | कार्यक्रम सञ्चालन नभएको |
| ४ | सुधारिएको चुलो (बायोमास)प्रविधि जडान | ५००० | | | | | कार्यक्रम सञ्चालन नभएको |
| ५ | नवीकरणीय ऊर्जा सम्बन्धि प्रशासनिक तथा ब्यबस्थापन | ३००० | | | | | |
| | **जम्मा** | **२५०००** | | | | | |
| **संघ समपूरक** | | | | | | | |
| १ | ऊर्जा विस्तार कार्यक्रम | १२६९३५ | | | | | ने.वि.प्रा. सँग सम्झौता भई कार्य सञ्चालन अगाडि बढेको |
| २ | काठेपोल प्रतिस्थापन कार्य | ९१९५३ | ६६६८९ | ७१.५६ | ७२.५३ | ६ | जिल्ला |
| | **जम्मा** | २१८८८८ | ६६६८९ | ७१.५६ | ७२.५३ | | |
| | **कुल जम्मा** | ७६४८८८ | ४२८८०७ | ३६.५० | ५६.०६ | २१ | |

## कार्यक्रम कार्यान्वयन स्थिति :

## ऊर्जा विस्तार

१. प्रदेश भित्रको ८ जिल्लाका लागि ५३ वटा प्याकेजमा विद्युत विस्तार कार्य गर्न यस मन्त्रालय र साविकको नेपाल विद्युत प्राधिकरण, पोखरा क्षेत्रीय कार्यालय तथा बुटवल क्षेत्रीय कार्यालयसँग सम्झौता भई विद्युत विस्तार कार्य अगाडि बढाइएको,

२. ९ जिल्लाका लागि १४,७७० थान स्टिल ट्युबुलर पोल खरिदका लागि सम्झौता भएकोमा १०,५७० वटा स्टील ट्युबुलर पोल खरिद भएको।

## नवीकरणीय ऊर्जा कार्यक्रम

१. गोरखा, म्याग्दी, मुस्ताङ्ग र मनाङ्ग जिल्लाका लागि ११६० सेट घरेलु सौर्य ऊर्जा प्रविधि जडानका लागि टेण्डर प्रकाशित,

२. गोरखा, लमजुङ र बाग्लुङ जिल्लाका ३४१ किलोवाट क्षमताका १५ वटा लघु जलविद्युत योजनाको मर्मत कार्य सम्पन्न,

३. गण्डकी प्रदेशमा नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकासको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालय बीच समझदारी पत्रमा हस्ताक्षर,

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसर र भौतिक पूर्वाधार विकास मन्त्रालयमा सौर्य ऊर्जा प्रविधि जडान गर्न विस्तृत सर्वेक्षण अध्ययन कार्य सम्पन्न।

## क्षेत्रः सिँचाइ तथा नदी नियन्त्रण

**(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रम/ आयोजनाको नाम | योजना सङ्ख्या | विनियोजन | खर्च | भौतिक प्रगति % | वित्तीय प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई योजना प्रदेशतर्फ | १८९ | ५७४२६६ | ४२२८६२ | ७८ | ७४ |
| २ | नदी नियन्त्रण प्रदेशतर्फ | ९२ | ३३१३४० | ३०८०६२ | ९५ | ९३ |
| ३ | सिंचाई योजना (संघ सशर्त) | ३३२ | ६३७८३९ | ४९२९१९ | ८४ | ७७ |
| ४ | नदी नियन्त्रण (संघ सशर्त) | ६५ | २८२२५० | २५७७४० | ९५ | ९१ |
| **जम्मा** | | **६७८** | **१८२५६९५** | **१४८१५८३** | | **८१** |

१. प्रदेश सरकारबाट संचालित १८९ सिंचाई योजनामध्ये ५४ वटा सम्पन्न भएका छन् भने १०२ वटा योजना निर्माणाधीन अवस्थामा छन्। त्यसै गरी नदी नियन्त्रण सम्बन्धी सम्पूर्ण ९२ वटा योजना सम्पन्न,

२. संघीय सरकारबाट सशर्त सहित हस्तान्तरण भएका २३२ वटा सिंचाई योजना मध्ये ५३ वटा सम्पन्न भएका छन् भने १४५ वटा योजना निर्माणाधीन अवस्थामा छन्। त्यसै गरी ६५ वटा नदी नियन्त्रण सम्बन्धि योजना मध्ये ५६ वटा योजना सम्पन्न भएका छन् २ वटा योजना निर्माणाधीन,

३. भूमिगत सिंचाई मार्फत ६५२.५ हे. र सतह सिंचाई मार्फत १७४ हे. गरी कुल जम्मा ८२६.५ हे. खेतीयोग्य जमिनमा नयाँ सिंचित क्षेत्र विस्तार भएको छ।साथै ३७५ हे.

कृषक कुलो सुधार, १२८२ हे. पुनर्स्थापना र सुधार गरी कुल जम्मा १८३१ हे. खेतीयोग्य जमिनमा सतह सिंचाई मार्फत बाह्रै महिना सिंचाई सुविधा विस्तार,

४. नदी नियन्त्रणतर्फ २० कि.मि. तटबन्धन निर्माण, ३१५ वटा संरचना निर्माण तथा १९६.९० हे. जग्गा उकास गर्ने काम सम्पन्न।

**क्षेत्रः खानेपानी**

**(रु. हजारमा)**

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | आयोजना संख्या | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उच्च-प्रविधियुक्त केन्द्रिय खानेपानी कार्यक्रम (सशर्त अनुदानतर्फ) | ५४७ | ९४४८३६ | ८८४७८५ | ९३.६४ |
| २ | गुणस्तर सुधार कार्यक्रम (सशर्त अनुदानतर्फ) | ५ | ३३२५९ | ३१८९३ | ९५.८९ |
| ३ | जलबायु परिबर्तन प्रभाव न्युनीकरण तथा उपयुक्त प्रविधि प्रबर्धन कार्यक्रम (वर्षाते पानी (सशर्त अनुदानतर्फ) | ३ | १५७१० | १४३२२ | ९१.१६ |
| ४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम (सशर्त अनुदानतर्फ) | ४ | १०७६८ | ४९३१ | ४५.७९ |
| ५ | खानेपानी तथा सरसफाई सहलगानी कार्यक्रम | १ | ३४९६३ | २२९९२ | ६५.७६ |
| ६ | खानेपानी सेवा नियमन तथा पुनस्थापन कार्यक्रम(सशर्त अनुदानतर्फ) | ६१ | २०००० | १६६६२ | ८३.३१ |
| ७ | निर्माण तथा स्तरोन्नति खानेपानी आयोजना(प्रादेशिक आयोजनातर्फ) | १३३ | ९३४७०८ | ८६१५०१ | ९२.१७ |
| ८ | विशेष अनुदानतर्फका खानेपानी आयोजना(प्रादेशिक आयोजनातर्फ) | ३३ | ४२२०८० | १७९९०० | ४२.६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सञ्चालित खानेपानी आयोजनाको मर्मत सुधार (प्रादेशिक आयोजनातर्फ) | ६१ | २०००० | १६६६२ | ८३.३१ |
| १० | खानेपानी आयोजनाको सर्वेक्षण कार्यक्रम(प्रादेशिक आयोजनातर्फ) | | ५००० | ४९२५ | ९८.५० |
| | जम्मा | ८५२ | २४४१३२४ | २०३८५७३ | ८३.५० |

**आयोजना/कार्यक्रमगत अवस्थाः**

**क. उच्च-प्रविधियुक्त केन्द्रिय खानेपानी कार्यक्रम (सशर्त अनुदानतर्फ)**

यी आयोजना संघीय सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण भई आएका आयोजना हुन्। यिनीमा एक घर एक धारा कार्यक्रम लागू गरिएको छ।कुल ५४७ क्रमागत आयोजनामध्ये ५२६ आयोजनाको आर्थिक वर्ष २०७५/७६ मा लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्। यस वार्षिक अवधिमा ५२ आयोजना सम्पन्न भएका छन्।यसैगरि ६५३९१ जनसंख्या लाभान्वित हुनेगरि १४५७२ निजी धारा जडान गरिएका छन्। कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ९६.०८ प्रतिशत रहेको छ।

**ख. निर्माण तथा स्तरोन्नति खानेपानी आयोजना (प्रादेशिक आयोजनातर्फ)**

यी आयोजना प्रदेश सरकार स्थापना भएपछी एक घर एक धारा बनाउने गरी छनौट भई यसै आर्थिक वर्ष मा शुरु भएका आयोजना हुन्। कुल १३३ आयोजना सबैको डी पी आर तयार गरी निर्माण कार्य शुरु गरिएको थियो। उल्लेखित मध्ये १२२ आयोजनाको आर्थिक वर्ष २०७५/७६ लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्।यस वार्षिक अवधिमा १९ आयोजना सम्पन्न भएका छन्।यसैगरि १२२५२ जनसंख्या लाभान्वित हुनेगरि २७९३ निजी धारा जडान गरिएका छन्।कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ९२.५० प्रतिशत रहेको छ।

**ग. विशेष अनुदानतर्फका खानेपानी आयोजना**

यी आयोजना संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट कार्यान्वन हुने आयोजना हुन्।यिनीमा पनि एक घर एक धारा कार्यक्रम लागू गरिएको छ। कुल ३३ आयोजनामध्ये ३० आयोजनाको आर्थिक वर्ष २०७५/७६ मा ठेक्का सम्झौता भएको, ३ आयोजनाको ठेक्का प्रकृया शुरु भएको छ। कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ४२.६२ प्रतिशत रहेको छ।

## घ. सशर्त अनुदानतर्फका अन्य कार्यक्रम

आर्थिक वर्ष २०७५/७६ मा गुणस्तर सुधार कार्यक्रम (५ आयोजना), जलबायु परिबर्तन प्रभाव न्युनिकरण कार्यक्रम(३ आयोजना), ढल निर्माण तथा प्रशोधन कार्यक्रम (४ आयोजना), सहलगानी कार्यक्रम(१ आयोजना), नियमन तथा पुनस्थापन कार्यक्रम (६१ आयोजना) सञ्चालन गरिएका थिए। उल्लिखित कार्यक्रम मध्ये नियमन तथा पुनर्स्थापन कार्यक्रमका आयोजना सबै र अन्य कार्यक्रमका ९ आयोजनाको आर्थिक वर्ष २०७५/७६ लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्। कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ६९.६३ प्रतिशत रहेको छ।

**क्षेत्रः शहरी विकास तथा भवन कार्यालय**

**(रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | विनियोजित बजेट | जम्मा खर्च | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक |
| १ | संघीय सशर्त | २७३९२५ | २०६५३१ | ७५ | ९० |
| २ | प्रदेश सरकार | ५०७५३९ | २२९५०७ | ४५ | ५० |
| | जम्मा पुंजीगत | ७८१४६४ | ४३६०३८ | ५६ | |

भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत भवनतर्फ आर्थिक वर्ष २०७५/७६ मा पुंजीगततर्फ संघीय सरकार र प्रदेश सरकारको गरी जम्मा ७८ करोड १४ लाख ६४ हजार विनियोजन भएको छ। संघतर्फ जनता आवास कार्यक्रम लगायत पुँजीगत सुधार खर्च (सार्वजनिक निर्माण) अन्तर्गत जम्मा रु.२७ करोड ३९ लाख २५ हजार विनियोजन भएकोमा रु.२० करोड ६५ लाख ३१ हजार खर्च भएको छ। साथै प्रदेश सरकारतर्फ रु.५० करोड ७५ लाख ३९ हजार विनियोजन भएकोमा रु.२२ करोड ९५ लाख ०७ हजार खर्च भएको छ।

**मुख्य उपलब्धी**

१. संघ अन्तर्गत विभिन्न जिल्लामा संचालित जनता आवास कार्यक्रम मध्ये जम्मा ६०५ आवास सम्पन्न,

२. प्रादेशिक सरकारी भवन मर्मत तथा निर्माण कार्य अन्तर्गत जिल्ला अदालत कास्की, जिल्ला प्रशासन कार्यालय पर्वत लगायत विभिन्न ५० वटा कार्यालयको मर्मत तथा निर्माण कार्य सम्पन्न,

३. सामुदायिक भवन तथा सभाहल निर्माण मध्ये बाग्लुङ कार्यालय अन्तर्गत २४, कास्की कार्यालय अन्तर्गत १७ तथा गोरखा कार्यालय अन्तर्गत ७ वटा सामुदायिक भवन तथा बहुउद्देश्यीय सभाहलको निमाण कार्य सम्पन्न,

४. १३ वटा शौचालय तथा ३३ वटा शहिद पार्क निमार्ण सम्पन्न,

५. कुश्मा नगरपालिका, फलेवास नगरपालिका र पुतलीबजार नगरपालिकालाई स्याटलाइट सिटीको रुपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन तयारि गरिएको छ।

**क्षेत्रः यातायात पूर्वाधार (सडक, सडक पुल झोलुङ्गे पुल)**

**(रु. हजारमा)**

| प्रदेशतर्फ | | | |
|---|---|---|---|
| **कार्याक्रमको नाम** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
| एक निर्वाचन क्षेत्र एक सडक | १००८००० | ३९८९६२ | ३९.५८ |
| प्रादेशिक सडक "क" वर्ग | २२१६५० | ८६२४३ | ३८.९१ |
| प्रादेशिक सडक "ख" वर्ग | ४०२६०३ | २१७९९७ | ५४.१५ |
| प्रादेशिक सडक "ग" वर्ग | ५२९९६८ | ३९३६६७ | ७४.२८ |
| सडक पुल | १६६००० | ७१९८३ | ४३.३६ |
| झोलुङ्गे पुल | ५०४०० | २५२८५ | ५०.१७ |
| साझेदारी सडक | ३५२००० | २६८६८४ | ७६.३३ |
| जग्गा विकास कार्यक्रम | १०००० | ८१०० | ८१.०० |
| प्रतिवेदन तयारी, अध्ययन, परामर्श | २५६०० | २०९०१ | ८१.६४ |
| अन्य सडक | ८१००० | ६२०२८ | ७६.५८ |
| सडक मर्मत | १८१६०० | १४१९८९ | ७८.१९ |
| यातायात पुर्वाधार निर्देशनालयवाट कार्यान्वयन हुने | ७७४३५ | १६२१४ | २०.९४ |
| मन्त्रालय अन्तर्गत कार्यक्रम कार्यान्वयन | ३३४०० | ३०२७९ | ९०.६६ |
| जम्मा | **३१३९६५६** | **१७४२३३२** | ५५.४९ |

**सम्पादित कार्यहरू**

१. आर्थिक वर्ष २०७५/७६ मा भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत यातायात पूर्वाधार विकास क्षेत्रमा बिनियोजन भएको रु.३ अर्ब १३ करोड ९६ लाख ५६ हजार मध्ये आर्थिक वर्षको

अन्त्यसम्म जम्मा रु.१ अर्ब ७४ करोड २३ लाख ३२ हजार (५५.४९%) वजेट खर्च भएको,

२. आयोजनागत वर्गीकरण हेर्दा वहुवर्षीय ठेक्का सम्झौताको रुपमा सञ्चालन भएका एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गत ३६ सडक मध्ये १६ वटा सडकको ठेक्का सम्झौता भै निर्माण कार्य सुचारु भएको छ र कुल बिनियोजन जम्मा रु. १ अर्ब ८० हजार मध्ये रु.३९ करोड ८९ लाख ६२ हजार (३९.५८%) खर्च भएको छ। एक निर्वाचन क्षेत्र सडकमा थप १४ सडकको असार मसान्त सम्म बोलपत्र मूल्याङ्कन भैराखेको छ र आगामी आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा नै कार्य सुचारु हुने र बाँकी ६ सडक मध्ये ३ सडकको सूचना प्रकाशन हुने तयारी रहेको छ र बाकी ३ सडकको वातावरणीय अध्ययन हुँदै,

३. प्रादेशिक सडक क वर्गतर्फ भएको विनियोजीत रकम रु. २२ करोड १६ लाख ५० हजार मध्ये ८ करोड ६२ लाख ४३ हजार (३८.९१%) खर्च भएको,

४. सालबसाली रुपमा वजेट बिनियोजन भएका योजना अन्तर्गत प्रादेशिक सडक ख वर्गतर्फ(५४.१५%), प्रादेशिक सडक ग वर्गतर्फ(७४.२८%), साझेदारी सडकतर्फ (७६.३३%), जग्गा विकास कार्यक्रमतर्फ (८१.००%), प्रतिवेदन तयारी, अध्ययन, परामर्शतर्फ (८१.६४%), अन्य सडकतर्फ (७६.५८%), सडक मर्मततर्फ (७८.१९%), यातायात पुर्वाधार निर्देशनालयवाट कार्यान्वयन हुने कार्यक्रमतर्फ (२०.९४%), मन्त्रालय अन्तर्गत कार्यक्रम कार्यान्वयनतर्फ (९०.६६%) प्रतिशत खर्च भएको,

५. सडक पुल र झोलुङ्गे पुलको निर्माण कार्य सुचारु रहेको छ र केहि पुलको विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै गरेकोले यस आर्थिक वर्षमा उल्लेखनीय प्रगति प्रतिशत नभए पनि विस्तृत आयोजना प्रतिवेदन तयारी र बोलपत्रको कार्य सुचारु रहेको छ र सडक पुल क्षेत्रमा र झोलुङ्गे क्षेत्रमा क्रमशः ४३.३६% र ५०.१७% खर्च भएको छ।सडक पुल अन्तर्गत ७० योजना संख्या मध्ये २० सडक पुलको संझौता भई कार्य भइरहेको छन् भने १२ वटा पुल बोलपत्र मूल्याङ्कन चरणमा, १३ वटा बोलपत्र आव्हान भइरहेका र २५ वटाको विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै छन्। सम्भाव्य नदेखिएका हटाई झोलुङ्गे पुल कुल संख्या ५३ मध्ये ५३ को नै विस्तृत आयोजना प्रतिवेदन कार्य सम्पन्न भई लामो

तरीको झोलुङ्गे पुल र छोटो तरीको झोलुङ्गे पुलको स्टिल पार्टसको लागि बोलपत्र आव्हान कार्य भइरहेको,

६. यस आर्थिक वर्षमा ६५.२५ कि.मि. सडक पक्कि (कालोपत्रे) र १०९.८२ कि.मि सडक ग्राभेल स्तरमा स्तरोन्नति सम्पन्न भएका छन्। सडक चौडा पार्ने कार्य १८१.२९ कि.मि., नयाँ ट्र्याक खोल्ने कार्य ३४.११ कि.मि., मर्मत सम्भार कार्य ९१४ कि.मि., सम्पन्न भएको छन्।त्यसैगरी कच्ची नाला निर्माण र पक्कि नाला निर्माण कार्य क्रमशः ३७.७४ कि.मि. र ४०.८९ कि.मि. भएका छन्।

**सशर्त अनुदानतर्फ**

**(रु. हजारमा)**

| कार्यक्रमको नाम | विनियोजित वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| सम्भावित रणनीतिक सडक | ६४९९३८ | ३१०३७७ | ४७.७५ |
| SNRTP कार्यक्रमतर्फ | ७४९३४६ | ४१६८३२ | ५५.६३ |
| झोलुङ्गे पुल | ७८०० | ७१२८ | ९१.३८ |
| सम्भावित प्रादेशिक सडक | ६२६६२८ | १८०७९० | २८.८५ |
| अन्य उत्तर दक्षिण सडक | २०००० | ० | ०.०० |
| ग्रामीण पहुँच कार्यक्रम | ६६००० | ५४१३० | ८२.०२ |
| स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २१३७०० | १४५४४५ | ६८.०६ |
| **जम्मा** | **२३३३४१२** | **१११४७०२** | **४७.७७** |

विगतमा विभिन्न कारणले अलपत्र परेका संघीय सरकारबाट सशर्त अनुदानमा हस्तान्तरित योजनाको कुल विनियोजित बजेट रु. २ अर्ब ३३ करोड ३४ लाख १२ हजार मध्ये १ अर्ब ११ करोड ४७ लाख २ हजार (४७.७७%) बजेट खर्च भएको छ। त्यसमध्ये सम्भावित रणनीतिक सडकतर्फ (४७.७५%), SNRTP कार्यक्रमतर्फ(५५.६३%), सम्भावित प्रादेशिक सडकतर्फ (२८.८५%), ग्रामीण पहुँच कार्यक्रम तर्फ (८२.०२%), स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजनातर्फ (६८.०६%) प्रतिशत खर्च भएको छ र अन्य उत्तर दक्षिण सडकतर्फ यस आर्थिक वर्षमा केही खर्च भएको छैन। झोलुङ्गे पुलतर्फ ३ योजना संख्यामा ३ वटा कै कार्य सम्पन्न भएको छ र ९१.३८% को खर्च भएको छ।सडक पुलतर्फ ४२ योजना संख्यामा १६ वटा पुलको निर्माण सम्पन्न भएका छन्।

| समपुरक तर्फ | | | | | | (रु.हजारमा | |
|---|---|---|---|---|---|---|---|
| योजनाको नाम | कुल विनियोजन रकम | प्रदेश(समपुरक) विनियोजन | संघ(समपुरक) विनियोजन | कुल खर्च | प्रदेश(समपुरक) खर्च | संघ(समपुरक) खर्च | कुल खर्च प्रतिशत(%) |
| खहरे ठुलाखेत पक्कि पुल पो.ले २४ | २०००० | १२००० | ८००० | १६४७९ | ९८८७.४ | ६५९१.६ | ८२.४० |
| वेगनास भोर्लेटार - तालबेसी कपुरटार खण्ड | ६०००० | ३६९२४ | २३०७६ | ४६८१५ | २८०८९ | १८७२६ | ७८.०३ |
| काहुँखोला - सिक्लेस - दुधपोखरी | ४०००० | २४००० | १६००० | ३८४०० | २३०४० | १५३६० | ९६ |
| पो.ले.म.न.पा २१ दोपहरे कृष्ती माझगाउ वक्रेक पोबैगौडे सम्म | ४०००० | २४००० | १६००० | १९९०० | ११९४० | ७९६० | ४९.७५ |
| रुपा गा.पा. रिङ्गरोड | ४०००० | २४००० | १६००० | ३४२०० | २०५२० | १३६८० | ८५.५ |
| पर्वतको चिसापानी - हातेमालेचोक - त्रिवेणी - वहाकी भञ्ज्याङ - पोखराचौर - खहरेखोला (वालिङ्ग-हुवास बार्राचौर मूल रणनैतिक सडक) | ७१००० | ४२६०० | २८४०० | ५०००० | ३०००० | २०००० | ७०.४२ |
| लोमन्थाङ - ठिङगर किम्लीङ - चुङचुङ - न्याम्डो हुँदै न्हेचुङ सम्म जाने बाटो | ३०००० | १८००० | १२००० | ० | ० | ० | ० |
| जोमसोम ठिनी - दुम्वा - छैरो - चिमाङ - मार्फा - स्याङ हुँदै जोमसोम सम्म | ३०००० | १८००० | १२००० | २९५०० | १७७०० | ११८०० | ९८.३३ |
| **जम्मा** | **३३१०००** | **१९९५२४** | **१३१४७६** | **२३५२९४** | **१४११७६** | **९४११८** | **७१.०९** |

समपूरक अन्तर्गततर्फ संघीय सरकारबाट १३ करोड १४ लाख ७६ हजार र प्रदेश सरकारबाट १९ करोड ९५ लाख २४ हजार गरी कूल रु.३३ करोड १० लाख विनियोजन भएकोमा रु.२३ करोड ५२ लाख ९४ हजार (७१.०९%) खर्च भई कार्य भईरहेको छ।

## ७.५ आर्थिक वर्ष २०७६/७७ को प्रगति विवरण

### क्षेत्र: ऊर्जा

**(रु. हजारमा)**

| क्र.सं. | कार्यक्रमको नाम | वार्षिक बजेट | खर्च | प्रगति | | कार्यन्वयन सुरु भएका योजना |
|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | |
| **प्रदेशतर्फ** | | | | | | |
| १ | **ऊर्जा विस्तार** | | | | | |
| १.१ | ऊर्जा विस्तार कार्यक्रम | ४००००० | ५५८९८ | ३३ | २० | ५१ |
| १.२ | काठेपोल प्रतिस्थापन | २३०००० | ५६३४० | ३५ | २४.५० | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्य | | | | | |
| १.३ | विस्तृत सर्वेक्षण अध्ययन कार्य (ऊर्जा) | ५००० | | | | |
| २ | **नवीकरणीय ऊर्जा** | | | | | |
| २.१ | घरेलु सौर्य ऊर्जा प्रविधि जडान | २०८५० | | ४० | | ४ |
| २.२ | मन्त्रालयमा) ४ वटा ( सौर्य ऊर्जा जडान कार्य | ४०००० | ३००० | ९५ | ६ | १ |
| २.३ | लघु जलविद्युत मर्मत तथा निर्माण | ४०००० | | ३८ | | ३७ |
| | **जम्मा/औसत** | **७३५८५०** | **११५२३८** | **३७.३८** | **१५.६६** | **१०१** |
| **संघ सशर्त** | | | | | | |
| १ | सौर्य ऊर्जा प्रविधि जडान | १०००० | | | | |
| २ | लघु जलविद्युत आयोजनाबाट विधुत उत्पादन | ५००० | | १० | | ७ |
| ३ | बायोग्यास जडान | २००० | | | | |
| ४ | सुधारिएको चुलो (बायोमास) प्रविधि जडान | ५००० | | | | |
| ५ | नवीकरणीय ऊर्जा सम्बन्धि प्रशासनिक तथा व्यवस्थापन खर्च | ३००० | ८१६ | | २७.२ | |
| | **जम्मा** | **२५०००** | **८१६** | **२** | **३.२६** | **७** |
| | **कुल जम्मा** | **७६०८५०** | **११६०५४** | **३६.२१** | **१५.२५** | **१०८** |

**कार्यक्रम कार्यन्वयन स्थितिः**

**ऊर्जा विस्तार**

१. विद्युत विस्तार कार्यको लागि ८ वटा जिल्लामा ५३ वटा योजना सञ्चालन गर्न टेण्डर प्रकाशित भएका मध्ये ५१ वटाको योजनाको ठेक्का सम्झौता भै कार्यन्वयन भैरहेका छन् भने

गोरखा जिल्लाको खानीगाउँमा पहिरोको कारणबाट बस्ती सार्ने सम्भावना रहेको पाईएकोले हालसम्म खरिद प्रक्रिया नगरिएको। हालसम्म म्याग्दीको अन्नपुर्ण गाउँपालिकाका नारचाङ, सुहा र बास्कोटमा विद्युत लाइनको भोल्टेज सुधार र फेज विस्तार कार्य सम्पन्न भएको छ। त्यसैगरी, बाग्लुङको गल्कोट नगरपालिकाको हरिचौरमा नयाँ ट्रान्सफर्मर जडान, हाई टेन्शन लाइन बिस्तार र फेज थप सहित विद्युत भोल्टेज सुधार कार्य सम्पन्न भएको छ।

२. हालसम्म विद्युत विस्तार कार्य अन्तर्गत म्याग्दी, गोरखा, बाग्लुङ्ग र कास्की जिल्लाका विभिन्न योजनमा H.T. लाइन ३९.९३ कि.मि., L.T. लाइन १०३.८१ कि.मि. विस्तार, २७ वटा ट्रान्सफर्मर जडान र ४०० घरधुरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन्।

३. ८ जिल्लाका लागि ९९७६ थान स्टील ट्युबुलर पोल खरिदका लागि टेन्डर प्रकाशित गरी ६ जिल्लाको सम्झौता समेत भैसकेको छ। गत साल सम्झौता भएको ४२०० वटा स्टील ट्युबुलर पोल खरिद भैसकेको छ।

**नवीकरणीय ऊर्जा कार्यक्रम**

१. प्रदेश सरकारका सौर्य ऊर्जा प्रविधि जडान गर्न बाँकी रहेका मन्त्रालय, अन्तर्गतका कार्यालय साथै प्रदेश नीति तथा योजना आयोगमा सोलार जडान गर्न विस्तृत सर्वेक्षण अध्ययन कार्य गर्ने अगाडि बढिसकेको छ।

२. दुई वर्षभित्र राष्ट्रिय प्रसारण लाइन पुग्ने सम्भावना नदेखिएका गोरखा, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लाका ७ वटा स्थानीयतहका ११६० घरधुरीमा यसै आर्थिक वर्षभित्र ७५% सहुलियतमा सोलार प्यानल जडान गर्ने गरी ठेक्का सम्झौता भई काम शुरु गरिएको छ। हालसम्म गोरखा, मुस्ताङ्ग र म्याग्दी जिल्लाका ९०९ घरधुरीको आधारस्तरको अध्ययन सर्भेक्षण सम्पन्न भैसकेको छ।

३. ४ वटा मन्त्रालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय) मा सोलार ग्रिड टाई प्रणाली जडान कार्य सम्पन्न भै परिक्षणको रुपमा रहेको छ ।

४. यस आर्थिक वर्षमा ८ जिल्लाका १९१० किलोवाट क्षमताका ४४ वटा लघु जलविद्युत योजना मध्ये २८ वटा योजनाको मर्मत कार्यको लागत अनुमान तयार भै सम्झौताको चरणमा रहेका छन।

५. बायोग्यास/ बायोमास निर्माण/जडान सम्बन्धमा एउटै प्लान्ट बनाई तीन तहको सरकारबाट अनुदान माग गर्न थालिएको हुँदा एकीकृत अनुदान सम्बन्धी कार्यविधि जारी नहुन्जेलसम्म दोहोरो अनुदान लिन सक्ने भै काम गर्नमा कठिनाई उत्पन्न भएको।

## क्षेत्र : सिँचाइ तथा नदी नियन्त्रण

**(रु. हजारमा)**

| क्र.स. | कार्यक्रम/आयोजना को नाम | योजना संख्या | विनियोजित बजेट | खर्च | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | **संघबाट सशर्त अनुदान तर्फ** | | | | | |
| | सिंचाई योजना | २३२ | ५६५९९७ | १२२९८४ | २१.७२ | ३५ |
| | नदी नियन्त्रण योजना | ६७ | २९५८०० | ७३६७७ | २४.९ | ६० |
| | जम्मा | २९९ | ८६१७९७ | २७१७०५ | ३१.५२ | ४४.३७ |
| २ | **प्रदेशतर्फ** | | | | | |
| | सिंचाई योजना | ३२० | ११९४९४० | २६०४०७ | १८.९२ | ३५ |
| | नदी नियन्त्रण योजना | १२६ | ३७५९०० | १५३८४३ | ४०.९२ | ६५ |
| | जम्मा | ४४६ | १५७०८४० | ४७८९६९ | ३०.४९ | ४६.१४ |
| | **कुल जम्मा** | **७४५** | **२४३२६३७** | **७५०६७४** | **३०.८५** | ४५.५० |

## सम्पादित कार्य

१. प्रदेश सरकारबाट संचालित ३२० सिंचाई योजना मध्ये १५८ वटा योजनाको ठेक्का / सम्झौता भई कार्यान्वयन सुरु भइसकेको छ। ८६ वटा योजना टेण्डर प्रक्रियामा रहेका छन् भने बाँकी योजनाको अध्ययन सर्भेक्षण कार्य भैरहेको छ। त्यसै गरी १२६ वटा नदी नियन्त्रण सम्बन्धि योजना मध्ये ४४ वटा योजना सम्पन्न भएका छन्। साथै ५१ वटा योजनाको ठेक्का सम्झौता सम्पन्न भई कार्यान्वयन सुरु भएको छ भने १९ वटा योजना टेण्डर प्रक्रियामा रहेका छन्।

२. संघीय सरकारबाट सशर्त सहित हस्तान्तरण भएका २३२ वटा सिंचाई योजना मध्ये ९४ वटा योजनाको ठेक्का सम्झौता भई कार्यान्वयन सुरु भएको छ, २४ वटा योजना टेण्डर

प्रक्रियामा रहेका छन् भने बाँकी योजनाको अध्ययन सर्भेक्षण कार्य भैरहेको छ। त्यसै गरी ६७ वटा नदी नियन्त्रण सम्बन्धि योजना मध्ये १७ वटा योजना सम्पन्न भएका छन्। साथै २७ वटा योजनाको ठेक्का सम्झौता सम्पन्न भई कार्यान्वयन सुरु भएको छ भने १७ वटा योजना टेण्डर प्रक्रियामा रहेका छन्।

३. भूमिगत, सतह र नयाँ प्रविधिमा आधारित सिंचाई योजना मार्फत ३९० हे. नयाँ सिंचित क्षेत्र विस्तार भएको छ भने कृषक कुलो सुधार, पुनर्स्थापना र सुधार गरी कुल जम्मा २४४८ हे. खेतीयोग्य जमिनमा सतह सिंचाई मार्फत बाह्रै महिना सिंचाई सुविधा विस्तार भएको छ।

४. नदी नियन्त्रणतर्फ जम्मा ९.४ कि.मि.थप तटबन्धन निर्माण कार्य सम्पन्न भएको छ।

## क्षेत्रः शहरी विकास तथा भवन

**(रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | विनियोजित बजेट | खर्च | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| १ | संघीय सशर्त | ३००१०० | १७२०७४ | ५८ | ८० |
| २ | प्रदेश सरकार | ५२८१६३ | १२८८२३ | २४ | ५० |
| | जम्मा | ८२८२६३ | ३००८९७ | ३६ | |

भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत भवनतर्फ आर्थिक वर्ष २०७६/७७ मा पुँजीगततर्फ संघ र प्रदेश सरकार गरी जम्मा रु.८२ करोड ८२ लाख ६३ हजार विनियोजन भएको छ। संघतर्फ जनता आवास अन्तर्गत जम्मा रु.३० करोड १ लाख विनियोजन भएकोमा रु.१७ करोड २० लाख ७४ हजार खर्च भएको छ। साथै प्रदेश सरकारतर्फ रु.५२ करोड ८१ लाख ६३ हजार विनियोजन भएकोमा रु.१२ करोड ८८ लाख २३ हजार खर्च भएको छ।

### मुख्य उपलब्धी

१. कुश्मा नगरपालिका, फलेवास नगरपालिका र पुतलीबजार नगरपालिकालाई स्याटलाइट सिटीको रुपमा विकास गर्न आर्थिक वर्ष २०७५/७६ मा बनेको विस्तृत आयोजना प्रतिवेदन लाई परिमार्जन गरी तयारि गरिएको,

२. जनता आवास कार्यक्रम अन्तर्गत हाल सम्म ६४५ वटा नयाँ घर निमार्ण गरी हस्तान्तरण गरिसकिएको,

३. प्रदेशभित्रका विभिन्न जिल्लामा रहेका प्रादेशिक सरकारी भवन, बयली मनकामना बहुउदेश्यीय सामुदायिक भवन, मसिना सामुदायिक भवन, कोटाकोट मगर समाजको अधुरो भवन निर्माण, धम्जा सामुदायिक भवन निर्माण, बारपाक सामुदायिक अधुरो भवन लगायतका विभिन्न ११ भवन निर्माण सम्पन्न,

४. प्रदेश, संघ, स्थानीय तह र संघसंस्थाको सहलगानिमा कास्कीको माछापुच्छ्रे गाउँपालिका, स्याङ्गजाको कालीगण्डकी गाउँपालिका र पर्वतको विहादी गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको। म्याग्दी जिल्लामा रहेको अधुरो सभाहल निर्माण गर्ने कार्य भईरहेको,

५. प्रादेशिक सरकारी भवन निर्माण तथा मर्मत कार्य अन्तर्गत मुस्तांग जिल्लास्थित कारागार कार्यालय बाटोतर्फको कम्पाउण्ड वाल, मालपोत कार्यालय, नापी कार्यालय, कास्की स्थित यातायात पूर्वाधार निर्देशनालय (गण्डकी प्रदेश) पोखराको कार्यालय भवनको तल्ला थप, आँखा अस्पताल घारीपाटन लगायतका २५ वटा भवन मर्मत सम्भार सम्पन्न भएको छ।

**क्षेत्र :खानेपानी**

**(रु. हजारमा)**

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | आयोजना संख्या | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रादेशिक खानेपानी आयोजना (आधारभूत खानेपानी आयोजना समेत) | ५४० | १६९७५५० | ७६३००० | ४४.९५ |
| २ | जलवायु अनुकूलित बृहत खानेपानी आयोजना (सशर्त अनुदान अन्तरगत सबै) | ४८६ | ७३६७२३ | ३२०६४० | ४३.५२ |
| ३ | विशेष अनुदानतर्फका खानेपानी आयोजना | ४८ | ५००००० | २०३०३७ | ४०.६१ |
| | **जम्मा** | १०८४ | २९३४२७३ | १२८६६७७ | ४३.८५ |

## आयोजना/कार्यक्रमगत अवस्था

### क. प्रादेशिक खानेपानी आयोजना

१. आधारभूत खानेपानी नपुगेको गाउँबस्तीमा खानेपानी पुरयाउने कार्यक्रमलाई निरन्तरता दिईएकोछ। एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने व्यवस्था गरिएको छ। निर्माणाधीन क्रमागत खानेपानी आयोजनाहलाई सम्पन्न गर्न बजेट बिनियोजन गरिएको छ। (बजेट वक्तव्यको बुदा न. ३१)

२. यी आयोजना प्रदेश सरकार स्थापना भएपछी एक घर एक धारा बनाउने गरी छनौट भई सञ्चालन गरिएका आयोजना हुन्। कुल ४१० आयोजनामध्ये २८२ को डी पी आर तयार भएको, ३६५ को यस आर्थिक वर्ष को लक्ष्य अनुसारको पाईप फिटिङ्ग औजार खरिद गर्ने कार्य सम्पन्न भएको, २३४ को संरचना निर्माण, पाईप लाईन जडान कार्य भएको तथा ४७ आयोजनाको जनसहभागिताबाट गर्ने कार्य सम्पन्न भएका छन्। २२६ आयोजनाको यस आर्थिक वर्ष मा लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्। यस अवधिमा १३ आयोजना सम्पन्न भएका छन्।यसैगरि ३६९०८ जनसंख्या लाभान्वित हुनेगरि ६६०१ निजी धारा जडान गरिएका छन्।कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ६५ प्रतिशत रहेको छ।

### ख. जलवायु अनुकूलित बृहत खानेपानी आयोजना (सशर्त अनुदान)

यी आयोजना संघ सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण भई आएका आयोजना हुन्। कुल ४८६ क्रमागत आयोजनामध्ये ४३८ को यस आर्थिक वर्ष को लक्ष्य अनुसारको पाईप फिटिङ्ग औजार खरिद गर्ने कार्य सम्पन्न भएको, ३५५ को संरचना निर्माण, पाईप लाईन जडान कार्य भएको तथा १३५ आयोजनाको जनसहभागिताबाट गर्ने कार्य सम्पन्न भएका छन्। ३२४ आयोजनाको यस आर्थिक वर्ष मा लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्। यस अवधिमा २२ आयोजना सम्पन्न भएका छन्।यसैगरि ५१५६६ जनसंख्या लाभान्वित हुनेगरि ९८७५ निजी धारा जडान गरिएका छन्।कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ६२ प्रतिशत रहेको छ।

### ग. विशेष अनुदानतर्फका खानेपानी आयोजना

यी आयोजना संघ सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट कार्यान्वन हुने आयोजना हुन्।यिनीमा पनि एक घर एक धारा कार्यक्रम लागू गरिएको छ। कुल ४८ आयोजनामध्ये ३३ आयोजना ठेक्का सम्झौता भएका क्रमागत आयोजना हुन् भने १५ आयोजना यसै आर्थिक वर्षमा छनौट भएका

हुन्। उल्लेखित १५ आयोजना ठेक्का प्रकृयाको चरणमा रहेका छन्। १७ आयोजनाको यस आर्थिक वर्ष मा लक्षित सम्पूर्ण कार्य सम्पन्न भएका छन्।हालसम्म ३ वटा योजना सम्पन्न भैसकेका छन्। कुल वार्षिक लक्ष्यअनुसार भौतिक प्रगति ५७ प्रतिशत रहेको छ।

## घ. आधारभूत खानेपानी पहुँच वृद्धि आयोजना

१. हालसम्म पनि नदी, खोला तथा ताल जस्ता परम्परागत पानीका स्रोतबाट सिधै खानेपानीप्रयोग गरिरहेका स्थानको पहिचान गरी त्यस्ता बस्तीमा यसै आर्थिक वर्षमा खानेपानी सुविधा पुरयाउन आवश्यक बजेटको प्रबन्ध गरिएको छ (बजेट वक्तव्यको बुदा न. ३२)।

२. प्रदेश सरकारको सम्पूर्ण जनतालाई आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य (आधारभूत खानेपानी पहुच वृद्धि कार्यक्रम) अनुरुप सूचना सम्प्रेषण गरी आवेदन माग भएकोमा कुल ८४३ आयोजनाका लागि स्थानीय तह मार्फत आवेदन प्राप्त भएका थिए। प्राप्त आवेदन मध्ये पानीको स्रोतको दूरी र गुणस्तरलाई मुख्य आधार लिई उपयुक्त ठहरिएका १३० आयोजनामध्ये १०४ आयोजनाको सर्वेक्षण कार्य सम्पन्न भएको छ भने २६ आयोजनाको निर्माण कार्य शुरु भएको छ।

**क्षेत्र : यातायात पूर्वाधार क्षेत्र (सडक, सडक पुल झोलुङ्गे पुल )**

**(रु. हजारमा)**

| प्रदेश समानीकरण अनुदानतर्फ | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **कार्याक्रमको नाम** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
| १ | एक निर्वाचन क्षेत्र एक सडक | ९१९००० | ७९२९९२ | ८६.२९ |
| २ | प्रादेशिक सडक "क" वर्ग | ४३४००० | ४१७४८६ | ९६.१९ |
| ३ | प्रादेशिक सडक "ख" वर्ग | ९२३००० | ३३२४८९ | ३६.०२ |
| ४ | प्रादेशिक सडक "ग" वर्ग | १३८१५०० | २८८७८४ | २०.९० |
| ५ | सडक पुल | ९६५००० | १८९२३८ | १९.६१ |
| ६ | झोलुङ्गे पुल | ४२८४१६ | ७३१५१ | १७.०७ |
| ७ | स्थानीय तह जोड्ने सडक | ५२०५०० | १०१७५९ | १९.५५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | अन्य सडक | ६१४४०६ | ७५७२८ | १२.३३ |
| ९ | यातायात पूर्वाधार निर्देशनालय | ४८७४६५ | ६१३१६ | १२.५८ |
| | **जम्मा** | **६७२४७८७** | **२३३२९४३** | **३४.६९** |

१. आर्थिक वर्ष २०७६/०७७ मा विनियोजन भएको रकम ७ अर्ब ४७ करोड ४७ लाख ८७ हजार मध्ये ८२ करोड समपूरकतर्फका १६ वटा योजनामा वजेट विनियोजन भएको छ र बाँकी ६ अर्ब ७२ करोड २७ लाख बजेट मध्ये चालु आर्थिक वर्षको बैशाख मसान्तसम्म ३ अर्ब ११ करोड २९ लाख ९ हजार (३४.६९%) खर्च भएको छ।

२. प्रादेशिक सडक "क" वर्ग सडकमा हाल १२ वटा योजना छन् जसमध्ये ८ वटा सम्झौता भई कार्य भईरहेको र ४ वटा योजना कार्यान्व्यन नभएका छन। यस क्षेत्रमा ७९४५४ घ.मि. टेवा पर्खाल,१९६.६ कि.मि. सडक चौडा, नाला निर्माण कार्य ५५.३ कि.मि. र ४७ वटा कल्भर्ट निर्माण भएका छन्।

३. एक निर्वाचन क्षेत्र एक सडकमा हाल ३६ वटा योजना छन् जसमध्ये ३३ वटा सम्झौता भई कार्य भईरहेको र २ वटा योजना बोलपत्र मूल्याङ्कनको चरणमा रहेका छन भने एउटा योजनाको बिस्तृत आयोजना प्रतिवेदन तयार गरी वातावारणीय प्रभाव मूल्याङ्कनको कार्य हुँदै छ।यस क्षेत्रमा ७९४५४ घ.मि. टेवा पर्खाल,१९६.६ कि.मि. सडक चौडा, नाला निर्माण कार्य ५५.३ कि.मि. र ४७ वटा कल्भर्ट निर्माण भएका छन्। १८ कि.मि सडकमा ग्राभेल र ८ कि.मि सडकमा बेस निर्माणको कार्य सम्पन्न भएको छ।

४. प्रादेशिक सडक "ख" वर्ग सडकमा ४६ वटा सम्झौता भई कार्य भईरहेको छ। यस क्षेत्रमा १६६७५ घ.मि. टेवा पर्खाल,६२.३ कि.मि. सडक चौडा, नाला निर्माण कार्य २०.७४१ कि.मि. र ३१ वटा कल्भर्ट निर्माण भएका छन्। नयाँ ट्र्याक १० कि.मि., ५.१ कि.मि सडकमा ग्राभेल र ३.२ कि.मि सडकमा बेस निर्माणको कार्य सम्पन्न भएको छ।

५. प्रादेशिक सडक "ग" वर्ग सडकमा २१३ वटा सम्झौता भई कार्य भईरहेको। यस क्षेत्रमा १३४४५ घ.मि. टेवा पर्खाल, १२२.४४ कि.मि. सडक चौडा, नाला निर्माण कार्य ३१.१२४ कि.मि. र २० वटा कल्भर्ट निर्माण भएका छन्। नयाँ ट्र्याक १७.९६४ कि.मि., १४.७ कि.मि सडकमा ग्राभेल र ७.३ कि.मि पक्कि सडक निर्माणको कार्य सम्पन्न भएको छ।

६. सडक पुलतर्फ ९४ वटा सडक पुल मध्ये ३५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै छ भने बाँकी ५९ वटा पुलको निर्माण कार्यका लागि ठेक्का प्रक्रिया सम्पन्न भई निर्माणाधीन अवस्थामा रहेका छन्। सडक पुल क्षेत्रमा कुल १९.६१ % वजेट खर्च भएको छ। डिजाइन एण्ड बिल्डतर्फका ७ पुल मध्ये ३ वटा सडक पुलको ठेक्का सम्झौता भई डिजाइन चरणमा छन् र बाकी ४ वटा सडकको बोलपत्र आब्हान भएको छ।

७. झोलुङ्गे पुलतर्फ १२१ योजना मध्ये क्रमागत ५१ वटा योजनाको निर्माण कार्य सुचारु भई १७.१% वजेट खर्च भएको छ र बाँकी झोलुङ्गे पुलको विस्तृत आयोजना प्रतिवेदन तयारी भैराहेको छ।

८. स्थानीय तहको केन्द्र जोड्ने सडकतर्फ चालु आर्थिक वर्षमा १४ वटा सडकमा बाउन्न करोड बिनियोजन भएकोमा बैशाख मसान्तसम्म १९.५५% खर्च भएको छ। आर्थिक वर्षको वैशाख मसान्तसम्म ३८.७ कि.मि. सडक पक्की र ११०.१६ कि.मि. सडक ग्राभेलस्तरमा स्तरोन्नति भएका छन।

## सशर्त अनुदानतर्फ

**(रु. हजारमा)**

| कार्यक्रमको नाम | योजनाको संख्या | विनियोजित बजेट | वार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| सडक र सडक पुल | ११० | २१२६२७० | ६४६१५२ | ३०.३९ |

आर्थिक वर्ष २०७६/७७ मा विनियोजन भएको रकम रु. २ अर्ब १२ करोड ६२ लाख ७० हजार मध्ये बैशाख मसान्तसम्म रु. ६४ करोड ६१ लाख ५२ हजार (३०.३९%) खर्च भएको छ। सडक पुलतर्फ यस आर्थिक वर्षमा वजेट बिनियोजन भएका ४४ मध्ये २० वटा सडक पुलको निर्माण कार्य सम्पन्न भएको छ। सशर्त अनुदानतर्फका सडक मा म्याद थप लगायतका प्रक्रिया पुरा गरिएको छ।

| समपूरक अनुदानतर्फ (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स | योजना संख्या | विनियोजित वजेट | | | कुल खर्च | खर्च प्रतिशत |
| | | नेपाल सरकार | प्रदेश सरकार | कुल वजेट | | |
| १ | १६ | १११११६०० | ८३०००० | १९४१६०० | ७७९९६६ | ४०.१७ |

समपूरक अनुदानतर्फ संघीय सरकारवाट भौतिक पूर्वाधार माताहतका योजनामा रु.१ अर्ब ११ करोड १६ लाख विनियोजन भएकोमा कुल १६ योजनामध्ये १५ योजना निर्माणाधीन अवस्थामा रहेका छन र एक योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ र वातावारणीय प्रभाव मूल्याङ्कनको कार्य सुरु भएको छ। नेपाल सरकार र प्रदेश सरकारवाट विनियोजित कुल बजेटमध्ये निर्माण सुचारु रहेका १५ योजनामा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ४०.१७% खर्च भएको छ। दोस्रो चौमसिक अवधिसम्म उल्लेखनीय खर्च हुन सकेको छैन।

**(रु. हजारमा)**

| योजनाको किसिम | योजनाको संख्या | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश सरकारतर्फ | ६०६ | ६७२४७८७ | २३३२९४३ | ३४.६९ |
| समपूरक | १६ | १९४१६०० | ७७९९६६ | ४०.१७ |
| सशर्ततर्फ | ११० | २१२६२७० | ६४६१५२ | ३०.३९ |
| जम्मा | ७३२ | १०७९२६५७ | ३७५९०६१ | ३४.८३ |

आर्थिक वर्ष २०७६/७७ मा सडकतर्फ विनियोजन भएको रकम रु.१० अर्ब ७९ करोड २६ लाख ५७ हजारमध्ये बैशाख मसान्तसम्म रु. ३ अर्ब ७५ करोड ९० लाख ६१ हजार (३४.८३%) खर्च भएको छ।

***

# परिच्छेद आठ
# सामाजिक विकास मन्त्रालय

## ८.१ पृष्ठभूमि

नेपालको संविधानले विगतको एकात्मक शासन पद्धतिको अन्त्य गर्दै नेपाललाई संघीय ढाँचामा रुपान्तरण गरेको छ। फलस्वरुप संघ, प्रदेश र स्थानीय तहका सरकार आ-आफ्नो क्षेत्रमा क्रियाशिल छन्। प्रत्येक प्रदेश तहमा ७ वटा मन्त्रालय हुने गरी प्रदेशस्तरको सांगठनिक संरचनाको व्यवस्था गरिएको छ। प्रदेशमा रहने ७ मन्त्रालयमध्ये सामाजिक विकास मन्त्रालय पनि एक हो।

सामाजिक विकास मन्त्रालयलाई गण्डकी प्रदेश कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेश भित्रको शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समाज कल्याण, युवा, खेलकुद, श्रम तथा रोजगार र भाषा, संस्कृति एवम् पुरातत्व हेर्ने गरी जिम्मेवारी तोकिएको छ। हाल मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने सवै नीति नियम निर्माण भइनसकेको सन्दर्भमा मन्त्रालयले थुप्रै नीति नियम, ऐन कानून वनाउनपर्ने अवस्था रहेको छ। स्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा समाज कल्याण, श्रम रोजगारका परिसूचकलाई विश्लेषण गर्दा यी क्षेत्रमा सुधार भैरहेको पाइएता पनि समृद्धि र विकासका लागि यी क्षेत्रमा अन्य धेरै कार्य गर्न बाँकी रहेको अवस्था छ।

शिक्षा, स्वास्थ्य, महिला विकास, युवा खेलकुद, श्रम तथा रोजगारका क्षेत्र समाज परिवर्तनको महत्वपूर्ण पक्ष हुन्। नेपालको संविधानमा भएको व्यवस्था, अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिवद्धता, दीगो विकास लक्ष्यलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो। सोहि अनुरुप नेपाल सरकारको पन्ध्रौं योजना र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना अन्तर्गत यस मन्त्रालयको कार्यक्षेत्रमा योजनाद्ध विकास कार्यलाई महत्व दिई कार्यान्वयनमा ल्याएको छ।

नेपालको संविधानमा व्यवस्था भए वमोजिम यस मन्त्रालयले तीन तहका सरकारवीच समन्वय,सहकार्य र सहअस्तित्वका आधारमा आफ्ना कामकारवाहीलाई अगाडि वढाउँदै आएको छ। स्वास्थ्य क्षेत्र बाहेक अन्य क्षेत्रमा आफ्ना कामकारवाहीलाई तल्लो तहसम्म पुऱ्याउन

जिल्लास्तरीय निकाय स्थापना हुन नसक्दा कार्यक्रम कार्यान्वयन प्रक्रियाले अपेक्षित गति लिन सकेको छैन।

## ८.२ कार्य जिम्मेवारी

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरु देहायानुसार रहेका छन्ः

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,

५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

७. माध्यमिक तहको परीक्षा व्यवस्थापन,

८. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

९. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१०. प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

११. स्वास्थ्यसेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,

१२. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१३. राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा

मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१४. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१५. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१६. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,

१७. औषधि निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण,

१८. खोप र परिवार नियोजन,

१९. संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

२०. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

२१. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२. सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

२३. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२७. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

२८. जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थासँगको सम्पर्क र समन्वय,

२९. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

३०. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन,

३१. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

३२. लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परिक्षण,

३३. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

३४. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिकाका र महिला सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन,

३५. समाजकल्याण र संघसस्था सम्वन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन,

३६. युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

३७. खेलकुद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

३८. खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,

३९. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,

४०. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

४१. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४२. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय,

४३. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी,

४४. भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४५. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

४६. प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

४७. प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,

४८. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वको सञ्चालन र व्यवस्थापन,

४९. संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

५०. रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

५१. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन,

५२. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,

५३. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,

५४. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन।

## ८.३ दरवन्दी र पदपूर्ति तेरिज

### ८.३.१ मन्त्रालयको दरवन्दी तेरिज र पदपूर्तिको विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | १ | |
| २ | उप सचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| ३ | उप सचिव | रा.प.द्धितीय | शिक्षा | | ३ | ३ | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प.द्धितीय | विविध | | १ | १ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| ५ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | नवौं/दशौं | स्वास्थ्य | ज.हे.स. | १ | १ | |
| ६ | वरिष्ठ/उपस्वास्थ्य प्रशासक | नवौं/दशौं | स्वास्थ्य | प.हे.न | १ | १ | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रसाशन | ३ | ३ | १ |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ९ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ५ | ५ | |
| १० | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | पुरातत्व | १ | १ | १ |
| ११ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | १ |
| १२ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | २ | १ | १ |
| १३ | आयर्ुवेद चिकित्सक | आठौं | स्वास्थ्य | आयर्ुवेद | १ | १ | १ |
| १४ | नर्सिङ अधिकृत | सातौं/आठौं | स्वास्थ्य | प.हे.न. | १ | १ | १ |
| १५ | जनस्वास्थ्य अधिकृत | सातौं/आठौं | स्वास्थ्य | हे.इ. | १ | १ | १ |
| १६ | फार्मेसी अधिकृत | सातौं/आठौं | स्वास्थ्य | फार्मेसी | १ | १ | |
| १७ | स्वास्थ्य शिक्षा अधिकृत | सातौं/आठौं | स्वास्थ्य | स्वास्थ्य शिक्षा | १ | १ | |
| १८ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | ४ | ४ | |
| १९ | प्रा.स. | रा.प.अनं.प्रथम | शिक्षा | शिक्षा प्रशासन | ५ | ५ | ३ |
| २० | प्रा.स. | रा.प.अनं.प्रथम | शिक्षा | पुरातत्व | १ | १ | १ |
| २१ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | २ | २ | |
| २२ | महिला विकास | रा.प.अनं.प्रथम | विविध | | २ | २ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | निरिक्षक | | | | | | |
| २३ | सह-लेखापाल | रा.प.अनं.द्धितीय | प्रशासन | लेखा | १ | १ | |
| २४ | हलुका सवारी चालक | तहविहिन | | | ५ | ५ | |
| २५ | कार्यालय सहयोगी | तहविहिन | | | ८ | ७ | १ |
| जम्मा | | | | | ५४ | ४२ | १२ |

**८.३.२ मन्त्रालय र निकायगत दरवन्दी तेरिज र पदपूर्तिको अवस्थाः**

| क्र.सं. | मन्त्रालय/ निर्देशनालय/कार्यालय | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | ५४ | ४२ | १२ | |
| २ | गण्डकी विश्वविद्यालय | ० | | | दरवन्दी स्वीकृत भै नसकेको |
| ३ | शिक्षा विकास निर्देशनालय | ३५ | २७ | ८ | |
| ४ | स्वास्थ्य निर्देशनालय | ३२ | २५ | ७ | |
| ५ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १४ | ६ | ८ | |
| ६ | प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्र | १७ | ११ | ६ | |
| ७ | प्रदेश स्वास्थ्य तालिम केन्द्र | १४ | १२ | २ | |
| ८ | शिक्षा तालिम केन्द्र, दमौली | १७ | १५ | २ | |
| ९ | प्रदेश सङग्राहलय | १० | ७ | ३ | |
| १० | क्षयरोग केन्द्र | २४ | १४ | १० | |
| ११ | स्वास्थ्य कार्यालय, मनाङ | ११ | ३ | ८ | |
| १२ | स्वास्थ्य कार्यालय, लमजुङ | १२ | ८ | ४ | |
| १३ | स्वास्थ्य कार्यालय, गोरखा | १४ | ११ | ३ | |
| १४ | स्वास्थ्य कार्यालय, तनहुँ | १४ | ११ | ३ | |
| १५ | स्वास्थ्य कार्यालय, कास्की | १४ | १० | ४ | |
| १६ | स्वास्थ्य कार्यालय, स्याङजा | १४ | १० | ४ | |
| १७ | स्वास्थ्य कार्यालय, मुस्ताङ | ११ | ५ | ६ | |

| क्र.सं. | मन्त्रालय/ निर्देशनालय/कार्यालय | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १८ | स्वास्थ्य कार्यालय, म्याग्दी | ११ | ६ | ५ | |
| १९ | स्वास्थ्य कार्यालय वाग्लुङ | १४ | १३ | १ | |
| २० | स्वास्थ्य कार्यालय, पर्बत | १२ | १० | २ | |
| २१ | स्वास्थ्य कार्यालय, नबालपुर | ११ | ७ | ४ | |
| २२ | धौलागिरी अन्चल अस्पताल | ७८ | ५० | २८ | |
| २३ | बेनी अस्पताल, म्याग्दी | ५९ | १९ | ४० | |
| २४ | पर्बत जिल्ला अस्पताल, पर्बत | २२ | २१ | १ | |
| २५ | मुस्ताङ्ग जिल्ला अस्पताल ,मुस्ताङ | १८ | ८ | १० | |
| २६ | मातृशिशु मितेरी अस्पताल, कास्की | ३० | १५ | १५ | |
| २७ | स्याङ्जा जिल्ला अस्पताल ,स्याङ्जा | २२ | १८ | ४ | |
| २८ | दमौली अस्पताल, तनहुँ | ३० | १५ | १५ | |
| २९ | मनाङ जिल्ला अस्पताल, मनाङ | १८ | ८ | १० | |
| ३० | गोरखा अस्पताल, गोरखा | ५९ | २२ | ३७ | |
| ३१ | मध्यबिन्दु जिल्ला अस्पताल ,नबलपुर सुस्तापूर्ब | ३१ | ७ | २४ | |
| ३२ | अञ्चल आयुर्बेद औषधालय, गण्डकी | ६ | ६ | | |
| ३३ | अञ्चल आयुर्बेद औषधालय, धबलागिरी | ६ | ६ | | |
| ३४ | जिल्ला आयुर्बेद औषधालय, स्याङ्जा | ७ | ७ | | |
| ३५ | जिल्ला आयुर्बेद औषधालय, तनहुँ | ७ | ७ | | |
| ३६ | जिल्ला आयुर्बेद औषधालय लम्जुङ | ७ | ६ | १ | |
| ३७ | जिल्ला आयुर्बेद औषधालय, गोरखा | ७ | ७ | | |
| ३८ | जिल्ला आयुर्बेद औषधालय, नबलपुर | ७ | ७ | | |
| ३९ | जिल्ला आयुर्बेद औषधालय, पर्बत | ७ | ७ | | |
| ४० | जिल्ला आयुर्बेद औषधालय, म्याग्दी | ७ | ७ | | |
| ४१ | जिल्ला आयुर्बेद औषधालय, मनाङ | ७ | ५ | २ | |
| ४२ | जिल्ला आयुर्बेद औषधालय, मुस्ताङ | ७ | ७ | | |

| क्र.सं. | मन्त्रालय/ निर्देशनालय/कार्यालय | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| ४३ | रोजगार सूचना केन्द्र, कास्की | ३ | १ | २ | |
| ४४ | व्यवसायिक तथा सीप विकास कार्यालय, कास्की | १० | ८ | २ | |
| ४५ | व्यवसायिक तथा सीप विकास कार्यालय, पर्वत | १३ | १३ | | |
| **जम्मा** | | **८२३** | **५३०** | **२९३** | |

१. यस मन्त्रालय र मातहतका निकायहरुको कुल दरबन्दी ८२३ जना रहेकोमा ५३३ जना कार्यरत रहेका र २९० (३५.२३%) जनाको पदपूर्ति हुन बाँकी रहेको छ।

२. प्रदेश मातहत रहेका १० वटा अस्पतालहरुमा जम्मा ३६७ जना जनशक्ति हुनुपर्नेमा १८३ मात्र पदपूर्ति भई १८४ (५०.१३%) पद रिक्त रहेका छन्।

३. आयुर्वेद औषधालय तथा केन्द्रहरुमा ७५ दरवन्दी रहेकोमा ७२ जना कार्यरत रही ३ पद रिक्त छन्।

## ८.४ आर्थिक वर्ष २०७५/७६ को आर्थिक विवरण

(रु. हजारमा)

| सि.नं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ९१३३९६ | ५०९६०५ | ५५.७९ |
| २ | पुँजीगत | १३१६१७० | ४५९४१४ | ३४.९१ |
| | प्रदेश जम्मा | २२२९५६६ | ९६९०२० | ४३.४६ |
| सशर्त अनुदानतर्फ | | | | |
| १ | चालु | ८८९१८२ | ६५५००५ | ७३.६६ |
| २ | पुँजीगत | १०७३४१ | ९६९२५ | ९०.३० |
| संघीय सरकार सशर्त जम्मा | | ९९६५२३ | ७५१९३० | ७५.४६ |

## ८.५ सम्पादित मुख्य कार्यः

### क. शिक्षातर्फ

१. १० जिल्लाका २४ वटा स्थानीय तहमा सार्वजनिक पुस्तकालयको पूर्वाधार निर्माण गरी स्थापना भएको,

२. १० जिल्लाका २७ वटा सामुदायिक क्याम्पसको स्तरोन्नति भएको,
३. ४१ वटा प्राविधिक विद्यालयमा कम्प्युटर ल्याव तथा शैक्षिक सामग्री एवम् शैक्षिक उपकरण व्यवस्थापन भएको,
४. ७ वटा नमूना आवासीय विद्यालयको विस्तृत आयोजना प्रतिवेदन तयार भएको,
५. ११ वटै जिल्लाका ९५ वटा आधारभूत विद्यालय र १८१ वटा माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव स्थापना र सञ्चालन भएको,
६. १४१ वटा माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन भएको।

**ख. स्वास्थ्यतर्फ**

१. सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रण ऐन र विभिन्न कार्यविधि तयार गरिएको,
२. ११ वटै जिल्लाका १७५ विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन भएको
३. सिकलसेल रोग नियन्त्रणका लागि नवलपुर जिल्लाका ३ वटा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन,
४. प्राकृतिक चिकित्सालय तथा सामुदायिक अस्पतालमा औजार उपकरण व्यवस्था,
५. स्वास्थ्य संस्थामा एक्स रे, operation theatre, OT light, Delivery Set जस्ता औजार उपकरण खरिद,
६. औषधिको Buffer Stock रहेको,
७. डेंगु तथा ईफ्लुन्जा रोकथाममा स्वास्थ्यकर्मी परिचालन,
८. आयुर्वेद औषधालय तथा स्वास्थ्य केन्द्रमा क्षारसुत्र, अक्यूपन्चर, पञ्चकर्म, फिजियोथेरापी, ल्याव तथा एक्सरे जस्ता सेवा थप गरी स्तरोन्नति गर्न २ आयुर्वेद औषधालय तथा ९ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा सेवा विस्तार भएको,
९. प्रदेशस्तरीय स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन।

**ग. महिला, बालबालिका तथा समाजकल्याणतर्फ**

१. SEE परीक्षा दिने ३८८३ र विद्यालय बीचैमा छाड्ने छात्रादर बढी भएका विद्यालयका १०८० जना गरी जम्मा ४९६३ छात्रालाई स्यानिटरी प्याड वितरण,
२. विपन्न र लक्षित समूहका ज्येष्ठ नागरिकलाई स्वास्थ्य सुधारका लागि १० जिल्लामा शिविर सञ्चालन भई १९०० जना लाभान्वित भएको,

३. मन्त्रालयमा अपाङ्गता सहायता कक्षको स्थापना,

४. विभिन्न जिल्लाका १० वटा जेष्ठ नागरिक आश्रमको पूर्वाधार निर्माण तथा क्षमता विस्तार,

५. पोखरा महानगरपालिकासँग साझेदारीमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र निर्माण भईरहेको।

## घ. भाषा तथा संस्कृति र पुरातत्व

१. नवलपुरमा अवस्थित थारु संग्रहालयको स्तरोन्नति भएको,

२. प्रदेशभित्र बोलिने भाषाको प्रोफाइल तयार भएको,

३. स्थानीय भाषा अध्यापन गर्ने ७ वटा विद्यालयको स्तरोन्नतिका लागि अनुदान उपलव्ध भएको,

४. लिगलिगकोटमा साँस्कृतिक सङ्ग्राहलाय स्थापनार्थ गुरुयोजना तयार भएको,

५. प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापनार्थ विधेयकको मस्यौदा तयार भएको,

६. अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रदेश एवम् राष्ट्रको गौरब बढाउन सफल खेलाडीलाई नगद पुरस्कार र प्रशंसा पत्र सहित सम्मान गरिएको (क्रिकेट, प्यारागलाइडिङ्ग, आठौं राष्ट्रिय खेलकुदका विजेता) ,

७. खेलकुद एकेडेमीको विधेयक मस्यौदा तयार भएको,

८. ९ जिल्लाका १३ वटा स्थानीय तह (घरपझोङ, लोघ्याकर दामोदरकुण्ड, मङ्गला, मालिका, काठेखोला, महाशिला, फेदीखोला, विरुवा, रुपा, मादी, देवघाट, क्ल्होसोथार र धार्चे) मा खेल मैदानको पूर्वाधार निर्माण,

९. ६ जिल्लाका नगरपालिका (पुतलीबजार, पोखरा म.पा. २ स्थान, व्यास, मध्यनेपाल २ स्थान र कुश्मा) मा रंगशालाको पूर्वाधार तयार भएको।

## ङ. श्रम तथा रोजगारतर्फ

१. मन्त्रालय र स्थानीय तह गरी २१३५ जना र सीप विकास केन्द्रवाट १६७१ जना गरी ३८०६ जनालाई छोटो अवधिको स्वरोजगार तालिम दिइएको,

२. बैदेशिक रोजगारी र मानव बेचविखनमा परेका महिला, यूवा लक्षित परामर्श सेवा कार्यक्रममा ६५० जना युवा तथा महिलालाई परामर्श सेवा सञ्चालन,

३. ६ जिल्लामा यातायातको क्षेत्रमा काम गर्ने ८५० जना मजदूरलाई सचेतना सम्बन्धी अभिमुखीकरण सञ्चालन।

## ८.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

(रु. हजारमा)

| सि.नं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २८०१७३६ | ९७७९७८ | ३४.९१ |
| २ | पुँजीगत | ८३९५९३ | ९३७८१ | ११.१७ |
| | **जम्मा** | **३६४१३२९** | **१०७१७५९** | **२९.४३** |

## ८.७ सम्पादित मुख्य कार्य

### क. ऐन, नियम तथा कार्यविधि निर्माण एवम् कार्यान्वयन,

१. गण्डकी विश्वविद्यालय ऐन, २०७६ जारी भएको,

२. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ जारी भएको,

३. गण्डकी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रतिष्ठान विधेयक प्रदेश सभामा पेश गरिएको,

४. गण्डकी प्रज्ञा प्रतिष्ठान विधेयक प्रदेश सभामा पेश गरिएको,

५. गण्डकी प्रदेश खेलकुद ऐकेडेमी विधेयक मस्यौदा गरिएको,

६. प्रदेश सामाजिक विकास विधेयक तर्जुमाको चरणमा रहेको,

७. प्रदेश शिक्षा नीतिको प्रारम्भिक खाका तयार गरिएको,

८. आर्थिक वर्ष २०७६/०७७ मा मन्त्रालयका लागि स्वीकृत वार्षिक वजेट र कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधि तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको,

९. प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख एवं स्थानीय तहका प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सहभागितामा वार्षिक कार्यक्रम कार्यान्वयन अभिमुखीकरण तथा सुझाव संकलन गोष्ठी ११ वटै जिल्लाको प्रतिनिधित्व हुने गरी कास्की, तनहुँ र बाग्लुङ्ग जिल्लामा सम्पन्न गरी नीति तथा कार्यक्रम र वार्षिक बजेटका सम्बन्धमा सवै सरोकारवालालाइ जानकारी गराइ कार्यक्रम पुस्तिका समेत वितरण गरिएको,

१०. नीति, बजेट र कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार महाशाखा, व्यक्ति र समयसीमा सहितको कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।

## ख. स्वास्थ्यतर्फ

१. डेंगु रोग नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिएको,

२. १४ जना गर्भवती महिलालाई जटिलता व्यवस्थापनका लागि Air Lifting गरिएको,

३. प्रदेश खोप कोषमा रु. ५० लाख थप गरिएको,

४. जिल्ला अस्पतालमा डायलाइसिस सेवा शुरु गरिएको,

५. हिमालय आँखा अस्पताल पोखरा र बागलुङ अस्पताल बागलुङलाई उपकरण खरिदका लागि अनुदान प्रदान गरिएको,

६. पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको बहिरङ्ग विभाग निर्माणका लागि अनुदान प्रदान गरिएको,

७. पोखरा नर्सिङ क्याम्पसमा अस्पताल निर्माणका लागि अनुदान प्रदान गरिएको,

८. बिन्ध्यबासिनी प्राकृतिक चिकित्सालय निर्माण र नेपाल रेडक्रस सोसाइटी पोखराको ब्लड बैंकको पूर्वाधार निर्माणका लागि अनुदान प्रदान गरिएको,

९. मुक्तिक्षेत्र विकास समितिको गठन गरी High Altitude Sickness Centre स्थापना र सञ्चालन गरिएको,

१०. प्रदेश अन्तर्गतका स्वास्थ्य कार्यालयलाई ३ वटा गाडी खरिद गरी प्रदान गरिएको,

११. बुड्दिकाली गाउँपालिका र मध्यविन्दु जिल्ला अस्पतालमा सर्पदंश उपचार केन्द्र स्थापना भई सञ्चालनमा आएको,

१२. गह्रौं घ्याङ्लिङ प्राथमिक स्वास्थ्य केन्द्र स्याङ्जा र तिलाहार स्वास्थ्य चौकी पर्वतमा राजमार्ग घुम्ती अस्पताललाई निरन्तरता दिनका लागि अनुदान प्रदान गरिएको,

१३. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा औषधि तथा उपकरण व्यवस्थापनका लागि ट्रक खरिद गरी प्रदान गरिएको,

१४. प्रदेश जनस्वास्थ्य प्रयोगशाला पोखरामा प्रयोगशालासँग सम्बन्धी विद्युतीय अभिलेख राखी सूचना प्रणाली व्यवस्थापन गर्न प्रयोगशाला सूचना प्रणालीको शुरुवात गरी सेवा प्रदान गरिएको,

१५. एकीकृत स्वास्थ्य व्यवस्थापन प्रणालीको शुरुवात गरी स्वास्थ्य सम्बन्धी तथ्यमा आधारित सूचनाको एकीकृत रुपमा विद्युतीय अभिलेख राखी आवश्यकता अनुसार प्रयोग गर्ने व्यवस्था मिलाइएको,

१६. आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि खरिद पूर्वानुमान गरी परिमाण निर्धारण गरिएको,

१७. क्षेत्रीय क्षयरोग केन्द्रलाई प्रदेश सरकार मातहत ल्याइएको,

१८. लेखनाथ सामुदायिक लायन्स अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि प्रदेश सरकारको नीतिगत निर्णय भैसकेको र सोहि अनुसार प्रकृया अगाडि बढेको,

१९. मातृशिशु मितेरी, मध्यबिन्दु, गोरखा, पर्वत र मुस्ताङ अस्पतालका भवन निर्माणाधीन अवस्थामा रहेका,

२०. समुदायमा कोभिड - १९ सम्बन्धी सचेतना जगाई यसबाट हुने संक्रमण दर घटाउन र पूर्व सावधानी अपनाउनका लागि विभिन्न छापा र श्रव्य-दृश्य माध्यमको प्रभावकारी रूपमा प्रयोग गरी सूचना सम्प्रेषण गरिएको,

२१. स्वास्थ्य निर्देशनालयमा दूरदराजका जनसमुदायलाई निःशुल्क रूपमा कोभिड-१९ सम्बन्धी जिज्ञासाको समाधान गरी सो सम्बन्धी आवश्यक जानकारी प्रदान गर्नका लागि स्थापना गरिएको हेल्लो डक्टर कक्षबाट हालसम्म (२०७७/०१/२२ सम्म) ७७५ जनाले चिकित्सकीय परामर्श सेवा लिएका,

२२. कोभिड - १९ को दैनिक विवरण अद्यावधिक गर्नका लागि अनलाइन सफ्टवेर र मोबाइल एप्लिकेशनको विकास गरी प्रत्येक स्थानीय तह, जिल्लास्थित स्वास्थ्य कार्यालय, अस्पताल मार्फत प्रयोगमा ल्याइएको,

२३. कोरोना भाइरसबाट हुने संक्रमणको प्रयोगशाला परीक्षणका लागि रियल टाइम पी.सी.आर. मेसिन र पोर्टेबल पी.सी.आर. मेसिनको व्यवस्थापन गरी हालसम्म (२०७७/०१/२२ सम्म) कोभिड -१९ का शंकास्पद ५११ जना व्यक्तिको परीक्षण गरिएको,

२४. "करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी छनौट सम्बन्धी कार्यविधि, २०७६" प्रदेश सरकारबाट पारित भएको,

२५. “कोरोना भाइरस संक्रमण (COVID-१९) को रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिका लागि जोखिम भत्ता र बिमा व्यवस्थापन कार्यविधि, २०७७” प्रदेश सरकारबाट पारित भएको,

२६. "कोरोना भाइरस रोग (कोभिड- १९) का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन कार्यविधि, २०७७" तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत मन्त्रिपरिषदमा पेश गरिएको,

२७. प्रदेश अन्तर्गतका सबै अस्पतालमा सघन उपचार कक्ष निर्माणका लागि नीतिगत निर्णय भई प्रकृया अगाडि बढेको,

२८. २१ जना नर्सिङ कर्मचारी र ८ जना मेडिकल अफिसर र १ जना बायोमेडिकल टेक्नसियनले राष्ट्रिय मृगौला उपचार केन्द्र काठमाण्डौमा तालिम लिई गण्डकी प्रदेश सरकार मातहतका स्याङ्गजा, पर्वत, म्याग्दी र बाग्लुङ्ग जिल्लाका अस्पतालबाट डायलासिस सेवा सञ्चालन भइरहेको,

२९. तालिम व्यवस्थापन सूचना प्रणालीबाटै तालिमका सहभागिको विवरण राख्ने तथा प्रमाणपत्र वितरणको कार्य शुरु गरिएको,

३०. गण्डकी प्रदेशका ग्रामीण क्षेत्रमा अवस्थित १२ जना नर्सिङ कर्मचारीलाई USG तालिम प्रदान थरी USG सेवा प्रवाह भईरहेको,

३१. ८० जना स्वास्थ्यकर्मीले तालिम प्राप्त गरिसकेकाले नसर्ने रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्ने,

३२. ८० जना नर्सिङ कर्मचारीलाई तालिम प्रदान गरी प्रसुति सेवामा गुणस्तरियता कायम भएको।

## ग. शिक्षातर्फ

१. गण्डकी विश्वविद्यालयमा कुलपति नियुक्त भई विश्वविद्यालय स्थापना गरिएको तथा न्यासिक परिषद गठन कार्य अगाडि बढाइएको,

२. सुरुङ इञ्जिनीयरिङ्ग विषयको पाठ्यक्रम निर्माण कार्यशाला सम्पन्न भै पश्चिमाञ्चल इञ्जिनीयरिङ्ग क्याम्पसमा स्नातकोत्तर तहको पढाइ शुरु गर्ने क्रममा रहेको,

३. दुर्गम तथा हिमाली जिल्लाका ५ वटा नमूना आवासीय विद्यालयमा आवास निर्माणको कार्य अगाडि बढाउन प्रति विद्यालय ६० लाखका दरले रकम वित्तीय हस्तान्तरण गरी पठाइएकोमा कार्य शुरुवात भएको,

४. हिमाली जिल्लामा आवासीय रुपमा सञ्चालित १७ वटा विद्यालय र ५ वटा नमूना आवासीय विद्यालयमा अध्ययनरत १५० जना आवासीय विद्यार्थीका लागि रकम निकासा गरिएको,

५. एसओएस बालग्राम पोखरामा अध्ययनरत लक्षित समूहका बालवालिकाका लागि रु. ७५ लाख रकम मध्ये प्रथम किस्तामा रु. ४५ लाख छात्रवृत्ति रकम निकासा गरिएको,

६. जनक शिक्षा सामग्री केन्द्रको पुस्तक भण्डार कक्ष र पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पसको छात्रावास सुधार कार्यक्रमका लागि सम्झौता गरी निर्माण कार्य कार्य सञ्चालन भएको,

७. शैक्षिक सुधारका लागि उच्च र न्यून नतिजा भएका विद्यालयका सरोकारवालाका बीच पर्वत, कास्की र गोरखा जिल्लामा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको,

८. आङ्गिक तथा सामुदायिक क्याम्पसको स्तरोन्नतिका लागि २५ वटा क्याम्पसलाई अनुदान निकासा गरिएको,

९. कक्षा १-३ मा एकीकृत पाठ्यक्रम नमूनाका रुपमा कार्यान्वयन भएका गोरखा, पर्वत र तनहुँ जिल्लाका सरोकारवाला बीच अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको,

१०. शिक्षा विकास निर्देशनालयबाट विद्यालयको भौतिक सुधार, आदर्श विद्यालय विकास, नमूना बालविकास केन्द्र विकास, प्राविधिक विद्यालय र विज्ञान विषय सञ्चालन गर्ने विद्यालयका लागि अनुदान निकासा लगायतका कार्यक्रमको प्रस्ताव मूल्याङ्कन भएको,

११. सबै स्थानीय तहका शिक्षासँग सम्बन्धित अधिकृतका लागि शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनका लागि क्षमता अभिवृद्धि गरिएको,

१२. मुख्यमन्त्री उच्चशिक्षा छात्रवृत्ति र हेनान सरकारबाट प्राप्त छात्रवृत्तिमा विद्यार्थी छनौट कार्य गरिएको,

१३. २ वटा सार्वजनिक पुस्तकालय पुस्तकालय स्थापनाका लागि अनुदानका दिइएको,

१४. अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय शिक्षा दिवसको अवसरमा प्रदेशका उत्कृष्ट विद्यालय (सामुदायिक र संस्थागत ३/३) लाई पुरस्कृत गरिएको,

१५. प्रधानाध्यापक नेतृत्त्व क्षमता विकास तालिम र शिक्षकलाई मागमा आधारित शिक्षक पेसागत विकास तालिम सञ्चालन भएको,

१६. शिक्षकको आवश्यकता समेटिने गरी प्रदेशस्तरीय शिक्षक तालिम प्याकेज तयार गरिएको।

## घ. महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याणतर्फ

१. बागलुङ, तनहुँ र स्याङजा जिल्लामा १५० जना महिलाको लागि निःशुल्क प्रतियोगितात्मक तयारी कक्षा सञ्चालन गरिएको,

२. लैंगिक हिंसा विरुद्धको अभियानमूलक कार्यक्रम सञ्चालन गर्न ११ वटै जिल्लाका जिल्ला समन्वय समितिलाई बजेट उपलब्ध गराई कार्यक्रम सञ्चालन गरिएको र सामाजिक कुरीति, बाल विवाह, जातीय छुवाछुत लगायतका हानिकारक अभ्यास विरुद्धको अभियानमा लागि ८५ स्थानीय तहमार्फत कार्यक्रम गरिएको,

३. तनहुँ र बागलुङ जिल्लामा हिंसा प्रभावितका लागि सञ्चालित जिल्ला सेवा केन्द्रको व्यवस्थापनका लागि रकम उपलब्ध गराइएको छ। म्याग्दी, पर्वत, स्याङजा, लम्जुङ, गोरखा र नवलपुर जिल्लामा अल्पकालीन आश्रयसहितको जिल्ला सेवा केन्द्र स्थापनाको कार्य प्रारम्भ भएको,

४. लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसार प्रभावितको लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र कास्की जिल्लाको पोखरा महानगरपालिकामा निर्माण भईरहेको,

५. प्रदेश भित्रका ११ जिल्लाका ३० जना महिला पत्रकारको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको,

६. दृष्टिविहीनको लागि श्रव्य पुस्तकालय स्थापना भई श्रव्य सामग्री रेकर्डिङ्ग भईरहेको,

७. २२ वटा स्थानीय तहमा ५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि बजेट उपलब्ध गराई कार्य प्रारम्भ भएको छ। प्रदेशभित्र रहेका १२ वटा ज्येष्ठ नागरिक आश्रमको पूर्वाधार तथा व्यवस्थापनमा सहयोग गरिएको,

८. गोरखा, लमजुङ, कास्की र बागलुङ जिल्लाका मानव सेवा आश्रमको पूर्वाधार तथा व्यवस्थापनमा सहयोग गरिएको,

९. प्रदेशका विभिन्न स्थानमा सञ्चालित औद्योगिक मेला तथा प्रदर्शनीमा महिला उद्यमीबाट उत्पादित वस्तुको प्रदर्शन गरिएको छ,

१०. अपांगता भएका, अशक्त, विपन्न अवस्थाका ७४ जना नागरिकलाई स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन ६ लाख रकम उपलब्ध गराइएको,

११. कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका लेवाडेमा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र स्थापना भई सञ्चालनमा आएको,

१२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लगायतसँग सम्बन्धित विभिन्न दिवस मनाउने कार्य सम्पन्न भएको छ। लैंगिक हिंसा विरुद्धको अभियान वर्ष २०७६ प्रदेश, जिल्ला र स्थानीय तहमा समेत अभियानमूलक कार्यक्रम सहित सम्पन्न गरिएको छ।

## ङ. युवा तथा खेलकुद, भाषा, संस्कृति र पुरातत्वतर्फ

१. विभिन्न सँस्कृति, जनजाति र समुदायसँग सम्बन्धित सँग्रहालय र भवन स्थापना तथा स्तरोन्नति कार्य अगाडि वढेको,

२. मुख्यमन्त्री कप खेलकुद प्रतियोगिता सञ्चालन कार्य सम्पन्न भएको,

३. १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता सम्पन्न गर्न आर्थिक तथा व्यवस्थापकीय कार्यमा आर्थिक सहयोग गरिएको,

४. २२ गाउँपालिका र ५ नगरपालिकाको समन्वयमा खेलमैदान र रङ्गशाला निर्माण कार्यका अनुदान रकम निकासा भएको,

५. पर्वतीय सङ्ग्रहालयमा कोशेली घर निर्माणका लागि सम्झौता भई निर्माण कार्य भईरहेको,

६. अन्तर्राष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणार्थ पोखरा - ३३, पशुपति घाटको जग्गा प्राप्ति कार्य सम्पन्न भई रङ्गशालाको विस्तृत आयोजना प्रतिवेदन निर्माणको प्रक्रियामा रहेको।

## च. श्रम तथा रोजगारतर्फ

१. लामो तथा छोटो अवधिको तालिमको लागि सूचना प्रकाशन भै तालिम प्रदायक संस्था सूचीकृत गरी तालिम सञ्चालनका लागि सम्झौताको तयारी गरिएको,

२. ५ वटा स्थानीय तहलाई तालिम सञ्चालनका लागि ४५ लाख उपलव्ध गराइएको,

३. सीप विकास तालिम केन्द्र कास्कीबाट ३९९ जना र सीप विकास तालिम केन्द्र पर्वतबाट २६१ जनालाई सीप विकास तालिम दिइएको छ।

## ८.८ संघीय सरकारबाट हस्तान्तरण भएका सशर्त अनुदानमा आधारित आयोजना/कार्यक्रमको संक्षिप्त व्याख्यात्मक प्रगति विवरण

संघीय सरकारबाट यस मन्त्रालय र मातहतका निकायबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमको कार्यक्रम तथा बजेट प्राप्त भएको छ।

| सि.नं. | क्षेत्र | बजेट (रु. हजारमा) |
|---|---|---|
| १ | युवा तथा खेलकुद | ४५७४७ |
| २ | शिक्षा | ९७६३७ |
| ३ | स्वास्थ्य | ६०६९०९ |
| ४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ८६४ |
| ५ | सिटिइभिटीतर्फ | ५३१६८१ |
| | **जम्मा** | **११८५२०१** |

माथिको तालिकामा उल्लिखित रकममध्ये युवा तथा खेलकुद कार्यक्रमका लागि प्राप्त हुन आएको बजेटको ठूलो अंश राष्ट्रिय विकास स्वयम् सेवक सेवा सञ्चालनका लागि खर्च हुन गएको छ। त्यस्तै प्रदेश युवा नीति निर्माण, रङ्गशाला निर्माण, राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता, युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ। शिक्षातर्फ प्राप्त हुन आएको रकम कक्षा १० को परीक्षा व्यवस्थापन, शिक्षकको क्षमता विकास, छात्रवृत्ति वितरण, योजना तथा कार्यक्रम निर्माण र अभिमुखीकरण कार्यमा खर्च हुन गएको छ भने सिटिइभिटीतर्फ प्राप्त हुन आएको कार्यक्रम तथा बजेट सिटिइभिटी प्रदेश कार्यालय र ९ वटा शिक्षालयको नाउँमा ट्रेजरी खडा गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरिएको छ। यस रकमबाट सिटिइभिटी अन्तर्गतका शिक्षालयको सञ्चालन एवम् प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था मिलाइएको छ। स्वास्थ्यतर्फ प्राप्त भएको बजेटबाट जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रम, औषधि व्यवस्थापन, अस्पतालबाट प्रदान गरिने सेवा र पोषणसँग सम्बन्धित निर्दिष्ट गरिएका कार्यक्रममा खर्च हुने गरी मन्त्रालय मातहतका स्वास्थ्यसँग सम्बन्धित निकायमा पठाइएको छ।

## ८.९ संघीय सरकार विशेष अनुदानमा आधारित आयोजना/कार्यक्रमको संक्षिप्त प्रगति विवरण

संघीय सरकारबाट विशेष अनुदानको रुपमा स्वास्थ्य क्षेत्र सुदृढीकरण आयोजनाका लागि रु. ३३ करोड र साक्षर गण्डकी अभियान सञ्चालन गर्न रु. ३ करोड प्राप्त हुन आएको छ। यसमध्ये

स्वास्थ्य क्षेत्र सुदृढीकरण आयोजनाको रकम सामाजिक विकास मन्त्रालय र मातहतका स्वास्थ्य निकायको सुदृढीकरणका लागि सम्बन्धित निकायमा अख्तियारी पठाइएको छ भने गण्डकी प्रदेशका ११ बटै जिल्ला यस अगावै साक्षर जिल्ला घोषणा भइसकेकाले साक्षर गण्डकी प्रदेश अभियानको रकम निकासा लिइ खर्च भएको छैन।

स्वास्थ्य क्षेत्र सुदृढीकरणतर्फको रकम देहाय बमोजिमका मुख्यमुख्य कार्यक्रम सम्पन्न गर्ने उद्देश्यका साथ सम्बन्धित निकायमा निकासा गरिएको छ।

१. सामाजिक विकास मन्त्रालयको स्वास्थ्यतर्फका महाशाखामा आवश्यक विद्युतीय सामग्री व्यवस्थापन,
२. स्वास्थ्य निर्देशनालय र प्रदेश स्वास्थ्य तालिम केन्द्रको भौतिक पूर्वाधारको मर्मतसम्भार,
३. प्रदेश अस्पतालमा वितरण गर्ने गरी औषधि तथा स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट आवश्यक कार्य अगाडि बढाइएको,
४. प्रदेश अन्तर्गत सञ्चालित ११ वटा अस्पतालको सुदृढीकरणका लागि निम्न बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा बजेट पठाइएकोमा हाल निम्न मुख्य मुख्य कार्य अगाडि बढाइएको छः
    - क. अस्पतालमा अक्सिजन प्लान्ट जडान र सञ्चालन,
    - ख. अस्पतालजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी,
    - ग. चिकित्सा सेवाको विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीको सञ्चालनका लागि विद्युतीय सामग्री खरिद र सञ्चालन,
    - घ. डायलाइसिस सेवाको सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास तथा उपकरण खरिद,
    - ङ. अत्यावश्यक मेडिकल औजार तथा उपकरण खरिद,
    - च. भौतिक पूर्वाधारको मर्मत सम्भार,
    - छ. भिडियो कन्फेरेन्स सेट खरिद तथा जडान,
    - ज. शव राख्ने रेफ्रिजेरेटर चेम्बर खरिद र सञ्चालन,
    - झ. धौलागिरी अञ्चल अस्पतालको निर्माणाधीन अधुरो भवन, लिफ्ट र क्वाटर निर्माण सम्पन्न गर्न।

कोभिड-१९ का कारण देश लकडाउनमा रहेकाले आर्थिक नियम बमोजम प्रक्रिया पुरा गरी खर्च गर्न समय अभाव हुन गएकाले अधिकांश रकम खर्च हुने देखिंदैन।

## ८.१० संघ सशर्त अनुदानतर्फको

१. प्रदेशस्तरको बौद्धिक अपाङ्गता भएका बालवालिकाका लागि आवासीय विद्यालय स्थापनाका गर्न त्रिभुवन शान्ति मा.वि. लेखनाथसँग सम्झौता गरी विस्तृत आयोजना प्रतिवेदन निर्माण कार्य अगाडि बढेको,

२. शैक्षिक सरोकारवालासँग वार्षिक कार्यक्रम तथा बजेटको अभिमुखीकरण तथा आर्थिक वर्ष २०७७/०७८ को कार्यक्रम पहिचान कार्यशाला सञ्चालन गरिएको,

३. शिक्षा तालिम केन्द्रद्वारा प्रधानाध्यापक १०० जना, अंग्रेजी, गणित र विज्ञानमा १७३ जना, आधारभूत तह शिक्षक पेसागत विकास तालिम १७६ जना शिक्षक र EGRP सँग सम्बन्धित शिक्षक तालिम १६६ जना गरी जम्मा ६१५ जना शिक्षकको क्षमता विकास कार्य सम्पन्न भएको,

४. SEE परीक्षा २०७६ को उत्तरपुस्तिका छपाइ कार्य सम्पन्न भई सम्बन्धित केन्द्रमा ढुवानी भएको,

५. शैक्षिक सूचक तथा तथ्याङ्क समेटिएको पुस्तिका प्रकाशन,

६. राष्ट्रिय स्वयमसेवकको रुपमा कार्यरत जनशक्तिको व्यवस्थापन तथा पारिश्रमिक वितरण कार्य भई रहेको,

७. ११ जिल्लाबाट प्रतिनिधित्व हुने गरी युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सम्पन्न (वक्तृत्वकला कार्यक्रम) भएको,

८. राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालनार्थ प्रदेश अन्तर्गतका सबै जिल्ला खेलकुद विकास समितिलाई अनुदान पठाइसकिएको (रु. ४३ लाख)।

***

# परिच्छेद नौ

# प्रदेश नीति तथा योजना आयोग

## ९.१ पृष्ठभूमि

प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दीगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याँकन गर्न नीतिको अनुसन्धान तथा विकास गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्न प्रदेश नीति तथा आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ जारी गरी २०७५ श्रावण ६ गते नीति तथा योजना आयोग गठन गरे पश्चात आयोगले आफ्नो जिम्मेवारी अनुसारको कार्य सम्पादन गर्दै आइरहेको छ।

### ९.१.१ दूरदृष्टि

अल्पकालीन र दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने।

### ९.१.२ लक्ष्य

आर्थिक सामाजिक क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन योगदान बढाउनु ।

### ९.१.३ उद्देश्य

१. अल्पकालीन र दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्नु,
२. समयसापेक्ष नीति तय गरी विकास निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन गरि प्रभावकारी तुल्याउनु,
३. संघ, प्रदेश र स्थानीय तहका बीचमा समन्वय गर्नु,
विभिन्न क्षेत्रको अध्ययन, अनुसन्धान र अन्वेषण गर्दै उत्पादन र उत्पादकत्व बढाउनु।

## ९.२ कार्य जिम्मेवारी

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ८ वमोजिम आयोगको देहाय वमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ।

**क. दीर्घकालीन नीति तथा योजना तर्जुमाः**

१. प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण समेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

५. प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

६. अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

७. प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस वमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

८. संघ, प्रदेश तथा स्थानीय तहको सहलगानी हुने आयोजना छनौट र पूर्वतयारी गर्न आवश्यक काम गर्ने,

९. प्रदेशस्तरका ठूला आयोजनाको छनौट गर्ने,

१०. प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेन्ट कन्ट्याक्टिङ्ग (इपिसी), इन्जिनियरिङ्ग प्रोक्योरमेन्ट कन्ट्याक्टिङ्ग एण्ड फाइनान्सिङ्ग (इपिसिएफ) र विल्ड वोन अपरेट एण्ड ट्रान्सफर (बुट) प्रणालीमा आयोजना निर्माण सम्बन्धी काम गर्ने।

**ख. अनुगमन तथा मूल्याङ्कनः**

१. प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने, गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

**ग. तहगत समन्वयः**

१. संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

२. अन्तर्राष्ट्रिय सहायता परिचालनको समन्वय र सहजिकरण गर्ने,

३. प्रदेश सरकारका क्षेत्रगत नीतिको सहमति दिने,

४. प्रोजेक्ट बैंक र प्रोजेक्ट योजना तयारीको लागि सार्वजनिक-निजी साझेदारी इकाईको रुपमा काम गर्ने।

**घ. अध्ययन, अनुसन्धान तथा अन्वेषणः**

१. प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

२. सार्वजनिक, निजी एवं गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

३. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्ताव सिफारिस गर्ने,

४. विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

५. क्षेत्रगत र विषयगत स्वयं सेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

## ९.३ दरवन्दी र पदपूर्ति तेरिजः

| सि.नं. | पद | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम श्रेणी | १ | - | १ | |
| २ | उपसचिव/अधिकृतस्तर | रा.प.द्धि./नवौं/दशौं | १ | १ | - | काजमा |
| ३ | शा.अ./अधिकृतस्तर | रा.प.तृ./सातौं/आठौं | २ | १ | १ | १ जना काजमा |
| ४ | लेखा अधिकृत | रा.प.तृ./सातौं/आठौं | १ | १ | - | काजमा |
| ५ | सिभिल इन्जिनियर | रा.प.तृ./सातौं/आठौं | १ | - | १ | |
| ६ | अर्थशास्त्री | रा.प.तृ./सातौं/आठौं | १ | - | १ | |
| ७ | समाजशास्त्री | रा.प.तृ./सातौं/आठौं | १ | - | १ | |
| ८ | तथ्याङ्कशास्त्री | रा.प.तृ./सातौं/आठौं | १ | - | १ | |
| ९ | ना.सु./सहायकस्तर | रा.प.अनं.प्र./पाँचौ | ३ | २ | १ | २ जना अधिकृत छैठौं काजमा |
| १० | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र./पाँचौ | २ | - | २ | |
| ११ | ह.स.चा. | तहविहिन | ३ | ३ | - | करारमा |
| १२ | कार्यालय सहयोगी | तहविहिन | ४ | ३ | १ | करारमा |
| | | **जम्मा** | **२१** | **११** | **१०** | |

## ९.४ आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १४८९७५ | ७९०९१ | ५३.०९ |
| २ | पुंजीगत | ३८९०० | ३८२७० | ९८.३८ |
| | **जम्मा** | १८७८७५ | ११७३६१ | ६२.४७ |

## ९.५ सम्पादित मुख्य कार्य

१. माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश नीति तथा योजना आयोगको पूर्ण बैठक ५ पटक तथा अन्य बैठक/गोष्ठी ४ पटक, आयोगको उपाध्यक्षको अध्यक्षतामा प्रदेश नीति तथा योजना आयोगको बैठक ८ पटक तथा अन्य बैठक/गोष्ठी ९ पटक, माननीय भौतिक पूर्वाधार विकास मन्त्रीको अध्यक्षतामा बैठक १ पटक, माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीको अध्यक्षतामा बैठक १ पटक, प्रदेश नीति तथा योजना आयोगका सदस्यको अध्यक्षतामा बैठक १ पटक बसेको र सुझाव संकलन कार्यशाला गोष्ठी ११ पटक भएको (११ जिल्लामा),

२. गण्डकी प्रदेशको प्रारम्भिक छलफल पत्र तयार गरिएको,

३. गण्डकी प्रदेशको स्थितिपत्र तयार गरिएको,

४. गण्डकी प्रदेशको आधार-पत्र तयार गरिएको,

५. स्थानीय तहमा योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।,

६. स्थानीय तहको योजना तर्जुमा सम्बन्धी दिग्दर्शन तयार गरिएको,

७. प्रदेश नीति तथा योजना आयोगको वेब साइट तयार गरी सञ्चालन (ppcgandaki.gov.np) मा ल्याइएको।

## ९.६ आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण

**(रु. हजारमा)**

| क्र.सं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २८८५० | ११९५२ | ४१.४३ |
| २ | पुँजीगत | १८५०० | १६५९० | ८९.६८ |
| | **जम्मा** | ४७३५० | २८५४२ | ६०.२८ |

## ९.७ सम्पादित मुख्य कार्यहरूः

१. कृषि क्षेत्रको बायोचर सम्बन्धी सम्भाव्यता अध्ययन,

२. मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम, नमूना कृषि फार्म, साधारण महाविद्यालयलाई प्राविधिक महाविद्यालयमा रुपान्तरण गर्नेको सम्भाव्यता अध्ययन,

३. कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान सम्बन्धी सम्भाव्यता अध्ययन,

४. ऊर्जा क्षेत्रको विस्तृत प्रोपाइल तयार गर्ने, आयोजना निर्देशिका निर्माण गर्ने जस्ता कार्यको अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा परामर्शदातासँग सम्झौता भई कार्य भइरहेको,

५. प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र सार्वजनिक, मिति २०७६/१२/०३ र ०४ गते गण्डकी विकास परिषदको प्रथम वैठक सम्पन्न, आयोगको पूर्ण वैठकबाट गण्डकी प्रदेशको पञ्चवर्षीय योजना पारित भई छपाईको प्रक्रियामा रहेको,

६. आर्थिक वर्ष २०७५/७६ को वार्षिक समिक्षा तथा आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिक समीक्षा कार्यक्रम सम्पन्न,

७. GIS Mapping को कार्य सम्पन्न भई परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको,

८. गण्डकी प्रदेशको दीगो विकास लक्ष्यको आधार वर्ष प्रतिवेदन, २०७६ अंग्रेजी र नेपाली भाषामा तयार गरी प्रकाशित गरिएको,

९. आयोगको वार्षिक प्रतिवेदन छपाई कार्य सम्पन्न गरिएको,

१०. स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम प्रदान तथा प्रतिवेदन तयारी सम्बन्धी कार्य कार्यान्वयनको चरणमा रहेको।

११. संघीय सरकारबाट हस्तान्तरण (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त) बहुक्षेत्रीय पोषण योजनाको विवरणः

**(रु. हजारमा)**

| सि.नं. | कार्यक्रमको व्यहोरा | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वहुक्षेत्रीय पोषण योजना सम्बन्धी सरोकारवला सहितको अन्तरक्रिया कार्यक्रम | ५० | - | - |
| २ | प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समतिको वैठक र कार्यक्रमको अनुगमन | २०० | ३४ | १७ |
| ३ | प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समतिको सँस्थागत सुधार, क्षमता विकास र वहुक्षेत्रीय पोषण योजनाको मूलप्रवाहीकरण | २५० | २५० | १०० |
| | **जम्मा** | **५००** | **२८४** | **५६.८०** |

***

# अनुसूची-१

## आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण

| मन्त्रालय/निकायको नाम | चालु | | | पूँजिगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च % | बजेट | खर्च | खर्च प्रतिशत |
| प्रदेश सभा | १५०५५६०४० | ७९०९१४५९ | ५२.५३ | ४२२७०००० | ३८२६९८७० | ९०.५४ | १९२८२६०४० | ११७३६१३२९ | ६०.८६ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १२८९०००० | १०२७२५८४ | ७९.६९ | १०५८६००० | १०१२३८७३ | ९५.६४ | २३४७६००० | २०३९६४५७ | ८७.०० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७३८२३२४० | ९५८०३१६८ | ५५.१२ | ८९०५०००० | ५६३०१६५७ | ६३.२२ | २६२८७३२४० | १५२१०४८२५ | ५७.८६ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ११३७१४००० | ३९८३७०९८ | ३५.०३ | ४६०२३००० | ३३१७८३०९ | ७२.०९ | १५९७३७००० | ७३०१५४०७ | ४५.७१ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १६०२५५००० | ३७४०४५३३ | २३.३४ | १७१२५०००० | २६३९७६२२ | १५.४१ | ३३१५०५००० | ६३८०२१५५ | १९.२५ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११७७८७०००० | ११४४३१४८५२ | ९७.१५ | १३४९६९७००० | ५९०५६५८६३ | ४३.७६ | २५२७५६७००० | १७३४८८०७१४ | ६८.६४ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २१४८२४२००० | १३२५११६१६५ | ६१.६८ | २४२२०३००० | ८१२४५४४९ | ३३.५४ | २३९०४४५००० | १४०६३६१६१४ | ५८.८३ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४६१४०४८०० | २६२७३७८०६ | ५६.९४ | ११६९७८९५००० | ७३२४५७८०५८ | ६२.६१ | १२१५९२९९८०० | ७५८७३१५८६४ | ६२.४० |
| सामाजिक विकास मन्त्रालय | १९१०७३१००० | ११६४६१०६०७ | ६०.९५ | १४२०८११००० | ५५६३३९८३५ | ३९.१६ | ३३३१५४२००० | १७२०९५०४४२ | ५१.६६ |
| अन्तर सरकारी वित्तीय हस्तानतरण | १२००००००००० | १०५१८४२२०५ | ८७.६५ | | | | १२००००००००० | १०५१८४२२०५ | ८७.६५ |
| अर्थ विविध | ११६७३३९९२० | | | २०३०४०५००० | | | ३१९७७४४९२० | | |
| **जम्मा** | **८६७६८२६०००** | **५२११०३०४७७** | **६०.०५** | **१७१००१९००००** | **८७१७०००५३६** | **५०.९८** | **२५७७७०१६०००** | **१३९२८०३१०१३** | **५८.१०** |

***नोटः*** *संघीय सरकारबाट विषयगत मन्त्रालयलाई समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानमा थप रकम हस्तान्तरण भई आएको हुँदा विषयगत मन्त्रालय शीर्षकमा उल्लिखित बजेट रकम र प्रस्तुत अनुसूचीमा उल्लिखित बजेट रकममा केही फरक देखिन गएको छ। साथै अर्थ विविधबाट भएको रकमान्तर अन्य मन्त्रालय/निकायको खर्चमा समावेश गरिएको हुँदा अर्थ विविधको खर्चमा छुट्टै समावेश नगरी अर्थ विविधबाट दिइएको अख्तियारीलाई घटाएर अर्थ विविधमा कायम रहेको रकम मात्र देखाइएको छ।*

## आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण (कूल विनियोजन र खर्च)



# अनुसूची-२

## आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण (२०७७ वैशाख मसान्तसम्म)

| मन्त्रालय/निकायको नाम | चालु | | | पूँजिगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत |
| प्रदेश सभा | १२१४००९९२ | ८४१३५३८४ | ६९.३० | ३६६२०००० | २२४३३१४६ | ६१.२६ | १५८०२०९९२ | १०६५६८५३० | ६७.४४ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २०५७७००० | १०९१२३५९ | ५३.०३ | १०००००० | २९५८०० | २९.५८ | २१५७७००० | ११२०८१५९ | ५१.९४ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३४०४६००० | १५३४०६००९ | २८.७३ | ८७१२५०००० | १४२१४८३५ | १.६३ | १४०५२९६००० | १६७६२०८४४ | ११.९३ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २०९३३१००० | ३८९५६२४९ | १८.६१ | २३३५०००० | २८८८५२७ | १२.३७ | २३२६८१००० | ४१८४४७७६ | १७.९८ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३९८२३६००० | ५०३४६७६६ | १२.६४ | २१४७००००० | ३१६१७२९९ | १४.७३ | ६१२९३६००० | ८१९६४०६५ | १३.३७ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३१२९५०६२८ | ३७९१२१६८४ | २८.८८ | ७३४५०३८५४ | ५०४५५३८५ | ६.८७ | २०४७४५४४८२ | ४२९५७७०६९ | २०.९८ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २२२२६७५८५० | ४०४७८८६२४ | १८.२१ | ३२०९५९००० | ९६४५२५२८ | ३०.०५ | २५४३६३४८५० | ५०१२४११५२ | १९.७१ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ८५५७२९००० | २५३५०२९६९ | २९.६२ | १६६८०६५०२९२ | ६०६५५१९४३६ | ३६.३६ | १७५३६३७९२९२ | ६३१९०२२४०५ | ३६.०३ |
| सामाजिक विकास मन्त्रालय | २८०१७३६००० | ९७७९७८१५७ | ३४.९१ | ८३९५९३००० | ९३७८०९२२ | ११.१७ | ३६४१३२९००० | १०७१७५९०७९ | २९.४३ |
| प्रदेश नीति तथा योजना आयोग | २८८५०००० | ११९५२२६१ | ४१.४३ | १८५००००० | १६५९०३७९ | ८९.६८ | ४७३५०००० | २८५४२६४० | ६०.२८ |
| अन्तर सरकारी वित्तीय हस्तानतरण | २५२६३०१००० | ११२५६६३२५३ | ४४.५६ | | | | २५२६३०१००० | ११२५६६३२५३ | ४४.५६ |
| प्रदेश लोकसेवा आयोग | १००००००० | १५८८२९ | १.५९ | | | | १०००००००० | १५८८२९ | १.५९ |
| अर्थ विविध | १२४३९३८५३० | | | १०७८९३८५४ | | | १३५१८३२३८४ | | |
| **जम्मा** | **१२२८५७७२०००** | **३४९०९२२५४४** | २८.४१ | **१९८४९०२००००** | **६३९४२४८२५७** | ३२.२१ | **३२१३४७९२०००** | **९८८५१७०८०१** | ३०.७६ |

***नोटः*** *संघीय सरकारबाट विषयगत मन्त्रालयलाई समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानमा थप रकम हस्तान्तरण भई आएको हुँदा विषयगत मन्त्रालय शीर्षकमा उल्लिखित बजेट रकम र प्रस्तुत अनुसूचीमा उल्लिखित बजेट रकममा केही फरक देखिन गएको छ। साथै अर्थ विविधबाट भएको रकमान्तर अन्य मन्त्रालय/निकायको खर्चमा समावेश गरिएको हुँदा अर्थ विविधको खर्चमा छुट्टै समावेश नगरी अर्थ विविधबाट दिइएको अख्तियारीलाई घटाएर अर्थ विविधमा कायम रहेको रकम मात्र देखाइएको छ।*

## आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण (कूल विनियोजन र २०७७ वैशाख मसान्तसम्मको खर्च)



## प्रदेश सरकार

# गण्डकी प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## पोखरा, नेपाल


**फोन नं. ०६१-४६७९३०, फ्याक्सः ०६१-४६७८८०**

Email: moeap.gandaki@gmail.com, Website: moeap.gandaki.gov.np



मुद्रणः गोरखाली अफसेट प्रेस, पोखरा

फोनः ०६१-५३६९५६,

मुद्रण संख्याः २०० प्रति

प्रकाशन मितिः २०७७ असार १